# महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र “अफ्रिकन अमिगो” कथा सङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज
स्नातकोत्तर तह दोस्रो वर्षको
दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत

## शोध–पत्र


प्रस्तोता
**ओमनाथ उपाध्याय**
शै.स. २०६१-०६३
क्रमाङ्क नं. : ५९७०
रजिस्ट्रेसन नं. : ४३९३१-९०
नेपाली विभाग
**महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज**

२०६८

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम.ए. (शैक्षिक वर्ष २०६२/०६३) दोस्रो वर्षका विद्यार्थी ओमनाथ उपाध्यायले **महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र 'अफ्रिकन अमिगो' कथा सङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि महेन्द्र बहुमुखी क्याम्पस नेपाली शिक्षण विभाग समक्ष सिफारिस गर्दछु ।

.......................................

(डा. गोपालप्रसाद शर्मा अधिकारी)

शोध निर्देशक

महेन्द्र बहुमुखी क्याम्पस

नेपाली शिक्षण विभाग

मितिः २०६८।११।०३

त्रिभुवन विश्वविद्यालय

**महेन्द्र बहुमुखी क्याम्पस**

नेपाली शिक्षण विभाग

नेपालगन्ज

# स्वीकृति पत्र

स्नातकोत्तर तह नेपाली द्वितीय वर्षका विद्यार्थी ओमनाथ उपाध्यायद्वारा यस नेपाली विभागमा प्रस्तुत **महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र "अफ्रिकन अमिगो"** कथा सङ्ग्रहको कृतिपरक अध्ययनलाई नेपाली विषयमा स्नातकोत्तर तह उपाधिका निम्ति स्वीकृति प्रदान गरिएको छ ।

## शोध–पत्रको मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| ............................ | ...................... | ...................... |
| (डा. गोपालप्रसाद शर्मा अधिकारी) | बाह्य परीक्षक | (गिरिराज पौडेल) |
| शोध निर्देशक | | विभागीय प्रमुख |

मितिः २०६८।११।१८

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षण समितिको स्नातकोत्तर तह दोस्रो वर्ष दसौं पत्रको प्रयोजन पुरा गर्न **महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र 'अफ्रिकन अमिगो' कथा सङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको यो शोधपत्र मैले आदरणीय गुरु डा. गोपालप्रसाद शर्मा अधिकारीज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । यस शोधपत्रको छनोट, परीक्षण, सुझाव, सल्लाह र निर्देशनका लागि म उहाँप्रति विशेष आभार प्रकट गर्दछु । यस शोधपत्रको स्वीकृतिका लागि अवसर मिलाइ दिनुहुने त्रि.वि. महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्जका विभागीय प्रमुख आदरणीय गुरु श्री गिरिराज पौडेलप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै प्रकार वैचारिक, सैद्धान्तिक र व्यवहारिक सरसल्लाह प्रदान गरी यस कार्यलाई सहज बनाउन अतुलनीय सहयोग गर्नुहुने आदरणीय गुरुद्वय श्री महानन्द जोशी एवम् श्री प्रदीपप्रसाद ज्ञवालीज्यूप्रति हृदयतः आभारी छु ।

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको अध्ययनसम्म ल्याई पुऱ्याउन हरपल तल्लीन रहनुहुने पूजनीय मातापिताप्रति सभक्ति कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्रको तयारी गर्दा सहयोगी बन्नुहुने मित्र श्री नारायणप्रसाद तिमिल्सेना, श्री कर्ण शाह, श्री फणेन्द्रराज रेग्मी, श्री कीर्तिसिंह बम, श्री यज्ञराज ज्ञवाली एवम् अर्जुनबहादुर ठकुल्ला लगायत ऐश्वर्य छात्राबासमा कार्यरत सम्पूर्ण शिक्षक-कर्मचारीप्रति पनि हार्दिक कृतज्ञता अर्पण गर्दछु । प्रस्तुत शोधपत्र सावधानीपूर्वक टङ्कण गर्ने, मुद्रण गर्ने कार्यको ठूलो अभिभारा ग्रहण गरी सहयोग गरिदिनु हुने कसुमी डेस्कटप टीकापुरका सञ्चालक श्री कमल के.सी.प्रति पनि आभार व्यक्त गर्नुका साथै हार्दिक धन्यवादसमेत प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय महेन्द्र बहुमुखी क्याम्पस, नेपाली शिक्षण समिति समक्ष पेश गर्दछु ।

.........................

शोधार्थी

(ओमनाथ उपाध्याय)

**महेन्द्र बहुमुखी क्याम्पस**

नेपालगन्ज, बाँके

# संक्षेपीकरण सूची

| **संक्षेपीकृत शब्द** | **साङ्केतिक अर्थ** |
| --- | --- |
| शै.स. | शैक्षिक सत्र |
| डा. | डाक्टर |
| पृं.सं. | पृष्ठ सङ्ख्या |
| वि.सं. | विक्रम सम्बत् |
| स्व. | स्वर्गीय |
| प्रा. | प्राध्यापक |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# विषय सूची

## परिच्छेद - एक

## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोधको प्रयोजन | १ |
| १.३ | विषय परिचय | १ |
| १.४ | समस्या कथन | १-२ |
| १.५ | शोधको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २-७ |
| १.७ | शोककार्यको औचित्य, महत्व र उपयोगिता | ७ |
| १.८ | प्राक्कल्पना | ७ |
| १.९ | अध्ययनको सीमाङ्कन | ७ |
| १.१० | सामग्री सङ्कलन विधि | ७-८ |
| १.११ | सैद्धान्तिक ढाँचा र शोध विधि | ८ |
| १.१२ | शोधपत्रको रुपरेखा | ८ |


## परिच्छेद - दुई


| | | |
|---|---|---|
| २. | महेशविक्रम शाहको जीवनी र व्यतित्वको अध्ययन | ९ |
| २.१ | जन्मकाल, जन्मस्थान, बाबुआमा र नामकरण | ९ |
| २.२ | पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि | ९-१० |
| २.३ | शोधनायक महेशविक्रम शाहका अनुसार (सन्दर्भ) | १० |
| २.४ | बाल्यकाल | ११-१२ |
| २.५ | शिक्षादीक्षा | १२-१४ |
| २.६ | पारिवारिक स्थिति | १४-१६ |

२.७ साहित्य लेखनको प्रेरणा १६-१७

२.८ लेखनको शुभारम्भ र निरन्तरता १८-१९

२.९ स्वभाव र रुचि १९-२०

२.१० भ्रमण २०

२.११ जीवनका विशेष घटनाहरु २०-२१

२.१२ सम्मान तथा पुरस्कार २१-२२

२.१३ जीवन दर्शन २२

२.१४ महेशविक्रम शाहको व्यक्तित्व २२-२७

२.१५ महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र साहित्य लेखनका बिच अन्तर्सम्बन्ध २७

## परिच्छेद-तीन

३. कथाकार महेशविक्रम शाहको कथा-यात्रा तथा 'अफ्रिकन अमिगो' कथा सङ्ग्रहका कथाहरुको वर्गीकरण र ती कथामा पाइने प्रवृत्तिहरुको अध्ययन २८

३.१ कथाकारको साहित्यिक परिचय २८-३०

३.२ चरणगत वर्गीकरण ३०-३७

३.३ 'अफ्रिकन अमिगो' कथा सङ्ग्रहका कथाहरुको वर्गीकरण ३८-३९

३.४ कथाकार महेशविक्रम शाहको 'अफ्रिकन अमिगो'मा देखिएका कथागत प्रवृत्तिहरु ४०-४१

३.५ निष्कर्ष ४२-४३

## परिच्छेद-चार

४.१ 'अफ्रिकन अमिगो' कथाको विश्लेषण ४४-४५

४.२ 'यात्राहरु जुन कहिल्यै टुङ्गिदैनन्' कथाको विश्लेषण ४६-४७

४.३ 'माघी' कथाको विश्लेषण ४८-४९

४.४ 'पुनरागमन' कथाको विश्लेषण ५०–५१
४.५ 'सरजु लाला' कथाको विश्लेषण ५२–५३
४.६ 'मेरी पाटु' कथाको विश्लेषण ५४–५५
४.७ 'चिहान' कथाको विश्लेषण ५६–५७
४.८. 'चियाइरहेका सपनाहरु' कथाको विश्लेषण ५८–५९
४.९ 'किमधाराको खर्क' कथाको विश्लेषण ६०–६१
४.१० 'मृगतृष्णा' कथाको विश्लेषण ६२–६३
४.११ 'चोखाउनी' कथाको विश्लेषण ६४–६५
४.१२ 'चरकी' कथाको विश्लेषण ६६–६७
४.१३ 'गाउँमा हलचल' कथाको विश्लेषण ६८–६९
४.१४ 'फागुको रङ्ग' कथाको विश्लेषण ७०–७१
४.१५ 'मान्छे र प्रकृति' कथाको विश्लेषण ७२–७३
४.१६. 'अफ्रिकन अमिगो' कथा सङ्ग्रहका कथाहरुलाई निम्न आधारहरुमा पनि अध्ययन ७४–७७

## परिच्छेद–पाँच

५. नेपाली कथा साहित्यमा कथाकार महेशविक्रम शाहको योगदानको मूल्याङ्कन ७७
५.१ योगदान र निष्कर्ष ७७–७८
५.२ परिच्छेदगत निष्कर्ष ७९–८१
५.३ शोधपत्रको समग्र निष्कर्ष ८१–८२
५.४ शोध सार ८३–८७
सन्दर्भग्रन्थ सूची
परिशिष्ट

# परिच्छेद - एक

# शोध परिचय

## १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक 'महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र अफ्रिकन अमिगो कथा सङ्ग्रहको कृतिपरक अध्ययन' रहको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअर्न्तगत महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

सुदूरपश्चिमका नेपाली साहित्यका एक प्रतिभाशाली युवा आख्यानकार महेशविक्रम शाहको जन्म वि.सं. २०२२ साल भाद्र १५ गते अछाममा भएको हो । महेशविक्रम शाह नेपाली साहित्यका नवोदित प्रतिभा हुन् । वि.सं. २०३६ सालमा महेन्द्रनगरबाट प्रकाशित 'साप्ताहिक वार्ता' पत्रिकाबाट यिनले औपचारिक कथा यात्रा शुरु गरेका हुन् । तत्कालीन टीकापुर आवासीय माध्यमिक विद्यालय (हालको वीरेन्द्र विद्यामन्दिर) मा अध्ययन गर्दादेखि नै कथा, कविता र नाटक विधामा कलम चलाएका हुन् । टीकापुर भूतपूर्व विद्यार्थी समाजको स्थापनामा पनि यिनको योगदानलाई भुल्न सकिदैन । यिनको सटाहा (२०५३), सिपाहीकी स्वास्नी (२०५९), अफ्रिकन अमिगो (२०६०), छापामारको छोरो (२०६३) र काठमाडौंमा कामरेड (२०६५) कथा सङ्ग्रह प्रकाशित भएका छन् । शाह छापामारको छोरो कथा सङ्ग्रहको लागि २०६४ सालमा मदन पुरस्कारबाट सम्मानित भइसकेका छन् । पेशाका दृष्टिले नेपाल प्रहरीमा नायव उपरीक्षक पदमा कार्यरत शाहको जग्गाजमिन कैलालीको अमरावती र स्थायी बसोबास काठमाडौं महाराजगन्जमा रहेको छ । कथाकारको **छापामारको छोरो** कथा सङ्ग्रहमा शोधपत्र भइसकेको तर यिनको जीवनी, व्यक्तित्व र **अफ्रिकन अमिगो** कथा सङ्ग्रहमा शोधपत्र नभएकोले यसलाई यहाँ शोधको विषय बनाइएको छ ।

## १.४ समस्या कथन

आधुनिक नेपाली कथा क्षेत्रका यथार्थवादी र मनोवैज्ञानिक कथाकार महेशविक्रम शाहको जीवनी र व्यत्तित्वको विषयमा गहन रुपमा शोधखोज नभएको र यिनको **अफ्रिकन अमिगो** कथा सङ्ग्रहको विषयमा पनि अध्ययन भनएकोले यो शोधको लागि एउटा समस्याको रुपमा रहेको छ । यिनै विषयलाई आधार बनाउँदा शोधकार्यको समस्या निम्न लिखित रहेका छन् :

१. महेशविक्रम शाहको जीवनी व्यक्तित्वका पक्षहरु के-कस्ता छन् ?

२. महेशविक्रम शाहको कथायात्रा तथा **अफ्रिकन अमिगो** कथा सङ्ग्रहको कृतिपरक अध्ययन कसरी गर्न उपयुक्त हुन्छ ?

३. आधुनिक नेपाली कथा साहित्यमा शाहको योगदान के कस्तो रहेको छ ?

## १.५ शोधको उद्देश्य

नेपाली साहित्यका युवा आख्यानकार महेशविक्रम शाहको प्रस्तावित शोधको उद्देश्य निम्न अनुसार रहेका छन् :

१ महेशविक्रम शाहको जीवनी र व्यक्तित्वको अध्ययन गर्ने,

२. महेशविक्रम शाहको **अफ्रिकन अमिगो** कथा सङ्ग्रहको कृतिपरक अध्ययन गर्ने,

३. महेशविक्रम शाहका कथागत प्रवृत्तिहरुको निरुपण गर्ने र नेपाली कथा साहित्यमा यिनको योगदानको मूल्याङ्कन गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

कथाकार महेशविक्रम शाहले नेपाली कथा क्षेत्रको इतिहासमा छोटो समयमा पनि ८४ ओटा कथाहरु प्रकाशित गरिसकेका छन् । उनले अधिकांश कथाहरु युद्धकालीन समयमा नेपाल र नेपालीहरुले भोगेका, देखेका र सुनेका दुःख पीडामा आधारित भएर लेखेका छन् । यी र यस्तै उत्कृष्ट सफल र यथार्थताले भरिएका कथाहरु लेखेवापत उनले मदन पुरस्कार जस्तो प्रतिष्ठित ठूलो धनराशी भएको पुरस्कार प्राप्त गर्नुको साथै अन्य धेरै राष्ट्रिय पुरस्कार हात पारिसकेका छन् । यस्ता प्रतिभाशाली कथाकारका विषयमा अझै समग्र रुपमा शोध, अध्ययन तथा अनुसन्धान हुन बाँकी नै देखिन्छ । यिनको कथाका

सिद्धान्त वा तत्वका आधारमा मूल्याङ्कन नभई केवल यिनकै अनुरोध पश्चात् विभिन्न साहित्यकारले यिनको कृतिमा भूमिका लेखन, फुटकर लेखरचना तथा टिकाटिप्पणी जस्ता कार्यहरु प्रशस्त भएको देखिन्छ । यहाँ तिनै कार्यलाई क्रमशः पूर्वकार्यका रुपमा निम्नानुसार चर्चा गरिएको छ ।

**सिपाहीकी स्वास्नीमा समयको विस्फोट** भन्ने शीर्षकमा युवराज नयाँघरेले ‘‘मानवीय सचेतनालाई टपक्क टिप्ने कथाकार शाह तरल र सरल सिर्जना गर्न रुचाउँछन् । ग्राम बोलीचाली र अबोध समाजलाई असाध्यै राम्रोसँग खिचेका छन् । मानवीय मूल्यमा विघटन र प्रहारको निरन्तर प्रताडनामा नेतृत्व दिने चरित्रको सचित्र वृत्तान्त पनि उत्तिकै र उस्तै गहकिलो ढङ्गमा गरेका छन् । प्रत्येक घटना र पात्रका सहानुभूति र करुणा उमार्ने खुबी कथाकारले गरेका छन् ।’’[१] भन्दै शाहको कथा लेखनको क्षमता, प्रतिभा र मौलिकताको प्रशंसा गरेका छन् । सुप्रसिद्ध कथाकार गोविन्दबहादुर मल्ल गोठाले कथाकार मशेशबिक्रम शाहका कथाहरु पढ्ने गर्दछन् र पढिरहन पाऊँ भन्ने अपेक्षा पनि गर्दछन् । **अफ्रिकन अमिगो** कथा सङ्ग्रहदेखि **काठमाडौंमा कामरेड** (काठमाडौं, समग्र प्रकाशन, २०६५) कथा सङ्ग्रहका कथाहरु पढेर कथा सङ्ग्रहको विमोचनमा मन्तव्य दिने क्रममा होस् वा भूमिका खण्डमा होस् गोठालेले कथाकार शाहको कथालेखनको प्रसंशा गर्दै भनेको छन्- ‘‘महेशका कथाहरु पढ्दा मलाई लाग्यो, यिनी कथाका राम्रा शिल्पी हुन् । महेशको उमेर धेरै बाँकी छ । यस्तै राम्रा-राम्रा कथाहरु लेख्ने छन् । कस्तो मिठो कथा पढूँपढूँ लाग्ने, लेखे जति सबै पढ्न पाए हुन्थ्यो । उनका कथाहरु सामाजिक अर्न्तद्वन्द्वको अभिलेख हो ।’’[२] त्यस्तै शारदा पत्रिकामा अशेष मल्लको पढेको कृतिमा राम्रा लागेका कुनै छन् कि ? भन्ने प्रश्नको उत्तरमा “महेशका कथाहरु पढ्दा भविष्यमा उनले कथाको युगलाई हाक्ला जस्तो लाग्दछ । आजको साहित्य निकै उन्नत छ’’- भन्ने सटिक जवाफले शाहको कथाकारिताको उच्च मूल्याङ्कन भएको पाइन्छ, यसरी छापामारको छोरो कथासङ्ग्रहको भूमिकाखण्डमा गोठालोले ‘‘नेपाली साहित्यको आकासमा श्री महेशविक्रम शाहका द्वन्द्व कथाले नेपाली साहित्यलाई धेरै धेरै माथि उठाएको छ भन्ने मलाई लागेको छ” भनी शाहका द्वन्द्व कथा पढेर निकै हौसिएको अभिव्यक्तिहरु प्रकट गरेका छन् । महेशविक्रम शाह पछिल्लो कथासङ्ग्रह काठमाण्डौंमा कामरेडको समिक्षा खण्डमा उपयुक्त कुरालाई दोऱ्याउदै भनेका छन् -‘‘महेशविक्रम शाहका कथाहरु पढ्दा उनी कथाको युग हाक्लान् जस्तो लाग्दछ ।” गोठालोले विभिन्न कृतिका लागि विभिन्न समयमा दिएको अभिव्यक्तिहरुले कथाकार शाहलाई आफ्नो कथा यात्रामा थप टेवा पुगेको छ । कथाकार महेशविक्रम शाहको

१. युवराज नयाँघरे, **सिपाहीकी स्वास्नीमा समयको विष्फोट** काठमाडौं, **जनभावना साप्ताहिक**, ११ कार्तिक २०५९ पृ.९
२. गोविन्दबहादुर मल्ल गोठाले, **महेशका सबै कथा पढ्ने रहर छ,** काठमाडौं, **स्पेस टाइम** दैनिक, ११ फागुन २६१ पृ. ५

व्यक्तित्व, बौद्धिकता र प्रतिभालाई राम्रोसँग जाँचेका प्रसिद्ध साहित्यकार एवं समालोचक डा.गोविन्दराज भट्टराईले विभिन्न ठाउँमा शाहको मूल्याङ्कन यसरी गरेका छन् । ''साँच्चै महेश विक्रममा त्यो शक्ति छ मुटुहरु हल्लाईदिन सक्ने उनी एउटा यथार्थवादी कथाकार हुन् । उनी दुःखलाई अत्यन्तै नजिकबाट सुक्ष्म चेतनाले सुँघ्न सक्दछन्, हेर्न सक्दछन्, छाम्न सक्दछन् । यही जीवन्ततालाई पाठक समक्ष प्रस्तुत गर्न सक्दछन् ।''[३] भनेर यथार्थवादी सशक्त कथाकारका रुपमा शाहलाई लिएका छन् । अफ्रिकन अमिगो कथासङ्ग्रहलाई लिएर आफ्नो कथाकारितालाई उच्च परिस्कारसँग उपस्थित भएका छन् । उनका कथामा अनन्य विशेषता हो, स्थानीय चित्र । उनका स्थानीय चित्रमा पश्चिम नेपालको पिडा, दुःख, पाखा, पर्वत, तराईका बस्तीहरु र अफ्रिकन भू-भाग पर्दछन् । पहाडतिरका पात्रहरु स्थानीय नेपाली भाषिकामा जीवनका कष्टहरु बोल्दछन्, तराईका पात्रहरु त्यतैको बोलीमा बोल्दछन् । बोली, स्थान र पात्रले स्थानीय चित्र उतार्दैन, त्यहाँको माटोमा उम्रेर त्यही हुने पात्रहरु तिनीहरुको संस्कार, चिन्तन, दिनचर्या, परिवेश तथा भू-आकृति, प्राकृतिक परिवेश तथा समग्रता छर्लङ्ग भएर आएकोले यिनका कथा स्थानीय चित्रको बेजोड नमूना बनेका छन् । यसैले उनी खुबै प्रसंशित भएका छन् । द्वन्द्व र युद्धका कथाका सम्पादक गोविन्दराज भट्टराई र विष्णुविभू घिमिरेले-''महेशविक्रम शाहको साधनाको विधा कला हो । उनी यसमा उदाएको एक दशक मात्र भएको छ तर यिनको आगमन अन्यन्तै सशक्त भएको छ । त्यसै कारणले उनले समकालीन युवा पुस्ताका कथा लेखकहरुमध्ये आफ्नो स्थान अग्रपंक्तिमा सुरक्षित राखेका छन् ।''[४] भनेर छोटो समयमा धेरै चर्चा पाउने सबैभन्दा सफल कथाकारका रुपमा मूल्याङ्कन गरेका छन् । शाहको पछिल्लो कथा सङ्ग्रह **काठमाडौंमा कामरेड**को समीक्षा खण्डमा भट्टराईले-महेशविक्रम कथा कालखण्डका सशक्त अभिलेख हुन् । **छापामारको छोरो** पढ्दा समयले आफ्नै पीडाको वाणी सुन्यो । त्यो बहुपठित, बहुप्रशंसित र पुरस्कृत भयो । प्रस्तुत सङ्ग्रहमा जनआन्दोलन समाप्ति पछिको नेपाल छ, खासगरी काठमाडौं । यसमा उच्चउच्च मनोबल बोकेर युद्ध लड्नेहरु सामान्य जीवनमा ओर्लंदाको अनुभूति, चिन्ता, अन्योल र अप्ठेराका जीवन्त परिस्थिति छन् । परिवर्तनको नारा र व्यवहारका बीचमा देखिने खाडल छन् । महेशको प्रत्येक व्यक्तिपात्रले राष्ट्रको प्रतिनिधित्व गर्दछ ।'' यो साहित्य लेखिएको इमान्दार, कलात्मक निष्पक्ष इतिहास हो भन्दै-“साँच्चै महेशविक्रम त्यो शक्ति मुटुहरु हल्लाइ दिन सक्ने उनी एउटा यथार्थवादी कथाकार हुन् ।” भट्टराईले कथाकार शाहलाई युद्ध साहित्यका सफल र बेजोड सर्जक ठान्नुका साथै यस्तो कथा लेख्ने अर्को साहित्यकार छैनन् भन्न समेत पछि परेका छैनन् ।

३. गोविन्दराज भट्टराई, **भूमिका, छापामारको छोरो**, काठमाडौं, साझा प्रकाशन, २०६३
४. गोविन्दराज भट्टराई र विष्णुविभू घिमिरे, **द्वन्द्व र युद्धका कथा**, काठमाडौं, समग्र प्रकाशन, २०६३

सुप्रसिद्ध आख्यानकार रमेश विकलले "महेशले कथाहरुमा आञ्चलिकताले प्रमुखता पाएको तथा अनुभूतिको सघनता र सहज प्रस्तुतिका कारण उनका कथाहरु पठनीय हुनेछन् ।"[५] **नेपाल एक्सप्रेस** पत्रिकाका सागर गैरेले शाहका बारेमा आफ्नो विचार यसरी व्यक्त गरेका छन्-"कथाकार शाहका कथाहरुमा पाइने कुराहरु जम्माजम्मी भन्नुपर्दा शब्दशक्ति, माटोको माया अनि प्रकृति प्रेमलाई उतारेका छन् । आफ्ना विभिन्न तितामिठा सम्झनाहरुबाट अरु धेरै कथाहरुले पनि मलाई आफ्नै सेरोफेरोको आभास गराइरहे।"[६] **स्पेस टाइस**मा मणि लोहनीले-"केही छैन जीवनभन्दा ठूलो रहस्य" भन्ने शीर्षकमा "महेशको लेखाइमा कुनै कृत्रिमता छैन । शब्द प्रयोग र भावमा अस्वाभाविकता छैन । उनी जीवनको सशक्त पाटोलाई समात्छन् र कथामा जीवनकै कुरा गर्दछन् । मान्छे र मान्छेको जीवनभन्दा टाढा उनलाई जानु छैन । विशेष गरी आञ्चलिकता र विदेशी भावभूमिमा कथा साहित्यको राजपथमा उनी अब्बल मानिन्छन् । यही मानेमा उनी समकालीन कथाकारभन्दा भिन्न छन् ।"[७] **कान्तिपुर दैनिक**को कोसेलीमा देवेन्द्र भट्टराईले शाहको क्षमतालाई यसरी व्यक्त गरेका छन्-"४० वर्षे महेशबिक्रमका लागि यसरी कथाकारका रुपमा नाम दिनु कहिल्यै नसोचेको कुरा हो । मान्छेको संवेदना नजिकबाट छाम्न सकिने प्रहरी सेवाप्रति उनी जति जिम्मेवार छन्, उति नै लेखिने कथाका लक्ष्यप्रति बफादारी देखाउनु पर्ने समय आएको छ । साहित्यकार नबन्ने प्रण गरेका उनै महेश परिवन्धले नै सही अहिलेको पुस्तामा गनिएका कथाकर्मी बनेका छन् ।"[८]

मोहनराज शर्मा र राजेन्द्र सुवेदीको समसामयिक साझा कथा पुस्तकमा 'कथाकार र सङ्कलित कथा' शीर्षकमा महेशविक्रम शाहको साहित्यिक परिचय दिइएको छ । त्यस क्रममा महेशविक्रम शाहले माओवादी जनयुद्धको बिगबिगी चलेपछि विकसित भएको विभीषिकालाई **सिपाहीकी स्वास्नी** कथामार्फत् देखाउन खोजेको कुरा सम्पादकद्वयले उल्लेख गरेका छन् ।

देवेन्द्र भट्टराईले कान्तिपुर दैनिकको कोसेलीमा 'सिपाहीका कथाहरु' भन्ने शीर्षक दिएर कथाकार महेशविक्रमशाहका कथाका बारेमा लेख्छन्-"महेशविक्रम शाहले लेखेका कथा पढ्ने हो भने मनभरि सहजै शोक फैलन सक्छ । खुमाजस्तै, सिपाहीकी स्वास्नी जस्तै, छापामारको छोरो जस्तै, चम्पी र सटाहामा जस्तै मन मस्तिष्कमा संवेदनाको पहिरो जानसक्छ ।" उल्लेखित भनाइमा महेशविक्रम शाहका कथाहरु मानवीय संवेदना उमार्ने खालको प्रभावोत्पादक र मार्मिक भएको जानकारी पाइन्छ ।

५. रमेश विकल, **स्पेस टाइम्स** दैनिक (काठमाण्डौं, ११ फागुन, २०६०)
६. सागर गैरे, **नेपाल एक्सप्रेस** पत्रिका (नेपालगन्ज, १५ फागुन, २०६१)
७. मणि लोहनी, **केही छैन जीवनभन्दा ठूलो रहस्य,** काठमाडौं, स्पेस टाइम दैनिक (१५ फागुन, २०६१)
८. देवेन्द्र भट्टराई, काठमाडौं, **कान्तिपुर दैनिक, कोसेली,** (२६ चैत्र, २०१६)

गोविन्दबहादुर मल्ल गोठालेले शारदा पत्रिकामा अशेष मल्ललाई दिएको अर्न्तवार्तामा 'अर्को जन्ममा पनि लेखक नै बन्न पाइयोस्' भन्ने शीर्षक दिएर महेशविक्रम शाहका कथाहरु राम्रा छन् त्यसैले उनले भविष्यमा कथाको युग हाँक्लान् जस्तो छ भन्दै महेशविक्रम शाहको भावी कथा यात्राबारे भविष्यवाणी गरेका छन् ।

अनमोलमणिले **सौगात** पत्रिकामा 'फ्युजन कथाकार' भन्ने शीर्षकमा बाहिरबाट हेर्दा महेशविक्रम पेशागत व्यवहारिक जीवन र साहित्य सिर्जना असुहाउँदो जस्तो देखिन्छ । उनले प्रहरी महेश र साहित्यकार महेशबाट अलग-अलग प्रवृत्ति सिकेका हुन् भन्ने कुरा उल्लेख गर्दछन् । उनका अनुसार प्रहरी महेशबाट उनले शिष्टता र सौम्यता सिके भने साहित्यकार महेशबाट अनुशासित लेखक हुन सिके । यी दुवैको फ्युजन नै महेशविक्रम शाह हुन् । यसरी अनमोलमणिले व्यक्ति महेशलाई प्रहरी महेश र साहित्यकार महेशको फ्युजन मान्दछन् ।[९]

कुमार आलेले **कान्तिपुर** दैनिकमा 'छापामारको छोरो लेख्ने प्रहरी' शीषक दिएर शाहको कथामा आञ्चलिकता हुन्छ र नाटकीय घटनाक्रम पनि हुन्छ भन्दै शाहको कथामा पात्रको अर्न्तद्वन्द्वको मिहिन विश्लेषण गरिएका उनका खुमा, चिहान, सिपाहीकी स्वास्नी लगाएतका कथामा नाटक पनि खेलिएका छन् भन्ने कुरा उल्लेख गर्दछन् ।[१०]

राजकुमार बाँनियाले **नेपाल** पत्रिकामा 'भूमिशिल्पी' शीर्षक दिएर प्रहरी महेशविक्रम शाहभित्र स्रष्टा छ, स्रष्टा महेशबिक्रमभित्र प्रहरी छ भन्दै प्रहरी महेश र स्रष्टा महेशलाई परिपूरकका रुपमा लिइएको पाइन्छ । त्यसैगरी बाँनियाका अनुसार महेशविक्रम शाहमा पात्रको संवेदना अनि घटनाको आन र तान नियन्त्रणमा लिने चामत्कारिक शैली छ ।[११]

मनु ब्राजाकीले **काठमाडौंमा कामरेड** कथा सङ्ग्रहमा 'महेशबिक्रमका कथा पढेपछि' भन्ने शीर्षक दिएर उक्त कथा सङ्ग्रहको भूमिका लेखेका छन् । त्यस क्रममा शाहको कथा लेखनशैली कतै वर्णनात्मक, कतै प्रतीकात्मक र कतै बिम्बद्वारा सजिएको छ भन्दै शाहका कथा वर्णनात्मक शैली सरल र सलल्ल बगेको छ भन्ने कुरा उल्लेख गर्छन् । प्रतीक र बिम्बद्वारा सजिएका कथाहरु पनि दुर्बोध्य छैनन् । पाठकले टाउको दुखाउनु र अलमलिनु पर्दैन भन्दै कथाकार शाहको कथा लेखनशैलीको प्रशंसा गरेको पाइन्छ ।[१२]

उपर्युक्त पूर्वकार्यको विवरणहरुद्वारा महेशविक्रम शाहको कथाहरुको बारेमा र यिनको कथालेखन शैली, कथा लेखनको सिप तथा खुबी, कथाका विषयवस्तु आदिबारे

९. अनमोलमणि, **'फ्युजन कथाकार' सौगात** (१२ असोज, २०६४)
१०. कुमार आले, **'छापामारको छोरो लेख्ने प्रहरी' कान्तिपुर** दैनिक (१५ असोज, २०६४)
११. राजकुमार बाँनिया, **'भूमिशिल्पी'** **नेपाल** पत्रिका (२७ असोज, २०६४)
१२. मनु ब्राजाकी, **'महेशबिक्रमका कथा पढेपछि'** (**भूमिका**, काठमाडौं, समग्र प्रकाशन २०६४)

धेरैथोरै विश्लेषण भएको पाइन्छ । कथाकार महेशविक्रम शाहको बारेमा भएका यी टिप्पणीहरुबाट पनि थाहा पाउन सकिन्छ कि शाह युद्ध कथा सङ्ग्रहका प्रथम रचनाकार, सामाजिक यथार्थवादी कथाकार, सरल र सहज भाषाका प्रयोक्तासमेत हुन् ।

यसरी प्रस्तुत शोधपत्रले महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र अफ्रिकन अमिगो कथा सङ्ग्रहको अध्ययन गरेको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

पूर्व कार्यको समीक्षाबाट महेशविक्रम शाहको जीवनी, व्यत्तित्व र **अफ्रिकन अमिगो** कथाको अध्ययन नभएकोले यसको अध्ययनको औचित्य, महत्व र उपयोगिता छ भन्ने कुरा स्वतः प्रमाणित हुन्छ ।

## १.८. प्राक्कल्पना

आधुनिक कथाको क्षेत्रमा महेशविक्रम शाह एक कुशल कथाकार हुन् । प्रस्तुत शोधपत्रमा महेशविक्रम शाहको जीवनी र व्यक्तित्वको अध्ययन गरिएको छ र यिनको कथायात्राको पहिचान गरी **अफ्रिकन अमिगो**का कथाहरुको वर्गीकरण गरी कृतिपरक अध्ययन गरिएको छ ।

## १.९. अध्ययनको सीमाङ्कनः

प्रस्तुत् शोधपत्रको क्षेत्र र सीमा महेशविक्रम शाहको जीवन र व्यक्तित्वको अध्ययनको साथै **अफ्रिकन अमिगो** कथा सङ्ग्रहको कृतिपरक अध्ययनमा सीमित रहनेछ ।

## १.१०. सामग्री संकलन विधि

यस शोधकार्यको निर्माण गर्दा सामग्री संकलनको रुपमा प्राथमिक तथा द्वितीय दुवै प्रकारका स्रोतहरु उपयोग गरिएको छ । प्राथमिक स्रोतको रुपमा स्वयम् लेखकलाई भेट्ने तथा निजको परिवार, साथीसङ्गी, शिक्षक र उनका सम्पर्कमा रहेका व्यक्तिहरुबाट सामग्री संकलन गरिएको छ भने द्वितीय स्रोतको रुपमा उनका प्रकाशित पत्रपत्रिका तथा पुस्तकालयमा रहेका पुस्तकहरुको प्रयोग गरिएको छ ।

## १.११ सैद्धान्तिक ढाँचा र शोधविधि

यस शोधकार्यको अध्ययन विधिअन्तर्गत महेशविक्रम शाहको जीवनी र व्यक्तित्वको महत्वपूर्ण पक्षहरुको सयमअनुसारको टिपोट र आवश्यक रुपमा व्याख्या गरिएको छ । यिनको व्यक्तित्व, कृतित्व एवं कथा प्रबृत्तिको अध्ययनका साथै **अफ्रिकन अमिगो** कथा सङ्ग्रहको विश्लेषण र वर्गीकरण विधागत आधारमा गरिएको छ । शोधकार्यको सामग्री

संकलन गर्ने क्रममा पत्रपत्रिका, लेख, रचना आदिलाई आधार बनाएर सङ्कलित सामग्रीहरुको व्याख्या विश्लेषण गर्ने क्रममा वर्णनात्मक, विश्लेषणात्मक पद्धति अपनाइएको छ ।

## १.१२ शोधपत्रको रुपरेखा

यस शोधपत्रको निम्नलिखित रुपरेखा रहेको छ :-

परिच्छेद एक : शोधकार्यको परिचय

परिच्छेद दुई : महेशविक्रम शाहको जीवनी र व्यक्तित्वको अध्ययन

परिच्छेद तीन : कथाकार महेशविक्रम शाहको कथायात्रा तथा **अफ्रिकन अमिगो** कथा सङ्ग्रहका कथाहरुको वर्गीकरण

परिच्छेद चार : विधातत्वका आधारमा **अफ्रिकन अमिगो** कथा सङ्ग्रहका कथाहरुको कृतिपरक अध्ययन

परिच्छेद पाँच : नेपाली कथा साहित्यमा कथाकार महेशविक्रम शाहको योगदानको मूल्याङ्न

माथिका शीर्षकहरुलाई आवश्यकताअनुसार विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ ।

# परिच्छेद - दुई

## २. महेशविक्रम शाहको जीवनी र व्यक्तित्वको अध्ययन

महेशविक्रम शाह आधुनिक नेपाली कथा साहित्यका नवोदित प्रतिभा हुन् । उनले विद्यार्थी कालदेखि नै कथा सिर्जनातर्फ चासो देखाएको भए तापनि नेपाली कथा साहित्यको सिङ्गो परम्परामा एक सशक्त कथाकारको रुपमा उनी विगत दुई दशकदेखि स्थापित भएका छन् । यिनको **सटाहा** (२०५३) **सिपाहीकी स्वास्नी** (२०५९) **अफ्रिकन अमिगो** (२०६०), **छापामारको छोरा** (२०६३) कथा सङ्ग्रह प्रकाशित छन् । यी कथा सङ्ग्रहमध्ये **छापामारको छोरा** (२०६३) कथा सङ्ग्रहका निम्ति मदन पुरुस्कारबाट सम्मानित भएका छन् । त्यसैले यिनको जीवनी र व्यक्तित्व सम्बन्धमा शोधमूलक अध्ययन गर्ने क्रममा यस परिच्छेदमा शाहको जीवनी र व्यतित्वको विभिन्न पक्षमा प्रकाश पारिएको छ ।


### २.१. जन्मकाल, जन्मस्थान, बाबुआमा र नामकरण

वि.सं. २०२२ साल भाद्र १५ गते तदनुसार सन् १९६६ अगस्त ३१ का दिन कृष्ण पक्षको द्वादशी तिथि र सिंह राशी लिई जन्मेका बालक नै महेशविक्रम शाह हुन् । वंशपरम्परा अनुसार यिनको थर शाह हो । यिनको जन्म सेती अञ्चलअन्तर्गत पर्ने अछाम जिल्लाको वैजनाथ गा.वि.सं. वार्ड नं. ३ कालीमाटी गाउँमा भएको हो । उनी सुरतबहादुर शाह र विमला शाहका जेष्ठ सुपुत्र हुन् ।

### २.३. पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि :-

महेशविक्रम शाहको पैतृक थलो अछाम जिल्लाको कालीमाटी हो । उनी अछाम राज्यका प्रथम राजा देबचन्द्र शाहका वंशज हुन् । डोटी प्रदेशबाट सिंजा राज्य जुम्लामा आइपुगेका विलल्लभद्र, ब्राहम्णसँग सिंजापति महाराजाकी छोरी हारमता मैयाको विवाह भएपछि ती दुई दम्पत्तिको सम्बन्धबाट जन्मेका देवचन्द्र शाह वालिग भएपछि तत्कालीन सिंजापति महाराजले अछाम राज्य दिई अछामको बुदीथर्प भन्ने ठाउँमा आई यिनको राज्यामिषेक गराइदिएका थिए । त्यसपछि महेशविक्रम शाहको पुर्खाहरु स्थायी रुपमा त्यही बस्न थालेका थिए । उनका बाजे बज्यै देखिको वंशवृक्ष यस प्रकारको छ :

**वंशवृक्ष**




## २.४. शोधनायक महेशविक्रम शाहका अनुसार (सर्न्दभ)

महेशविक्रम शाहका पुर्खाको सम्बन्धमा खोजविन गर्दा उनीभन्दा दुई पुस्तापूर्वका स्व.चन्द्रबहादुर शाह + श्रीमती मन शाहका छोरा सुरतबहादुर शाह र कमलबहादुर शाह हुन् । श्री सुरत बहादुर शाह र श्रीमती विमला शाहबाट चार सन्तानको जन्म भएको छ । जेठा सन्तान महेशविक्रम शाह, विद्या शाह, भवना शाह र कान्छा भाइ उमेशविक्रम शाह हुन् । नेपालको सुदूरपश्चिम विकास क्षेत्रअन्तर्गत पर्ने सेती अञ्चल अछाम जिल्ला वैद्यनाथ गा.वि.सं. वार्ड नं. ३ कालीमाटीमा यिनको पुख्यौंली घर हो । यिनको बसोवास कैलाली जिल्लाको पथरैया गा.वि.सं. अमरावती र टीकापुर न.पा. वार्ड नं. ९ मा पनि रहेको छ । हाल बज्यै मन शाह, बुवा सुरतबहादुर शाह, आमा विमला शाह श्रीमती महिमा शाह, छोराहरु समग्र शाह र संविद शाह काठमाडौंस्थित महाराजगन्जमा स्थायीरुपमा बसोवास गरिरहेका छन् ।

## २.५. बाल्यकाल

बाल्यकाल जीवन यात्राको एक महत्वपूर्ण भाग हो । यस समयमा बाल मष्तिकमा पर्न गएका छापहरुले पछिसम्म अर्थात् जीवनको अन्तिम क्षणसम्म पनि प्रभाव पारिरहेका हुन्छन् । महेशविक्रम शाहको बाल्यकाल आफ्नै जन्मथलो अछामको पहाडी भू-भाग र कैलाली पथरैया र टीकापुरको भावर प्रदेशको समथल भू-भागमा खेल्दै रमाउँदै बितेको थियो तसर्थ महेशविक्रम शाहको बाल्यकाल सुखद रुपमा बितेको थियो । बुवा-आमाको न्यानो काख तथा आफन्तको न्यानो मायामा हुर्कने अवसर पाएका महेशविक्रमले बाल्यकालमा कुनै ठुलो दुःख र सङ्कटहरु भोग्नु परेन । यिनको बाल्यकालीन व्यत्तित्व निर्माणमा आफ्ना बुवाको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । बुवाको शिष्टता, नम्रता, सरलता जस्ता व्यवहारबाट उनले बाल्यकालमा त्यस्ता धेरै कुराहरु सिके, जसको प्रभाव यिनको जीवनमा अहिलेसम्म पाइन्छ । उनी बाल्यकालदेखि नै सरल स्वभावका, तीक्ष्ण बुद्धिका तार्किक र जिज्ञासु हुनका साथै केही जिद्धी स्वभावका पनि थिए । उनी सानैदेखि उच्छृङ्खल र नचाहिदो व्यवहार गर्न मन पराउँदैन थिए । साथीभाइहरुसँग विभिन्न किसिमका खेल (जस्तै भलिवल, फुटबल डण्डी बियो, पुतली खेल, पिङ, खोपी, गट्टी) आदि खेल्ने विभिन्न मनोरञ्जनात्मक कार्यक्रममा सहभागी हुने, विभिन्न सामाजिक कार्यमा सहभागी हुने आदि क्रियाकलापको बीचमा यिनको बाल्यकाल वितेको थियो ।

उनी ६/७ वर्षको हुँदा (२०२८ पुस) तिर अछामबाट कैलालीको पाताभार आएका हुन् । त्यसबेला पाताभारमा मामाको घर थियो भने धनगढी कैलालीमा महेशविक्रमका मातापिता बस्नुहुन्थ्यो । उनका पिता प्रहरीमा जागिरे हुनुहुन्थ्यो । उनलाई टीकापुरबाट धनगढी जाँदा खक्रौला, दुदुवा, पलिया र गौरीफन्टा हुँदै जीवनमा पहिलो पल्ट रेलको यात्रा गर्दा अति आन्नद लागेको थियो । त्यो रेलको यात्रालाई महेशविक्रम शाह अझ पनि सम्झना गरिरहन्छन् । धनगढी बसाइँका क्रममा उनका धेरै साथी भए । उनले स्कुलमा कविता वाचन गर्न, गीत गाउन, भकुन्डो खेल्न, साइकल चलाउन सिके । उनका पिता ( सुरत बहादुरको) सरुवा बैतडी जिल्लाको पाटनमा भएपछि उनी पनि पाटन गए । पाटन वैतडीमा पुग्ने वित्तिकै एक पटक त्यहाँको स्कुलले मञ्चन गरेको रामलीला नाटक हेरे । त्यस नाटकले यिनको बालहृदयभित्र पारेको प्रभाव अझैं पनि याद रहेको कुरा उनी बताउँछन् । सम्भवतः कुनै साहित्यिक कृति जसबाट उनी पहिलो पल्ट प्रभावित भए त्यो अमर कृति हिन्दुहरुको महान धार्मिक ग्रन्थ **रामायण** थियो । महेशविक्रम शाहको परिवारले पहिले कैलालीको पाताभारमा घर बनाएका थिए । पछि त्यो क्षेत्र नर्सरीमा रुपान्तरण भएपछि उनीहरु पथरैया गा.वि.सं. को भगरैया भन्ने गाउँमा सरे । पाताभारमा रहँदा

उनले वनमा गएर बाखा चराउन, नदीमा पौंडी खेल्न, नाउ खियाउँन, बल्छी थापेर माछा मार्न, रुख चढ्ने कामहरु गर्न सिके । उनका जीवनका यी सबै भन्दा महत्वपुर्ण सिकाइहरु हुन् भन्ने उनलाई लाग्छ । स्कुलमा अध्ययनरत छँदा नै मादल बजाउने, गीत गाउने, स्टेजमा नाच्ने र नाटकमा अभिनय गर्ने काम पनि उनले गरेका थिए ।

घरबाट टाढा टीकापुरमा पढ्दा आफै खाना बनाएर खानुपर्ने भएकोले उनले आफै खाना बनाउन पनि सिकेका थिए । तसर्थ एउटा  मान्छेलाई आवश्यक पर्ने अधिकांश कामहरु उनले बाल्यकालमा नै गरेको हुनाले जीवनका विकट परिस्थितिमा उनी आफ्नो जीवनलाई सन्तुलनमा राख्न सक्षम छन् भन्ने उनलाई लाग्दछ । यसरी बाल्यकालमा विभिन्न क्षेत्रबाट विभिन्न विषयमा अनुभव वटुली सामाजिक, साँस्कृतिक, प्राकृतिक वातावरणअनुसारको व्यक्तित्व निर्माण गर्दै शाहको बाल्यकाल बितेको थियो ।

## २.६. शिक्षादीक्षा

महेशविक्रम शाहको प्रारम्भिक तहदेखि उच्च शिक्षासम्मको अध्ययनको विवरण यस प्रकार रहेको छ :

### २.६.१. अक्षरारम्भ

महेशविक्रम शाहको प्रारम्भिक शिक्षा विशेष गरी घर परिवारको वातावरणमा प्राकृतिक रुपमा भएको थियो । यसका अतिरिक्त उनले समाजका श्रेष्ठ र बौद्धिक खालका व्यक्तिबाट विविध कुराहरु सिकेका थिए । सानै उमेरदेखि जिज्ञासु स्वभाव भएका महेशविक्रमका पुर्खाहरुमा प्रशस्त मात्रामा शिक्षित व्यक्तिहरु रहेको पाइन्छ । यिनको परिवारमा उनका बुवा सुरतबहादुर शाह शिक्षित थिए । बुवा शिक्षित भएकै कारण उनकै बुवाले श्रीपञ्चमीका दिन चार-पाँच बर्षको उमेरमा महेशबिक्रमलाई सर्वप्रथम अक्षरारम्भ गराउने काम गरेका थिए । बुवाको रेखदेख, निर्देशन र नियन्त्रणमा उनले पढाइ सुरु गरेका थिए । आफ्नै हजुरबुवा र हजुरआमाबाट पनि प्रशस्त सहयोग प्राप्त गरेका थिए । अक्षराम्भको प्रारम्भिक अवस्थामा काठको पाटीमा खरीले लेख्ने तरिका उनलाई घरमै उनका बुवाले सिकाएका थिए । उनले आफ्नै घरको ममतामयी पाठशालामा बुवा र आफन्तको सहयोगबाट नै लेख्नपढ्न सिकेका हुन् । आजको बौद्धिक महेशविक्रम बन्नुमा यही पारिवारिक पाठशालाको उल्लेखनीय भूमिका रहेको छ ।

### २.६.२ प्रारम्भिक शिक्षा

महेशविक्रम शाहलाई औपचारिक शिक्षा हासिल गराउनका लागि उनका बुवाले अछाम जिल्लाको कालीमाटीमा अवस्थित श्री सूर्यचन्द्र माध्यमिक विद्यालयमा कक्षा नर्सरीमा भर्ना गरिदिएका थिए । उनले त्यहीं स्कुलमा बाह्रखरी सिकेका हुन् । घरमा नै धेरै कुरा सिकिसकेका महेशविक्रम विद्यालयमा गुरुहरुको निर्देशनले गर्दा छोटो समयावधिमा नै निर्धारित पाठ वा पाठ्यांश पूरा गरिदिन्थे । यिनको स्मरण क्षमता देखेर विद्यालयका गुरुहरु पनि छक्क पर्थे । महेशविक्रमका पिता धनगढीमा जागिरे छँदा उनले त्यहाँ अवस्थित गोमती प्राइमरी स्कुलमा चार कक्षा र त्रिनगर माध्यमिक विद्यालयमा पाँच कक्षा सम्म अध्ययन गरेको हुन् । बैतडी जिल्ला पाटनमा अवस्थित श्रीकृष्ण माध्यमिक विद्यालयमा केही महिना अध्ययन गरेपछि उनी उनकै घर नजिकै पर्ने दुर्गौली गा.वि.सं.मा रहेको महेन्द्र शिशु निम्न माध्यमिक विद्यालयमा भर्ना भई ६ कक्षा उत्तीर्ण गरेका थिए । त्यसपछि सात कक्षा उनले मुनुवा गा.वि.सं.मा अवस्थित श्री जनता माध्यमिक विद्यालयमा पढेका थिए ।

### २.६.३. माध्यमिक शिक्षा

महेशविक्रम शाहले सात कक्षसम्मको अध्ययन पश्चात स्कुल परिवर्तन गर्न पुगे । त्यस बेला सुदुरपश्चिममा नै नाम चलेको पढाइ राम्रो भएको स्कुल टीकापुर आवासीय माध्यमिक विद्यालयमा कक्षा आठमा भर्ना भई (हालको श्री वीरेन्द्र विद्यामन्दिर उच्च माध्यमिक विद्यालय/क्याम्पस) वि.सं. २०३७ सालमा प्रवेशिका परीक्षा (S.L.C.) प्रथम श्रेणीमा उत्तीर्ण गरेका हुन् । महेशविक्रम शाहले सोही विद्यालयमा नेपाली पढाउने गुरु श्री धनञ्जय तिमिल्सिनाको घरमा बसी अध्ययन गरेका हुन् । धनञ्जय सरको नै प्रेरणाबाट उनले आफ्नो साहित्यिक यात्रा सुरु गरेका हुन् । पढाइका अतिरिक्त उनी विद्यालयमा हुने बौद्धिक क्रार्यक्रमहरु सहभागी हुन्थे । टीकापुरमा अध्ययन गर्दादेखि नै उनी साहित्यिक र सामाजिक कार्यमा बढी सक्रिय रहेका थिए । शाहले १५ बर्षको उमेरमा विद्यालयबाट विविध विषयको ज्ञान हासिल गरी माध्यामिक तहसम्मको अध्ययन पूरा गरेको देखिन्छ ।

### २.६.४. उच्च शिक्षा

महेशविक्रम शाह १६ बर्षको उमेरमा उच्च शिक्षा हासिल गर्ने तीव्र अभिलाषाले वि.सं.२०३६ सालमा काठमाडौंको अमृत साइन्स क्याम्पसमा (विज्ञान) प्रवीणता प्रमाणपत्र तहमा भर्ना हुन पुगे । वि.सं.२०४० सालमा (I.Sc.) आई.एस्सी. द्वितीय श्रेणीमा उत्तीर्ण

गरे । क्याम्पसमा विज्ञान विषय लिए पनि नेपाली विषयमा विशेष रुचि लिएका शाहले एकपल्ट क्याम्पसमा आयोजना गरिएको कविता प्रतियोगितामा प्रथम स्थान हासिल गरेपछि उनलाई साहित्य सिर्जनामा थप हौसला मिलेको थियो । वि.सं. २०४१ सालमा स्नातक तहको अध्ययन अमृत साइन्स क्याम्पसमा निरन्तर गरेको र वि.सं. २०४५ सालमा वी.एस्सी पनि द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । स्नातक तहको अध्ययनको क्रममा गुरुवर्ग तथा साथीभाइको हौसला तथा सहयोगका कारण अमृत साइन्स क्याम्पसको भित्ते पत्रिकामा "सटाहा" शीर्षकको कथा प्रकाशनमा आएपछि शाह औपचारिक रुपमा नेपाली साहित्यिक क्षेत्रमा देखा परेका हुन् । वि.सं. २०५३ सालमा काठमाण्डौको 'ल' क्याम्पसबाट वी.एल. उत्तीर्ण गरेका हुन् । त्रिचन्द्र क्याम्पसबाट मानवशास्त्रमा उनले स्नातकोत्तर परीक्षा उत्तीर्ण गरे । गाउँ, समाज, देश र जनताको सेवा गर्नु नै यिनको जीवनको मुख्य उद्देश्य हो । त्यहीबाट नै उनी सन्तुष्ट हुन्छन् । उनी स्वाध्यनबाट आफ्नो ज्ञानको क्षितिज फराकिलो पार्न चाहन्छन् स्वाध्यनबाट नै पूर्वीय एवं पश्चात्य दर्शनको साथै विविध वस्तुहरुको अध्ययन गरेका छन् । सामाजिक र साहित्यिक सेवामा लागेका कारणले समाजलाई चिन्ने, बुझ्ने, जीवन र जगत्लाई हेर्ने नयाँ दृष्टिकोण उनमा पाइन्छ । त्यसैले आजको अवस्थामा महेशविक्रम शाहलाई भेट गर्ने व्यक्तिले उनलाई एउटा सामान्य शिक्षित व्यक्तिको रुपमा नभएर एक बौद्धिक ज्ञान आर्जन गरेको सफल साहित्यकारको रुपमा चिन्दछन् ।

## २.७ पारिवारिक स्थिति

### २.७.१ मातापिताको अवस्था

महेशविक्रम शाहका पिताले २०५५ साउन २५ गते प्रहरी नायव उपरीक्षक पदबाट सेवा अवधि पुगेका कारण अवकाश पाउनु भयो । उहाँले ३२ बर्ष लामो अवधिसम्म प्रहरी सङ्गठनमा रहेर राष्ट्रको सेवा गर्नु भएको थियो । हाल उहाँ श्री वैजनाथ क्षेत्र विकास संस्था र सुदुरपश्चिमाञ्चल सरोकार समाजसँग आवद्ध हुनुहुन्छ । उनका पिता पनि लेखक हुनुहुन्छ । शाहका पिताले अछाम जिल्लाको सम्पूर्ण संस्कृतिको प्रतिनिधित्व हुने गरी **"झाडखण्ड" वैधनाथ क्षेत्र अछाम एक चिनारी** नामक पुस्तक प्रकाशित गर्नु भएको छ । छिट्टै नै उहाँको "अछामका चाडवाड" नामक पुस्तक पनि प्रकाशित भएको छ । नेपालका राष्ट्रिय, दैनिक, साप्ताहिक र मासिक पत्रिकाहरुमा उहाँका धर्म, सँस्कृति र विकाससम्बन्धी लेख, रचनाहरु प्रकाशित भइरहेका छन् । यसका साथै आफ्नो क्षेत्रको विकासका लागि विकासका मेरुदण्ड मन्दिर र देवालयको निमार्णमा महेशविक्रम शाहका पिता सदा दत्तचित्त

भएर सक्रिय रहनु भएकोछ । यसै कार्यको शिलशिलामा उहाँ देशको विभिन्न ठाउँहरु कैलाली, अछाम र काठमाडौंतिर ओहरदोहर गरिरहनु हुन्छ ।

### २.७.२ महेशविक्रम शाहका दाजुभाइ तथा दिदीबहिनी

सुरतबहादुर शाह र विमला शाहबाट दुई छोरा र दुई छोरी जन्मेका थिए । यिनीहरुको नाम क्रमशः महेशविक्रम शाह, विद्या शाह, भावना शाह एवम् उमेशविक्रम शाह हो । उनका दुई बहिनी र एक भाइ हुन् । दुई जना बहिनी मध्ये कान्छी बहिनी भावना शाहको २०५० सालमा अल्पायूमै निधन भयो । जीवित मध्ये जेठी बहिनी विद्या शाह चक्रबहादुर शाहसँग वैवाहिक जीवनमा बाँधिएर तीन सन्तानलाई जन्म दिई कुशल गृहपणी बनी आफ्नै परिवारसँग कैलालीको धनगढीमा बसोवास गरिरहेकी छिन् । विद्या शाहका तीन सन्तान मध्ये एक छोरा र दुई छोरीहरु छन् । विद्या शाहका छोरा दिवश शाह, छोरीहरु एलिना शाह र आशा शाह हुन् ।

महेशविक्रम शाहकी कान्छी बहिनी भावना शाहको दीपक शाहसँग विवाह भएको थियो । यिनको मृत्यु गर्भवती अवस्थामा मस्तिस्कको नशा टुट्न गई भएको थियो । भावनाका कुनै पनि सन्तान छैनन् । महेशविक्रम शाहका एक मात्र भाइ उमेशविक्रम शाहले उषासँग विवाह गरेका छन् । उमेश र उषा संयुक्त अधिराज्य बेलायतमा बसोबास गर्दछन् ।

महेशविक्रम शाह उच्च तहको शैक्षिक योग्यता भएका प्रहरी अधिकृत हुन् । उनले प्रहरी सम्बन्धी विभिन्न किसिमका तालिमहरु पनि लिएका छन् । साहित्य र सामाजिक क्षेत्रमा आफ्नो जीवनलाई समर्पण गरेका शाहले आफूलाई कुशल साहित्यकार र सामाजिक व्यक्तित्वका रुपमा अपनाएका छन् । वर्तमान अवस्थामा उनी काठमाडौं महानगरपालिका वार्ड नं. १५ अन्तर्गत घर न. ३८४ श्री कान्तिमार्ग महाराजगंजमा रहेको घरमा बस्दछन् ।

### २.७.३ वैवाहिक जीवन

कैलालीको धनगढीमा सशस्त्र प्रहरी गुल्ममा इन्चार्ज रहँदा आफ्नै हाकिमकी छोरी महिमा सुवेदीसँग वि.सं. २०५० सालमा विजया दशमीको दिन यिनको विवाह भएको थियो । विवाह नेपालगंजस्थित बागेश्वरी मन्दिरमा सामान्य तरिकाले भएको थियो ।

### २.७.४ सन्तान

महेशविक्रम शाहका सन्तानका रुपमा छोरीछोराको जन्म भएको थियो । पहिलो सन्तान समग्र शाहको जन्म वि.सं. २०५० साल फल्गुणमा भएको थियो । उनले शुभतारा स्कुल काठमाडौं बाट 'ए' लेवलको पढाइ उत्तीर्ण गरिसकेका छन् दोस्रो सन्तान संविदा शाह शुभतारा स्कुलमा कक्षा १० मा अध्ययनरत छिन् ।

### २.७.५ पेशा र आर्थिक अवस्था

महेशविक्रम शाह पेशाले प्रहरी हुन् । नेपाल प्रहरीका उनी प्रहरी उपरीक्षक पदमा कार्यरत छन् । काठमाडौंको महराजगन्जस्थित नेपाल प्रहरीको एकेडेमी प्रतिष्ठानमा उनी काम गर्दैछन् । यिनको पेशा प्रहरी भए तापनि साहित्य क्षेत्रमा महत्वपूर्ण योगदान दिन सफल छन् । प्रहरी भनेको अबुझ, लठैत हुन्छ भन्ने जनमानसको सोंचमा उनका सहित्यिक कृतिहरुले त्यो भनाइ र सोचलाई  ठीक उल्टो परेको छ । महेशविक्रम शाहको जन्मभूमि अछाम भएता पनि कर्मभुमि काठमाडौं लगायत देशभरि नै हो । आफ्नो पिता लामो समयसम्म प्रहरीमा जागिरे भएको अनि केही मात्रमा पुर्ख्यौली सम्पत्तिसमेत भएका महेशविक्रमले वाल्यकालमा आर्थिक कठिनाइको खासै अनुभव गर्नु परेको थिएन । महेशविक्रम शाह वर्तमान अवस्थामा पनि संयुक्त परिवारमा नै बसिरहेका छन् । उनीहरुको बीचमा अंशवन्डा भएको छैन । दुई दाजुभाइ महेशविक्रम र उमेशविक्रमले आ-आफ्नो परिश्रमको कमाइले आफ्नो-आफ्नो व्यवस्था मिलाउने प्रयास गरिरहेका छन् । उनीहरुको आर्थिक स्थिति मध्यम स्तरको रहेको छ । कैलालीमा एक तले पक्की घर, बारी, फलफूल वगैचा, पाँच बिगाहा जमिन रहेको छ भने महाराजगंज काठमाडौंमा आठआनामा निर्मित डेढतले पक्की घर रहेको छ । घर खर्च चलाउन उनीहरुलाई कैलालीको घरबाट खाद्यन्नको सहयोग हुन्छ भने काठमाडौंको घरको भुई तलामा दिइएको भाडाबाट उठ्ने रकमले घर खर्चलाई सहयोग पु¥याएको छ । त्यस्तै महेशविक्रम शाहकी श्रीमती महिमा शाह कुकुरा पालन व्यवसायमा संग्लन हुनुहुन्छ । त्यस्तै समग्र प्रकाशन प्रा.लि.बाट प्रकाशन गरिएका किताबहरुको बिक्रीवितरणबाट पनि आयआर्जन भइरहेको छ ।

## २.८. साहित्य लेखनको प्रेरणा

अछामको प्राकृतिक वातावरणमा हुर्केका महेशविक्रमलाई साहित्य लेखनमा त्यहाँका विभिन्न सामाजिक, पारिवारिक, साँस्कृतिक पक्षहरुले पनि केही न केही प्रभाव पारेको

देखिन्छ । उनी बाल्यकालदेखि नै भावुक, कल्पनाशील र एकान्तप्रेमी व्यक्ति भएकोले उनलाई सानातिना घटनाले पनि तुरुन्तै प्रभाव पार्ने गर्दथ्यो ।

महेश विक्रमले पहिलो साहित्यिक सिर्जना ४-५ कक्षामा पढ्दा रचना गरेका रहेछन् । यिनको पहिलो प्रकाशित रचना भने २०३५ सालमा **हिमाल सौगात** साहित्यिक पत्रिकामा प्रकाशित महानन्द सापकोटाका सम्बन्धमा लेखिएको एक निबन्ध र एम.वी. शाहको नामबाट प्रकाशित **साहित्यिका फूल सापकोटा** कविता हो । यसपछि तात्कालीन टीकापुर आवासीय माध्यमिक विद्यालय हालको श्री वीरेन्द्र विद्यामन्दिर उच्च माध्यमिक विद्यालय/क्याम्पसमा महेशविक्रम शाहका गुरु धनञ्जय तिमिल्सिनाले साहित्य लेखनमा सधैं प्रेरित गरिरहे । प्रायः सबै शिक्षकले (गुरुले) विद्यार्थीहरुलाई राम्रोसँग पढ, असल मान्छे बन भन्दछन् तर आफ्नो शिष्यको प्रतिभा बेलैमा चिनेर त्यसको विकासमा योगदान पुऱ्याउने गुरुहरु कमै हुन्छन् । तर महेशविक्रमलाई भने त्यस्ता महान गुरु स्कुल उमेरमा नै जुरे र साहित्यमा कलम चलाउन प्रेरणा दिइरहे ।

गुरुले भन्नुभएको थियो "तिम्रो जीवनको उद्देश्य लेखनाथ, देवकोटा र सम बन्ने हुनु पर्छ । तिमी भविष्यमा ठुलो साहित्यकार बन, मदन पुरुस्कार पाऊ र नाम कमाऊ ।"

छोरा डक्टर बनोस् भन्ने महेशविक्रमकी माताको सपना उनीबाट साकार हुन सकेन । तर **छापामारको छोरा**ले मदन पुरस्कार प्राप्त गरेपछि गरुको आशीर्वाद र सफल साहित्यकार बन्ने आफ्नो पुरानो सपना भने अवश्य नै पूरा गरेर छाडे ।

महेशविक्रम शाह सानै उमेरदेखि एकान्तप्रेमी अन्तरमुखी, कल्पनाशील, भावुक व्यक्ति थिए । विद्यार्थी कालदेखि नै विविध विद्यासँग सम्बन्धित साहित्यिक कृतिहरुको रचना गर्थे । स्वाध्ययनमै रमाउने शाहले लेखनाथ पौडेल, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, गोबिन्दबहादुर मल्ल गोठाले, विजय मल्ल, मदनदेव भट्टराईजस्ता थुप्रै नेपाली साहित्यकारहरुका कृतिहरुको अध्ययन गरे । अर्कोतिर हिन्दी सहित्यका केही उपन्यासको पनि अध्ययन गरे भने अङ्गेजी साहित्य र साहित्यकारको बारेमा सामन्य अध्ययन गरे । जसका कारण साहित्य सिर्जना गर्नमा उनलाई हौसला मिलेको थियो । पछिल्ला समयमा स्वाध्ययन पनि उनका प्ररेणाका स्रोत हुन पुग्यो । प्राकृतिक, सांस्कृतिक, र सामाजिक पक्ष पनि उनका अन्य प्रेरणाका स्रोत हुन् ।

## २.९. लेखनको शुभारम्भर निरन्तरता

### २.९.१ साहित्य लेखन

महेशविक्रम शाहको साहित्य लेखनको शुभारम्भबाल्यकालदेखि नै भएको देखिन्छ । प्रारम्भमा अभ्यास गरिएका साहित्यिक रचनाहरु प्राप्त छैनन् । लेखनसम्बन्धी ज्ञान, कुनै पनि सिद्धान्त तथा शिल्पसौन्दर्यको ज्ञान नभए पनि यिनको लेखनको सुरुवात १० बर्षको कलिलो उमेरदेखि नै भएको थियो । यिनको लेखनको प्रारम्भ भने कविता विधाबाट भएको देखिन्छ । उनले प्रारम्भिक अवस्थामा रचना गरेको प्रथम कविता **साहित्यको फूल सापकोटा** शीर्षकको कविता हो । प्रारम्भिक अवस्थामा थोरै फुटकर रचनाहरु लेखेको देखिए पनि औपचारिक रुपमा प्रकाशन हुनका लागि यिनका रचनाहरुले निकै लामो समयसम्म कुर्नु परको देखिन्छ । प्रकाशनको दृष्टिले महेशविक्रम शाहको प्रथम कथा **आमा** शीर्षकको कथा हो जुन वि.सं.२०३६ मा महेन्द्रनगरबाट प्रकाशित वार्ता पत्रिकामा प्रकाशित भएको थियो ।

उनले रचना गरेका कविताहरु सामाजिक जागरणतर्फ उन्मुख रहेका छन् । कविताबाट साहित्य क्षेत्रमा प्रवेश गरेका शाहले साहित्यका अन्य विधामा पनि सशक्त ढङ्गबाट कलम चलाएका छन् । उनले कविता विधाका अतिरिक्त कथा, समालोचना एकाङ्कीजस्ता विधामा पनि कलम चलाएका छन् । उनका फुटकर रचनाहरु विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । हाल यस्ता फुटकर रचनाहरु पनि पुस्तकको रुपमा प्रकाशित भइसकेका छन् । उनका कृतिहरु निम्न अनुसार रहेका छन् ।

| क्र.सं. | शीर्षक | विद्या | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | सटाहा | कथा सङ्ग्रह | २०५३ |
| २ | सिपाहीकी स्वास्नी | कथा सङ्ग्रह | २०५९ |
| ३ | अफ्रिकन अमिगो | कथा सङ्ग्रह | २०६० |
| ४ | छापामारको छोरा | कथा सङ्ग्रह | २०६३ |
| ५ | काठमाडौंमा कामरेड | कथा सङ्ग्रह | २०६५ |

महेशविक्रम शाह कथाकारका साथै पेशागतरुपमा नेपाल प्रहारीका वरिष्ठ अधिकृत पनि हुन् । शाहले नेपाली साहित्यका अतिरिक्त आफ्नो पेशासँग सम्बन्धित कृतिहरु पनि लेखेका छन् । जसको विवरण निम्नानुसार छ ।

१. फोटो ग्राफी, प्रारम्भिक घटनास्थल अनुसन्धान भाग १, प्रकाशक नेपाल प्रहरी प्रोजेक्ट २०५५
२. चेलीबेटी बेचबिखन अपराध निर्देशिका (संयुक्त लेखन, प्रकाशकः युनिसेफ नेपाल २०५६
३. बाल यौन शोषण अपराध अनुसन्धान निर्देशिका (संयुक्त लेखन, प्रकाशकः युनिसेफ नेपाल २०५६
४. भौतिक सबुत सङ्कलन तथा संरक्षण (प्रकाशक : समग्र प्रकाशन २०६१ )

## २.१०. स्वभाव र रुचि

### २.१०.१ स्वभाव

मान्छेको रुचि एवम् चहनाले उसको व्यक्तित्व निर्धारण गर्दछ । महेशविक्रम शाहमा पनि आफ्नै पाराको स्वभाव रहेको छ । उनी वाल्यकालदेखि नै चटपटे स्वभावका नभई भद्र लगनशील स्वभावका थिए । उनका बुवा अत्यन्त सरल, शिष्ट स्वभावका

भएका कारणले पनि महेशविक्रमले वाल्यकालमा बुवाको शीलस्वभावबाट धेरै कुराहरु सिकेका थिए । उनी बाल्यकालदेखि नै कसैसँग झगडा गर्न नचाहने स्वभावका सहयोगी भावनाका तथा जिज्ञासु स्वभावका थिए । थारु परिवेशमा हुर्किएर बढेका शिक्षित परिवार भएकोले यिनको स्वभाव नम्र, शिष्ट, मृदुभाषी, मिलनसार एवम् सहयोगी खालको रहेको छ । पेशाले प्रहरी भए पनि यिनी मनका कोमल छन् । सरल र सहज व्यवहार एवम् मिलनसारिता र मृदुभाषिताले गर्दा पनि यिनको स्वभाव निञ्चल देखिन्छ भने साथीभाइ, इष्टमित्रका वीचमा कहिलेकाहीं ठट्यौली गरी हाँस्ने हँसाउने प्रवृत्ति पनि यिनमा पाइन्छ ।

### २.१०.२. रुचि

महेशविक्रम शाहको मूल रुचि क्षेत्र भनेको अध्ययन र भ्रमण हो । शाहले स्नाकोत्तर तहसम्म मात्र अध्ययन गरेको भए पनि स्वाध्ययनबाट उनले प्रशस्त मात्रामा ज्ञान हासिल

गरेका छन् । कुनै पनि नयाँ पुस्तक घरमा ल्याएपछि त्यसलाई भरसक त्यही दिन पढिसक्ने यिनको बानी रहेको छ । पुस्तक यिनको जीवनको अभिन्न अङ्गजस्तै छ । मन परेको किताब किन्न नपाउँदासम्म र किनेको किताब पढ्न नपाउँदासम्म उनलाई अत्यन्तै बेचैनी महसुस हुन्छ । उनी देश तथा विदेशको नयाँ ठाउँको भम्रण गरी नयाँ-नयाँ विषयको जानकारी लिन पनि त्यतिकै रुचि देखाउँछन् । साहित्यका अलवा सामाजिक जीवनसँग सम्बन्धित विविध साँस्कृतिक पक्षको अध्ययन अनुसन्धानमा पनि यिनको चासो रहेको छ । उनी गीतकार कालीप्रसाद रिजालले रचेको गीतहरु सुन्ने गर्दछन् । शाह सामान्यतः शान्तिप्रिय र जोशिला गीतहरु सुन्न खुव मन पराउँछन् । उनी आनी छोइङ डोल्माले गाएको **फूलको आँखामा फूलै संसार** बोलको गीतले आफ्नो मन छुने गरेको बताउँछन् । यिनको रुचि नेपाली परिकारमा नै रहेको छ । उनलाई दालभात, साग, गाजर, दही र मौसमअनुसारको फलफूल मन पर्छ भने उनी माछामासु कहिल्यै खाँदैनन् । उनलाई भट्किलो खालको पोशाक मन पर्दैन । पुरुषहरुले लगाउने सामान्य पोशाक नै मन पर्छ । उनी सेतो रंङ्ग सबै भन्दा बढी मन पराउँछन् । मूल रुपमा अध्ययन गर्ने, साहित्य लेख्ने, नयाँ ठाउँको भ्रमण गर्ने, सामाजिक सेवामा जीवन बिताउने नै उनका रुचिका विषय हुन् ।

## २.११. भ्रमण

महेशविक्रम शाह अछाममा जन्मिएर हाल काठमाण्डौको महाराजगन्जको कान्तिमार्गमा बसोबास गरिरहेका छन् । उनले विभिन्न शिलशिलामा देश तथा विदेशका विभिन्न ठाउँको भ्रमण गरेका छन् । प्रायः नेपालको सबै अन्चल र मुख्य शहरहरुमा उनले भ्रमण गरेका छन् । यसैगरी महेशविक्रम शाहले विदेशका विभिन्न ठाउँहरुको पनि भ्रमण गरेका छन् । यसै क्रममा भारत, पाकिस्तान थाइल्याण्ड, इन्डोनेसिया, सिङ्गापुर, मलेसिया, पूर्वी टिमोर, अष्ट्रेलिया, मोजाम्विक, जिम्बाब्वे, बात्सवाना, मलावी, दक्षिण अफ्रिका, बेलायत र फ्रान्ससमेत १६ राष्ट्रहरुको भम्रण गरिसकेका छन् । कुनै ठाउँको भ्रमण गर्नु खास शोखको लागि मात्र नभई ती ठाउँहरुसँग राम्ररी परिचित भई त्यहाँका सामाजिक, साँस्कृतिक, राजनीतिक, आर्थिक, भौगोलिक पक्षको जानकारी लिनु पनि हो भन्ने मान्यता यिनको रहेको छ ।

## २.१२. जीवनका विशेष घटनाहरु

सामान्यतया वैयक्तिक जीवनमा विभिन्न घटनाहरु आइपर्दछन् । जीवनमा घटेका सम्पूर्ण घटनाहरुलाई विशेष घटनाका रुपमा लिइँदैन् । व्यक्तित्व विकासमा विशेष प्रभाव

पार्ने घटना स्मरणीय हुन्छन् र जीवनपर्यन्त विर्सन सकिदैन । त्यस्ता घटनालाई विशेष घटनाका रुपमा लिन सकिन्छ । शाहका जीवनमा आइपरेका केही विशेष घटनालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

महेशविक्रम शाहको दुई बहिनीमध्ये कान्छी बहिनी भावना शाह गर्भवती अवस्थामा बारम्बार बिरामी भइरहन्थिन् । विभिन्न औषधोपचार पश्चात् यिनको स्वास्थ्य केही सवल हुँदै गइरहेको अवस्थामा अचानक २० बर्षको उमेरमा गर्भवती भएकै बेला मस्तिस्कको नसा चुटिएर दुःखद निधन हुन पुग्यो र यही घटनाले शाहको जीवनमा गहिरो चोट पुग्यो र यही चोटलाई बिर्सनका लागि उनी साहित्य लेखनतर्फ थप अग्रसर भए । यस्तै यिनको जेठो छोरा समग्र शाहको जन्म भएको दिन २०५०/११/०३ गते असाध्यै खुशी लागेको र यही खुशीका कारण आफूलाई तीन दिनसम्म खाना खान मन नलागेको कुरा उनी बताउँछन् । वि.सं. २०५५ सालमा कान्छो छोरा संविद शाह जन्मेको दिन पनि उनलाई अत्यन्तै खुशी लागेको थियो । यो क्षण जीवनमा उनी कहिल्यै बिर्सिन सक्दैनन् । उनी आफूले मदन पुरस्कार पाएको दिन र टीकापुरका सम्पूर्ण शैक्षिक संस्था एवम् फूलवारी एफ.एम. टीकापुरले महेशविक्रम शाह र उनका गुरु एवम् गुरुआमा क्रमशः थोमस भर्गिज र मेरी भर्गिजसँग हजारौ विद्यार्थी एवम् नगरबासीको बीचमा भएको अभिनन्दनलाई उनी कहिल्यै बिर्सदैनन् । यो नै यिनको सबैभन्दा सुखद क्षण हो ।

## २.१३. सम्मान तथा पुरस्कार

असल कार्य गर्ने व्यक्तिलाई त्यस्ता कार्यतर्फ अझ सक्रिय गराउनका लागि सम्मान तथा पुरस्कार दिने गरिन्छ । यस्ता किसिमका पुरस्कारले कुनै पनि व्यक्तिलाई हौसला प्रदान गरी उसलाई अझ लगनशील बनाउँछ । कलेज स्तरको औपचारिक अध्ययन सकिएपछि महेशविक्रम शाह विभिन्न संघसंस्था र समाजसँग सम्बद्ध विभिन्न क्षेत्रहरुमा कार्य गर्दै आएका हुन् । हालसम्म पनि यिनी समाज सेवा एवम् साहित्य रचनामा लागिरहेको हुनाले पुरस्कारको आशा गर्न सकिन्छ । शाहले पाएका विभिन्न क्षेत्र एवं संघसंस्थाबाट पाएका पुरस्कार निम्नानुसार रहेका छन् :

- वगर सम्मान - २०५९ बाट सम्मानित
- कथा कृति **अफ्रिकन अमिगो**का लागि गोविन्दचन्द्र गौतम दीपवती देवी स्मृति सम्मान - २०६१

- टीकापुर सामुदायिक पुस्तकालयद्वारा अभिनन्दन- २०६७
- मैनाली कथा पुरुस्कार - २०६१
- मदन पुरुस्कार - २०६४

यस्ता विभिन्न क्षेत्रबाट समय-समयमा प्राप्त पुरस्कार एवम् उनीप्रति दर्साइएको सम्मानमा उनी हर्षित देखिन्छ । उनी जति-जति पुरुस्कृत र सम्मानित हुँदै जान्छन् त्यति मात्रामा नै साहित्य सिर्जना गर्न जिम्मेवारी बढेको जस्तो अनुभव गर्छन् ।

## २.१४. जीवन दर्शन

प्रत्येक मानिसको जीवनसम्बन्धी भिन्नाभिन्नै दृष्टिकोण र मान्यता रहेको पाइन्छ । मान्छे विवेकशील प्राणी भइकन मरणशील पनि हुन्छ । तसर्थः आफूले पाएको छोटो जीवनलाई पनि बुद्धिमान् मानिसले सार्थक बनाउन चाहन्छ । महेशविक्रम शाहले सङ्घर्षशील मानव जीवनमा थुप्रै उकाली-ओराली, उतार-चढाव, आँसु-हाँसो, वेदना र छट्पटीहरुलाई भोगेका छन् । यिनै कुराहरलाई उनले आफ्नो कृतिमा प्रस्तुत गरेका हुन्छन् । जीवन दर्शनका बारेमा महेशविक्रम शाह भन्दछन्- “जीवन चेतनाको उत्कृष्ट स्वरुप” हो । चेतना भनेको प्रतीक हो । जीवन एउटा बलिरहेको दियो जस्तो हुनुपर्छ । आफू जलेर पनि अरुलाई उज्यालो दिन सक्नुपर्छ । एउटा यस्तो दियो, जसले आफूलाई मात्र बाल्ने होइन त्यसले अरु दियोलाई समेत सल्काउन सक्नुपर्छ । त्यस्तै साहित्य जीवनको ऐना भएकोले यही ऐनाको माध्यमबाट मानव कल्याण गर्न सकिने यिनको विश्वास रहेको छ । जसरी किसानले बाँझो जमिनलाई परिश्रमपूर्वक गोडमेल गरी उर्वरा बनाउँछ त्यस्तै साहित्यकारले पनि सबैको हित गर्न सक्नुपर्छ भन्ने मान्यता यिनको रहेको छ ।

## २.१५. महेशविक्रम शाहको व्यक्तित्व

साहित्य साधक महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र **अफ्रिकन अमिगो** कथा सङ्ग्रहको अध्ययनमा केन्द्रित यस शोधकार्यको अघिल्लो परिच्छेदमा यिनको जीवन पक्षको समालोचनात्मक अध्ययन गरिसकिएको हुनाले यस परिच्छेदमा शाहको व्यक्तित्वको विभिन्न पाटाहरुको अध्ययनमा केन्द्रित गरिएको छ ।

कुनै पनि व्यक्तिको जीवनको विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एक रुपता वा अनुरुपताको निमार्ण हो । वास्तवमा

व्यक्तित्वको अभि प्राय : आफ्नो आन्तरिक स्वरुपलाई दृढ गराउनु पनि हो । प्रत्येक परिवर्तित स्थितीमा मानिसले आफ्नो प्रतिभाको स्पस्ट र गहन छाप छोड्न सक्नु पर्छ । यस अर्थमा व्यक्तित्वको अर्थले परिवर्तन शीलता भन्ने नभई प्रतिकुल स्थितिको अनुकुल चल्न सक्ने यो सफल शक्ति पनि हो । जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सहयोग गर्छ भन्ने बुझाउँछ । परिस्थितिअनुकूल चल्न सक्ने प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्रको प्रतिमा नै उसको व्यक्तित्व हो । व्यक्तिको जीवनमा विभिन्न पक्षले व्यक्तित्वको निर्माण गरेका हुन्छन् । व्यक्तित्व निर्माणमा कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना, जीवनका आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया आदिले भूमिका खेलेका हुन्छन् । यस्तै व्यक्ति बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक-साँस्कृतिक रुचि, पेशा, शक्षिादीक्षा आदिले पनि व्यक्तित्वको निर्माणमा उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । महेशविक्रम शाह नेपाली साहित्यका सर्जक व्यक्तित्व हुन् । उनी मूलतः साहित्यकार हुन् तापनि साहित्येतर क्षेत्रमा पनि उत्तिकै सक्रिय रहेका देखिन्छन् । यसबाट यिनको बहुमुखी प्रतिभाको निर्माण र बहुआयामिक व्यक्तित्वको निर्माण हुन पुगेको छ । यिनको निजी व्यक्तित्वलाई दृष्टिगत गर्दा उनी सहज, सरल र शान्त देखिए पनि गहिरिएर हेर्दा भित्रभित्रै कुनै गम्भीर कुराको चिन्तन गरिरहेको जस्तो यिनको मुखाकृतिले देखाउँछ । चाकरी, चाप्लुसी गर्न पटक्कै मन नपराउने शाहमा सरल, सहज, सहयोगी, भावुक, कर्तव्यपरायण, स्वावलम्बनजस्ता अन्तरिक गुणहरु पाइन्छन् । यिनको निजी व्यक्तित्वतर्फ दृष्टि दिंदा मझौलो कद, केही ठूलो टाउको, फराकिलो निधार, गहुँगोरो वर्ण, तेजिला आँखा, लाम्चो नाक र शालीन मुखाकृतिजस्तो शारीरिक बनावट पाइन्छ । कुनै पनि विषयमा बोल्दा शिष्ट र मिठासपूर्ण ढङ्गले बोल्नु उनमा पाइने निजी विशेषता हो । करिब दुई दशकदेखि विभिन्न संघसंस्थामा आवद्ध भएर आफ्नो जिम्मेवारी निभाएको र समाजसेवाका विभिन्न क्षेत्रमा पनि उत्तिकै योगदान पुऱ्याएकाले शाहको विशिष्ट व्यक्तित्वलाई चिन्न सकिन्छ ।

### २.१५.१. व्यक्तित्वका विभिन्न पक्षहरु

व्यक्तित्व निमार्णमा कुनै पनि मानिसका जीवन भोगाइमा आउने विविध घटना जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात क्रियाप्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड प्रतिमोडहरुले प्रमुख भूमिका खेलेको हुन्छ । यसैगरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभुमि सामाजिक, सांस्कृतिक, रुचि, पेशा, शिक्षा-दीक्षा आदिले पनि व्यक्तिको व्यक्तित्व निमार्णमा ठुलो सहयोग पुऱ्याएको हुन्छ । यी परिवेशबाट निर्मित व्यक्तित्वको निजी र

सार्वजनिक गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसित सम्बन्द्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ र त्यसका पनि आन्तरिक एवम् वाह्य व्यक्तित्व गरी दुई उपवर्ग रहेका छन् । यसैगरी सार्वजनिक व्यक्तित्व भन्नाले समाजअनुरुप चलेर समाजका लागि विभिन्न कार्य गर्नु भन्ने बुझिन्छ । साहित्यकारको सन्र्दभमा भने सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्येत्तर व्यक्तिजस्ता दुई वर्गमा विभाजन गरी हेर्न सकिन्छ । साहित्यक व्यक्तित्व कै पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी दुई भागमा देखाउन सकिन्छ । स्रष्टाभित्र साहित्यिक सिर्जना गरिएका साहित्यक विभिन्न विधागत अवस्था देखा पर्दछन् भने सष्टाभित्र समालोचना, समीक्षा, सम्पादनजस्ता कुरा पर्छन् । साहित्यसँग आवद्ध रही समाजका अन्य विधि पक्षहरुमा संलग्न रही गरेका यावत कार्यहरुलाई साहित्यिक व्यक्तित्वका भित्र राखेर हेरिन्छ । महेशविक्रम शाह नेपाली साहित्यका एक सर्जक व्यक्तित्व हुन् । उनी मूलतः साहित्यकार हुन् तापनि साहित्य बाहेकको क्षेत्रमा पनि यिनको योगदान ठुलो रहेको छ । यसबाट यिनको बहुमुखी प्रतिभा र बहुआयामिक व्यक्तित्व निर्माण हुन पुगेको छ । साहित्यभित्र कविता, कथा, नाटक, एकाङ्कीजस्ता विधामा यिनको कलम चलेको पाइन्छ भने विभिन्न सामाजिक संघसंस्थामा संलग्न रहेर पनि साहित्यिक व्यक्तित्व निर्माण गरेका छन् । उनका निजी, आन्तरिक तथा वाह्य व्यक्तित्व र सार्वजनिक व्यक्तित्वका विभिन्न पक्षहरुबारे तल प्रस्तुत गरिएको छ :

### २.१५.२. निजी तथा आन्तरिक व्यक्तित्व

महेशविक्रम शाहको आन्तरिक व्यक्तित्व केलाउँदै जाँदा यिनी सानै उमेरदेखि कल्पनामा डुब्ने, कुनै पनि काममा लागेपछि पूरा गर्न सहपाठी एवं दौंतरीहरुसँग सहयोग आदान-प्रदान गर्ने, छर छिमेकी तथा आफन्तहरुका सम्बन्धमा जिज्ञासा राख्ने बानी रहेको कुरा थाह पाइन्छ । यिनी उमेरको वृद्धि सँगसँगै बालसुलभ चञ्चले प्रवृतिबाट क्रमशः शान्त, गम्भीर, शिष्ट, मृदुभाषी, एकान्तप्रेमी तथा प्रकृतिप्रेमी बन्दै गए जसको कारण कहिलेकाँही कल्पनातत्वले घचेटी रहँदा कविता, कथाजस्ता साहित्यिक रचनातर्फ अभिमुख हुँदै गएको बुझिन्छ । झ्वाट्ट हेर्दा यिनी सहज, सरल र शान्त देखिए पनि गहिरिएर हेर्दा भित्र-भित्रै कुनै कुराको चिन्तन गरिरहेको जस्तो यिनको भाषाकृतिले देखाएको हुन्छ । समाज एवं राष्ट्रका लागि आफ्नो कृति फिंजाउन प्रयत्नशील रहेको शाहका आडम्बरहीन बोली तथा मान्छेको प्रवृत्तिअनुरुप उसप्रति देखाउन सक्ने व्यवहारिक कुशलताले गर्दा हरेक तह र तप्काका मानिसहरुसँग सर्म्पक कायम गर्नसक्ने क्षमता उनमा रहेको पाइन्छ । सानैदेखि स्वाभीमानी र स्वावलम्बी प्रवृत्तिले गर्दा यिनी विद्यार्थी जीवनदेखि परी आउने

विभिन्न समस्यामा विचलित नभइकन सघर्ष गर्दै आएको बुझिन्छ । नारी एवं असहाय गरिब निमूखाप्रति यिनको सदा सहानुभूति रहँदै आएको बुझिन्छ । त्यसै गरी यिनमा पूर्वीय आध्यात्मवादका सकारात्मक तथा भौतिकवादी चिन्तनका व्यवहारिक पक्षमा झुकाव रहेको छ । चाकडी, चाप्लुसी गर्न पटक्कै मन नपराउने शाहको आन्तरिक व्यक्तित्वको अवलोकन गर्दा यिनमा सहज, सरल र सहयागी भावुक-कर्तव्यपरायणता, कर्मयोगी, स्वावलम्बीजस्ता विशेषता रहेको पाइन्छ ।

## २.१५.३. वाह्य व्यक्तित्व

शारीरिक बनावट, अकारप्रकार नै वाह्य व्यक्तित्वसँग सम्बन्धित भएकाले महेशविक्रम शाहलाई त्यसैअनुसार हेर्दा निम्न कुरा थाह पाइन्छ । यिनको उचाई १६० सेन्टिमिटर रहेको छ भने तौल ७८ केजी रहेको छ । उनी झट्ट हेर्दा स्वस्थ्य र आकर्षक देखिन्छन् । यिनको पेशासँग सम्बन्धित आधारभूत तालिम गरेकोले शारीरिक अभ्यासहरुले पनि यिनको जीउलाई स्वस्थ्य राख्न मद्दत पुऱ्याएको हो भन्ने उनी ठान्दछन् । मोटो र होचो कद, केही ठुलो फराकिलो निधार गहुँ गोरो वर्ण भएको महेशविक्रम शाह हेर्दाखेरि सुन्दर देखिन्छन् । दुःख पर्दा धैर्य र साहसले काम लिने, सुखमा नमात्तिने बानी यिनको छ । कुनै पनि विषयमा बोल्दा शिष्ट र मिजासपूर्ण तरिकाले बोल्नु यिनको निजी विशेषता हो जस्तै जटिल परिस्थिति आई पर्दा पनि धैर्य र विवेकपूर्ण तरिकाले निर्णयमा पुग्न सक्ने परिपक्व एवं स्थिर र स्वाभीमानी प्रवृत्तिजस्ता मानवीय असल गुणहरु उनमा पाइन्छन् । सवै मानिसहरुसँग मित्रवत् व्यवहार गर्ने, सानातिना कुरामा धैरै विवाद नगर्ने, सोधेको कुराको स्पष्ट जवाफ दिने, ठुलो आपतविपदमा नआत्तिने र खुशीमा नमात्तिने खालको व्यक्तित्व उनमा पाइन्छ । पढ्न, लेख्नको अतिरिक्त फुर्सदको समयमा मनोरञ्जन गर्नु, जोशिला र शान्तिप्रिय गीत सुन्नु, नयाँ-नयाँ ठाउँको अवलोकन गर्नु यिनको शोख रहेको छ । यिनै मानवीय असल स्वाभावका कारण यिनको भौतिक व्यक्तित्व आकर्षक देखिन्छ ।

## २.१५.४. साहित्यकार व्यक्तित्व

मानिस सामाजिक सचेत प्राणी भएकोले ऊ समाजबाट अलग्गै बस्न सक्दैन । समाजअनुरुप चलेर समाजलाई आवश्यक सहयोग गर्ने व्यक्तित्व नै सामाजिक व्यक्तित्व हो । समाजसँग कुनै पनि व्यक्तिको व्यवहारले नै सार्वजनिक व्यक्तित्वको निर्माण गर्ने गर्दछ । व्यक्तिले समाजलाई जुन प्रभाव र प्रेरणा प्रदान गर्दछ त्यही नै सार्वजनिक

व्यक्तित्वभित्र पर्दछ । महेशविक्रम शाहले ४६ बर्षको उमेरसम्म आइपुग्दा करिब दुई दशकको समयमा विभिन्न संघसस्थासँग आवद्ध भएर धेरै काम गरिसकेका छन् भने वर्तमान अवस्थामा पनि विभिन्न संघसंस्थामा क्रियाशील रहेका देखिन्छन् । समाजको समुन्नत भविष्यको कल्पनाअनुरुप समाजलाई साहित्यको माध्यमबाट धेरै कुरा दिइसकेका छन् । त्यसैले शाहका सार्वजनिक व्यक्तित्वभित्र देखिने अनेक महत्वपूर्ण पक्षलाई साहित्यिक र साहित्येत्तर व्यक्तित्वभित्र राखेर हेर्न सकिन्छ ।

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व त्यस व्यक्तिका कृतिका आधारमा पहिल्याइन्छ । साहित्यका, कविता, कथा, निबन्ध, नाटक आदि विद्यागत योगदानबाट नै लेखक व्यक्तित्वको निर्धारण हुने गर्दछ । महेशविक्रम शाहको लेखनीय व्यक्तित्वलाई उनका प्रकाशित कृतिहरुका विद्यागत सापेक्षताका आधारमा बुँदागत रुपमा छुट्याउँदा सान्दर्भीक हुन्छ । वि.सं. २०३६ का सालको **साहित्य वार्ता** पत्रिकामा **आमा** शीर्षकको कथाबाट उनले साहित्यले आरम्भ गरेका हुन् । यिनको मुख्य विधा कथा भएता पनि बाल साहित्यमा पनि कलम चलाएका छन् ।

### २.१५.५. सामाजिक व्यक्तित्व

महेशविक्रम शाहले साहित्यका अतिरिक्त समाजसेवालाई पनि आफ्नो कार्यक्षेत्रको पनि विषय बनाएका छन् । उनी आफ्नो क्षेत्रको बाटोघाटो बनाउने, विद्युतीकरण गर्ने, खानेपानीको व्यवस्था मिलाउने, विद्यालयहरुको भौतिक सुधार गर्ने, निसहाय व्यक्तिलाई सहयोग गर्ने, बालबालिकाको अधिकार संरक्षण गर्नेजस्ता सामाजिक सेवासँग सम्बद्ध विभिन्न संघसंस्थामा संलग्न रहेका छन् । यस्ता संघसंस्थाबाट कुनै न कुनै कोणले समाजसुधारको अपेक्षा राखेका छन् र यस्ता संघसंस्थामा आबद्ध भएका कारणले यिनमा सामाजिक व्यक्तित्व स्पष्ट रुपमा रहेको देखिन्छ ।

### २.१५.६. जागिरदार व्यक्तित्व

कथाकार महेशविक्रम शाह नेपाल प्रहरीमा सेवारत छन् । प्रहरीजस्तो संवेदशील सेवामा कार्यरत रहँदा उनले आफ्नो राष्ट्रसेवालाई निरन्तर सजगतापूर्वक पालना गरेका छन् । २०४६ सालबाट सेवा प्रवेश गरेका शाहले सेवामा आफूले गरेको योगदानबाट गोरखा दक्षिणबाहु चौंथो, रजत महोत्सव पदक, वीरेन्द्र-ऐश्वर्य स्मृति पदक, परदेश सेवा पदक, प्रहरी सेवा पदक, यू.एन. पदकजस्ता महत्वपूर्ण विभूषणहरु प्राप्त गरिसकेका छन् ।

यसरी आफ्नो सेवा कार्यलाई विभिन्न अनुभवहरु प्राप्त गर्दै कुशलतापूर्वक अघि बढाएकाले यिनको जागिरदार व्यक्तित्व आकर्षक रुपमा अघि बढेको छ ।

### २.१५.७. शैक्षिक एवं बौद्धिक व्यक्तित्व

महेशविक्रम शाह पेशाले प्रहरी अधिकृत भए तापनि आफ्नो सेवा अवधिका क्रममा शिक्षा हासिल गर्ने कार्यमा निरन्तर सजग रहने गरेका छन् । आफूले अध्ययन गरेको संस्था, गुरुहरु र अग्रजहरुको शैक्षिक व्यक्तित्वबाट धेरै कुरा प्राप्त गरेको कुरा उनी स्वयं बताउँछन् । विभिन्न प्रशिक्षण केन्द्रहरुमा कार्यरत रहँदा प्रहरी सङ्गठनभित्र यिनको प्रशिक्षकको व्यक्तित्व बनेको छ ।

महेशविक्रम शाहमा शैक्षिक व्यक्तित्वका साथै बौद्धिकता पनि उत्तिकै विशिष्टताका साथ रहेको पाइन्छ । बौद्धिक व्यक्तित्वको निर्माणमा यिनको साहित्यकार छविले पनि सघाउ पुऱ्याएको छ भन्ने उनी मान्छन् । एक असल समाजको बौद्धिक प्रतिनिधिले समाजलाई हरेक दृष्टिकोणबाट सघाउ पुऱ्याउन सक्छ भन्ने धारणा राख्ने शाहमा बौद्धिक विशिष्टता पनि रहेको पाइन्छ ।

## २.१६. महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र साहित्यलेखनका बीच अन्तर्सम्बन्ध

कथाकार महेशविक्रम शाहले आफ्नो जीवन भोगाइमा अनुभव गरेका सरल-जटिल परिस्थिति, बासोबास, आरोह-अवरोह, विभिन्न संघसंस्थामा रहेर काम गर्दाको अनुभव, विदेश यात्रा गर्दाको अनुभव आदिको ज्ञान एवं सीपबाट यिनको साहित्यिक तथा सामाजिक व्यक्तित्व निर्माण भएको देखिन्छ । यिनको साहित्यिक व्यक्तित्वको निर्माण गर्ने मूलतः कथा, कविता एवं निबन्ध नै हुन् । समाजका कुरीतिप्रति व्यङ्ग्य गर्दै समाजसुधारको भावनाका साथै साहित्यकार एवम् प्रहरी हुनुको भूमिकालाई आफ्ना अनुभवका माध्यमले सहजताका साथ बहन गर्ने क्षमता उनमा रहेको पाइन्छ । साहित्य सिर्जनाप्रतिको लगनशीलता, अग्रणी साहित्यकारहरुको प्रोत्साहन, शैक्षिक पारिवारिक परिवेश, नेपाल एवं विदेशका विभिन्न क्षेत्रहरुको भ्रमण आदिले समाजलाई नजिकबाट हेर्ने र समाजका विविध सभ्यता र संस्कृतिको अध्ययन गर्ने अवसर प्राप्त भएको हुनाले यिनको सामाजिक व्यक्तित्व खारिन गएको देखिन्छ । बाल्यकालदेखि नै साहित्य सिर्जनाप्रतिको तीव्र चाहना र आफ्नो कामप्रतिको लगनशीलताले यिनको व्यक्तित्वलाई तिखार्दै लगेको छ । यिनका साहित्य सिर्जनामा जीवनको सामाजिक वस्तुस्थिति, चाकरी, चाप्लुसी प्रबृत्ति, श्रमको मूल्य,

नारीप्रतिको सद्भाव, प्रकृति चित्रण, सामाजिक विकृति र विसङ्गतिप्रति तीव्र रोष प्रकट भएको पाइन्छ । यसरी आजसम्मको शाहको जीवनी र व्यक्तित्वलाई सर्वेक्षण गर्दा साहित्य सिर्जनामा यिनको आन्तरिक संयोजन भएको देखिन्छ भने हाल पनि निरन्तर सिर्जनशीलतामा संलग्न रहेका हुनाले यिनीबाट साहित्यले अझै धेरै कुरा प्राप्त गर्ने संभावना रहेको देखिन्छ ।

## परिच्छेद - तीन

## ३. कथाकार महेशविक्रम शाहको कथा-यात्रा तथा 'अफ्रिकन अमिगो' कथा सङ्ग्रहका कथाहरुको वर्गीकरण र ती कथामा पाइने प्रवृत्तिहरुको अध्ययन

### ३.१ कथाकारको साहित्यिक परिचय

महेशविक्रम शाहले विद्यालय जीवनदेखि नै लेखन अभ्यास सुरु गरेका हुन् । टीकापुर आवासीय माध्यमिक विद्यालयमा पढ्दापढ्दै विभिन्न साहित्यिक कार्यक्रमहरुमा सक्रियतापूर्वक सहभागी हुने र साहित्यिक समूह निर्माण गरी विभिन्न साहित्यिक क्रियाकलाप गर्ने स्वभावले उनको भावी लेखकीय जीवनको जगत यार भएको देखिन्छ । त्यसबाहेक सानैदेखिको साहित्यप्रतिको चाख, उत्सुकता र उनको वरिपरिको ग्रामीण थारुहरुको सामाजिक, साँस्कृतिक प्रथाले पनि उनलाई साहित्यकारको रुपमा स्थापित हुने प्रेरणा प्रदान गरेको छ । २०४६ सालमा विज्ञान विषयमा स्नातक उत्तीर्ण गरी २४ वर्षको उमेरमा प्रहरी सेवामा प्रवेश गरेका कथाकार महेशविक्रम शाहको साहित्य लेखनको प्रारम्भ कविता विधाबाट भएको हो । उनले सर्वप्रथम **साहित्यको फूल सापकोटा** नामक कविता लेखेका थिए जसमा महानन्द सापकोटालाई सम्भना गरिएको थियो अर्थात् उक्त कविता महानन्द सापकोटाको बारेमा लेखिएको थियो । प्रस्तुत कविता २०३५ सालमा **हिमाली सौगात** पत्रिकामा प्रकाशित भएको थियो । यिनको पहिलो लिखित र प्रकाशित कथा भने **आमा** रहेको छ जुन २०३६ सालमा महेन्द्रनगरबाट प्रकाशित हुने पत्रिका **साप्ताहिक वार्ता**मा छापिएको थियो (शोधनायकबाट प्राप्त जानकारी) । यिनको पहिलो प्रकाशित कथा **आमा** भए तापनि स्नातक तहको अध्ययनको क्रममा अमृत साइन्स क्याम्पसको भित्रे पत्रिकामा **सटाहा** नामको कथा प्रकाशित भएपछि मात्र यिनको औपचारिक साहित्यिक यात्रा प्रारम्भ भएको हो (भट्टराई, २०६६ : १३) । कथाकार महेशविक्रम शाहले २०३६ सालबाट पहिलो कथा लेख्न सुरू गरे पनि २०५३ मा आएर मात्र उनले पहिलो कथा सङ्ग्रह प्रकाशन गरे । उक्त कथा सङ्ग्रहको नाम **सटाहा** रहेको छ जसमा १५ ओटा कथाहरू सङ्ग्रहित छन् । यस कथा सङ्ग्रमा २०४६ देखि २०५२ सालसम्म प्रकाशित कथाहरू मध्ये मैले उत्कृष्ट ठानेको पन्ध्र वटा कथाहरूलाई सङ्ग्रहित गरेको छु भन्ने यिनको कथन रहेको छ (शाह, २०५३ : ग) । यसबाट के प्रष्ट हुन्छ भने कथाकार शाहले २०४६ सालमा सटाहा कथा प्रकाशनमा ल्याए पश्चात् २०५३ सालसम्म (सटाहा कथा सङ्ग्रह प्रकाशनमा आएको समयसम्म) **सटाहा** कथा सङ्ग्रहभित्रका पन्ध्र कथाबाहेक अन्य कथाहरू पनि प्रकाशनमा ल्याइसकेका थिए । जसमध्ये उत्कृष्ट लागेका कथाहरूलाई मात्र **सटाहा** कथा सङ्ग्रहमा स्थान दिए । **सटाहा** कथा सङ्ग्रह पश्चात उनले

**सिपाहीकी स्वास्नी** (२०५९), **अफ्रिकन अमिगो** (२०६०), **छापामारको छोरो** *(२०६३) र* ***काठमाडौंमा कामरेड*** *(२०६५)* जस्ता अन्य चारओटा कथा सङ्ग्रह पनि प्रकाशनमा ल्याइसकेका छन् *। त्यसबाहेक कथाकार* शाहले फुटकर कथा तथा संस्मरणहरू पनि हालसम्म प्रकाशनमा ल्याइरेहका छन् । प्रकाशनको समयलाई मध्यनजर गर्दा **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रह दोस्रो कथा सङ्ग्रह भए तापनि कथाकार शाह यसलाई तेस्रो कथा सङ्ग्रह भन्न रूचाउँछन् । **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रहमा स्वयम् भनेका छन्-"यो मेरो तेस्रो कथा सङ्ग्रह हो । दोस्रो कथा सङ्ग्रह राजकीय प्रज्ञा प्रतिष्ठानमा प्रकाशोन्मुख छ । प्रकाशनको क्रमले यो मेरो दोस्रो कथा सङ्ग्रह भए तापनि प्रकाशित रचनाहरूको समय गणना गर्दा तेस्रो कृति हुन आउँछ । म पनि यस सङ्ग्रहलाई तेस्रो नै भन्न रूचाउँछु" ( शाह, २०५९) यस भनाइद्वारा के प्रष्ट हुन्छ भने **अफ्रिकन अमिगो** कथा सङ्ग्रहमा रहेका कथाहरू **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रहका कथाहरूभन्दा अगाडि लेखिएका र फुटकर रूपमा प्रकाशन समेत भइसकेका छन् । त्यसकारण कथाकार महेशविक्रम शाहको कथा यात्राको चर्चा गर्दा **अफ्रिकन अमिगो** कथा सङ्ग्रहलाई दोस्रो कथा सङ्ग्रह मानेर विश्लेषण गर्नुपर्ने देखिन्छ । कथाकार शाहले माथि उल्लेख गरेका भनाइबाहेक उनका कथाहरूको अध्ययन गर्दा पनि **अफ्रिकन अमिगो र सटाहा**को विषयवस्तु, शिल्प, शैली आदिले मेल खान्छ भने **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रहका कथाहरूसँग आएका केही कथाहरूले **छापामारको छोरो** संङ्ग्रहभित्रका कथाहरूसँग मेल  खान्छन् । त्यसकारण शाहको कथा-यात्रा पहिल्याउँदा **सटाहा, अफ्रिकन अमिगो, सिपाहीकी स्वास्नी**, **छापामारको छोरो** र **काठमाडौँमा कामरेड**लाई लेखनको क्रम मान्नु उपयुक्त हुन  जान्छ ।

२०३६ सालबाट कथा लेख्न सुरु गरेर हालसम्म पनि त्यसलाई निरन्तरता दिइरहेका कथाकार महेशविक्रम शाहको कथा-यात्रालाई मुख्यतया तीन चरणमा विभाजन गरेर विश्लेषण गर्न सकिन्छ । कथाकार महेशविक्रम शाहको सामाजिक यथार्थवादी प्रवृत्तिले नै हालसम्म निरन्तरता पाइरहेको छ । त्यसकारण कथा यात्राको चरण विभाजन गर्दा कथाकार शाहले आफ्ना कथाहरूमा प्रयोग गरेका विषयवस्तुहरूको समानता वा भिन्नतालाई मुख्य आधार बनाइएको छ । कुन चरणमा कस्ता किसिमका विषयवस्तुलाई महत्त्व दिएका छन् भन्ने आधारमा कथाकार महेशविक्रम शाहको कथा-यात्रालाई निम्नानुसार विभाजन गर्न सकिन्छ

प्रथम चरण : २०३६-२०६०

दोस्रो चरण : २०६१-२०६३

तेस्रो चरण : २०६४ - हालसम्म

शाहका कथाहरूलाई तीन चरणमा विभाजन गर्नुको मुख्य आधार भनेको विषयवस्तु र परिवेश (देश, काल, परिस्थिति) रहेका छन् । पहिलो चरणमा विशेषगरी नेपालको विभिन्न परम्परागत प्रवृत्ति अझ त्यसमा पनि नेपालको पश्चिमी भागमा प्रचलित विभिन्न संस्कार र संस्कृतिहरू रहेका छन् । यस चरणमा विदेशी पृष्ठभूमिका कथाहरू पनि धेरै लेखिएका छन् । दोस्रो चरणमा २०५२-२०६२ सम्म नेपालको द्वन्द्वग्रस्त परिवेश र नेपाली जनताका पीडामय स्थितिहरू विषयवस्तुका रूपमा रहेका छन् । तेस्रो चरणमा २०६३ पछिको काठमाडौँको परिवेश र देशको सङ्क्रमणकालीन अवस्थालाई अवलम्बन गरिरहेका नेपाली जनताहरू विषय वस्तुका रूपमा आएका छन् ।

## ३.२ चरणगत वर्गीकरण

### ३.२.१ पहिलो चरण (२०३६-२०६०)

यो चरण कथाकार महेशविक्रम शाहको कथा-यात्राको प्रथम चरण हो । अन्य दुई चरणभन्दा उल्लिखित प्रथम चरणको समय केही लामो रहेको छ र यस चरणमा कथाकार शाहले पहिलो कथा प्रकाशन गर्नेदेखि लिएर तीनओटा कथा सङ्ग्रह प्रकाशन गर्ने काम गरेका छन् । यिनको पहिलो कथा २०३६ सालमा प्रकाशनमा आएको भए तापनि २०५३ मा मात्र यिनको कथाहरूले एक सङ्ग्रहमा सङ्ग्रहित हुने अवसर पाएको कुरा माथि नै उल्लेख भइसकेको छ । २०५३ मा **सटाहा** कथा सङ्ग्रह प्रकाशन भएपछि **अफ्रिकन अमिगो** र **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रहको प्रकाशन सम्मको समय पहिलो चरण अन्तर्गत पर्छन् ।

माथि उल्लेख गरिएका तीन कथा सङ्ग्रहमा प्रयोग गरिएको विषयवस्तुमा समानता भेटिएको कारण यी तीन सङ्ग्रह प्रथम चरणमा परेका हुन् । विषयवस्तुमा समानता भन्नाले सबै कथाहरूको विषय एउटै भनेर बुझ्नु उपयुक्त हुदैन । प्रथम चरणमा कथाकार शाहले आफ्ना कथाहरूमा नेपाली समाजका विभिन्न संस्कृति (विशेष गरी थारू समाजका संस्कृतिहरू) लाई विशेष महत्त्व दिएका छन् । साहित्यकार शाहले आफू बाँचेको परिवेशले आफ्नो साहित्य सिर्जनामा उत्प्रेरकको काम गरेको कुरा उल्लेख गरेका छन् । विशेष गरी आफू जन्मिएको, हुर्किएको गाँउबाट नै साहित्यिक अनुभूति सँगालेका कथाकार शाहले थारू बस्तीका प्रथाहरू र उनीहरूको सामाजिक, सांस्कृतिक प्रचलनबाट नै आफ्नो २०३७ सालदेखि २०४५ सालसम्म निद्रामा परेको साहित्य बिउँझिएको कुरा व्यक्त गर्दछन् । यी भनाइहरूबाट पनि उनका कथाहरूमा ग्रामीण समाज, थारू संस्कृति, ग्रामीण थारू

समाजका चलन-चल्ती, कमैया प्रथा आदिलाई नै मुख्य विषयवस्तु बनाइएको छ भन्ने कुरा बुभ्न सकिन्छ । यसो भन्दैमा थारू संस्कृति बाहेक अन्य संस्कृतिलाई आफ्नो कथामा नसमेटेका भने होइनन् तर **सटाहा** कथादेखि **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रहसम्म उनले विशेष गरी थारू संस्कृति र अन्य विविध संस्कृति तथा प्रथालाई प्रस्ट रूपमा चिनाउने प्रयास गरेका छन् । **सटाहा, तृष्णा, संस्कार, चम्पी, सरू र सपनाको राजकुमार, माघी, चोखाउनी, चरकी, फागुको रङ्ग, कमारो, भिमरूक खोला, पुनरागमन** कथाहरूमा विभिन्न संस्कार र प्रथाहरू विद्यमान छन् । त्यसैगरी कथाकार शाहले सुदूरपश्चिम क्षेत्रतिर हुने देउकी प्रथा, त्यहाँका बुहारीहरूको संस्कृति आदिलाई हृदयविदारक तरिकाले व्यक्त गरेका छन् । **किमधाराको खर्क** र **खोरभित्रको घर** यसका प्रमुख उदाहरण हुन् ।

कथाकार महेशविक्रम शाहले पहिलो चरणमा विषयगत विविधता पनि देखाएका छन् । उनले नेपालीहरूको गरिबी तथा दयनीय अवस्थाको चित्रण गर्ने घटनालाई पनि विषयवस्तुका रूपमा समेटेका छन् । **टाँगन घोडा, चम्पी, सहर, सुँडी दमीनी, यात्राहरू जुन कहिल्यै टुङ्गिदैनन्, माघी, किमधाराको खर्क, पुनरागमन, चरकी, कमारो, भिमरूक खोला, खोरभित्रको घर**जस्ता कथाहरूले नेपालका विभिन्न भू-भागमा बस्ने विभिन्न जात जातिहरूको गरिब अवस्थालाई चित्रण गरेका छन् । त्यसैगरी उनले यौन (विशेष गरी नारी यौन) सँग सम्बन्धित विषयवस्तुलाई पनि आफ्ना कथाहरूमा स्थान दिएका छन् । **सटाहा, तृष्णा, सुलेखा, चोखाउनी, फूलमतीको बोको, फागुको रङ्ग** कथाहरू यौनसँग सम्बन्धित रहेका छन् । कथाकार शाहले पुराना पुस्ता र नयाँ पुस्ताबीचको अन्तरलाई देखाउने विषयवस्तुहरूलाई पनि आफ्ना कथामा समेटेका छन् । **बूढो चरी र काम्रोको रूख, प्रकृति र मान्छे, निभेको गुलुप, गनाउने चामल** यसका उदाहरण हुन् । त्यस्तै कथाकार शाहले प्रेमका विषयवस्तु, खातेहरूको जनजीवन, भ्रष्टाचार र घुसखोरी प्रथा, मानिसमा हुने छद्म चरित्र आदिलाई पनि आफ्ना कथाहरूको विषयवस्तु बनाएका छन् । यस चरणमा उनले विदेशी भावभूमिका कथाहरू पनि प्रशस्तै लेखेका छन् । **प्रिटोरियाको चिसो रात, वोल्सेइ थियटर वरिपरि, नाइट क्लव, ड्याफडिलका फूलहरू, अफ्रिकन अमिगो, टिमोरटिमुर, सुँगुरको पाठाको मृत्यु, काँडा फूल्ने बगैचा** यसका उदाहरण हुन् । आञ्चलिक कथाहरू पनि उनका यस चरणका कथा सङ्ग्रहमा सङ्गृहित भएका छन् । **सटाहा, यात्राहरू जुन कहिल्यै टुङ्गिदैनन्, किमधाराको खर्क, खुमा** आदि आञ्चलिकता भल्काउने कथाहरू हुन् । यिनमा त्यहाँको जनजीवन, संस्कृति, भाषा तथा सामाजिक प्रचलन र स्थान विशेष समेत प्रष्ट रूपमा आएका छन् । **सटाहा, तृष्णा, संस्कार, माघी, पुनरागमन, किमधाराको खर्क,**

**चोखाउनी, कमारो, फूलमतीको बोको, खोरभित्रको घर** आदि यस चरणका प्रतिनिधि कथाहरू हुन् ।

**प्रवृत्तिहरू:**

कथाकार महेशविक्रम शाहको यस चरणका कथागत प्रवृत्तिहरूलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

- सामाजिक यथार्थवादी चिन्तन सिर्जन ।
- यौन मनोविज्ञान (विशेष गरी नारी यौन मनोविज्ञान) को प्रस्तुति ।
- आञ्चलिकताको प्रस्तुति ।
- विषयगत विविधताको प्रस्तुति ।
- आफ्नो गाउँ, समाज, बस्ती र माटोप्रतिको प्रेमको अभिव्यक्ति ।
- विदेशी भावभूमिका कथामा नेपालीपनको आभास ।
- सामन्ती शोषण, भ्रष्टाचार, गरिबी आदिको यथार्थ चित्रण ।
- भाषाशैलीगत उत्कृष्टता ।
- प्रतीकात्मक भाषाको प्रयोग

### ३.२.२. दोस्रो चरण (२०६०-२०६३)

यो चरण कथाकार महेशविक्रम शाहको कथा-यात्राको दोस्रो चरण हो । यस चरणमा यिनको एकमात्र कथा सङ्ग्रह **छापामारको छोरो** प्रकाशनमा आएको छ । पहिलो चरणमा देखिएको यथार्थवादी मूल प्रवृत्ति नै यस चरणमा पनि मूल प्रवृत्तिको रूपमा रहेको छ तर यस चरणमा उनले पहिलो चरणमा जस्तो सामाजिक सांस्कृतिक घटनालाई मुख्य विषयवस्तु बनाएका छैनन् । त्यसैगरी उनी विषयगत विविधता र आञ्चलिकता झल्काउने कथाहरूको दृष्टिकोणले पनि यस चरणमा फरक रूपमा देखिएका छन् अर्थात् कथाकार शाहले यस चरणमा दश वर्षसम्म चलेको जनयुद्धलाई र त्यसबाट सिर्जित नेपालीहरूको अवस्थालाई मुख्य विषयवस्तुको रूपमा चित्रण गरेका छन् । नेपाल र नेपाली जनताहरूले दस वर्षसम्म भोग्नुपरेको लामो सशस्त्र द्वन्द्वले उब्जाएका मानसिक पीडा, देशको खस्कदो अवस्था र बन्दुकको त्रासलाई उनले यस चरणका कथाहरूमा मुख्य विषयवस्तुको रूपमा ग्रहण गरेका छन् । यद्यपि **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रहमा पनि नेपालको दसवर्षे युद्धको पीडा त केही रूपमा समेटिएको छ तर त्यसमा तुलनात्मक रूपमा द्वन्द्वको विषयवस्तुभन्दा

द्वन्द्व इतरका विषयवस्तु प्रधान रूपमा रहेको हुनाले द्वन्द्वको चरम रूप समेटिएको कथा सङ्ग्रह **छापामारको छोरो** हो । यस कथा सङ्ग्रहमा आञ्चलिकता झल्काउने कथाहरू, विषयवस्तुगत विविधता देखाउने कथाहरू, संस्कृतिलाई पहिचान गराउने कथाहरूभन्दा पनि दस वर्षे सशस्त्र युद्ध र त्यसले निम्त्याएका स्थितिहरूको चित्रण बढी मात्रामा रहेका छन् । त्यसकारण द्वन्द्वका विषयवस्तुलाई विशेष रूपमा समेटिएर तयार भएको कथा सङ्ग्रह भएको हुनाले **छापामारको छोरो** कथा सङ्ग्रह दोस्रो चरणमा पर्न गएको छ ।

नेपालमा जनयुद्ध सुरु भएपश्चात जनआन्दोलन २०६२/६३ सम्मको समयावधिको नेपाली परिवेश, नेपाली जनताको जीवनस्तर, आर्थिक सामाजिक स्थिति, द्वन्द्वले दिएको नेपाली जनताको पीडा, उनीहरूको चित्कार र अन्त्यमा निसशत्र विद्रोह र राजसंस्थाको अन्त्यसम्मको स्थितिलाई यस कथा सङ्ग्रहमा समेटिएको छ । यस चरणमा कथाकारले न थारू संस्कृतिको चित्रण गरेका छन् न कमैया प्रथाको । उनले विदेशी भावभूमिलाई दर्शाउने कथाहरू पनि यसमा सङ्ग्रहित गरेका छैनन् (मिसन इन नेपालमा विदेशी पात्रको नाम मात्र उल्लेख गरेका छन्) । उनले वधशालामा बुद्धको ध्वनि गुञ्जायमान गराए पनि, मान्छेलाई पशुमा परिणत भएको देखाए पनि, हुम्लीवासीहरूको भोको पेट देखाए पनि, मानिसहरूलाई मेसिनमा परिणत गराए पनि यी सबै विषयवस्तुलाई दसवर्षे सशस्त्र द्वन्द्वसँगै जोड्ने काम गरेका छन् । तत्कालीन नेपालीहरूको निरीह अवस्था, कमजोर मानसिक स्थिति, दिनदहाडै हुने बलात्कार, हत्या, लुटपाट, अपहरणजस्ता क्रियाकलापहरू द्वन्द्वका परिणाम हुन् भन्ने तत्कालीन यार्थाथलाई उनले प्रस्तुत कथा सङग्रहमा समेटेका छन् । यस चरणका उनका कथाहरूमा समाजको संस्कृति, प्रजाति तथा जातजातिहरू सजिलै पहिचान गर्न सकिदैन । पहिलो चरणमा जस्तै गरी पात्र अनुसारको अलग-अलग भाषा पनि प्रयोग गरिएको छैन । तत्कालीन समयमा देशका सारा जनताले एउटै पीडा भोगेको हुनाले उनले त्यही पीडालाई नै मुख्य विषयवस्तुको रूपमा देखाउने प्रयास गरेका छन् । "त्यहाँका भय चित्रहरू केवल स्वैरकल्पनाका उपज हुन् कि जस्तो लाग्न सक्छ, दस वर्षसम्म देशले भोगेको दुर्दान्त कथा नदेख्नेका लागि यी घटनाहरू केवल दन्त्यकथाझैं लाग्न सक्छ तर यी कथाले बोकेका दुःख र दर्दका चित्रहरू न काल्पनिक हुन, न सपना, न स्वैरकल्पनाका कुरा, न दन्त्यकथाका न धेरै टाढा परदेश भूमिका" (शाह, २०६३ : घ) । यो भनाइबाट पनि यो कथा सङ्ग्रह दस वर्षे सशस्त्र द्वन्द्वको विषयवस्तुभित्र र सीमाभित्र समेटिएको छ भन्ने कुरा बुझ्न सकिन्छ । युद्धका कथा र व्यथा, बन्दुकबाट निस्केका गोली र त्यसले बनाएका शारीरिक-मानसिक घाउ, विधवाको पुछिएको सिन्दुर, आमाको रित्तिएको काख, बाबुको रित्तिएको काँध र नेपाली जनताका टुक्रा परेका सपनाहरू नै यस कथा

सङ्ग्रहमा विषयवस्तुका रूपमा पाउन सकिन्छ । त्यसो भन्दैमा यसमा समाज, संस्कृति, धर्म, जाति, प्रथा, रिबाज पटक्कै नआउने भन्ने होइन । साहित्यमा समाज र संस्कृतिको चित्रण त अनिवार्य शर्त हुन आउछ तर यस कथा सङ्ग्रहमा कथाकारको उद्देश्य सामाजिक संस्कारलाई पाठक सामु राख्नु र पहिचान गराउनुभन्दा पनि दस वर्षे युद्धले निम्त्याएका विभीषिकालाई पाठकसामु ल्याउनु रहेकाले युद्धले जेलिएका घटनाभित्र नेपाली संस्कृति र प्रथाहरू न्यून मात्रामा भेटिन्छन् । युद्धकथा सङ्ग्रहभित्र संस्कार, संस्कृति र जातिगत भिन्नता अपेक्षाकृत कम पाइनु स्वभाविक नै हुन गएको छ । **वधशालामा बुद्ध, युद्धविराम जिन्दावाद, म र मुर्दाहरू, बन्द ढोका र समय, भत्केको ढोका र सपनाहरू, किडी जियाले कर्नालीमा फाल हालिन्** कथाहरू यस चरणका प्रतिनिधि कथाहरू हुन् ।

**प्रवृत्तिहरू:**

कथाकार महेशविक्रम शाहको कथा-यात्राको दोस्रो चरणका प्रवृत्तिहरूलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

- सामाजिक यथार्थवादी चिन्तनलाई नै निरन्तरता दिनु ।
- युद्धको परिवेशलाई मुख्य विषयवस्तु बनाउनु र सहरी परिवेश भन्दा ग्रामीण परिवेशलाई प्राथमिकतामा राख्नु ।
- मानिसमा विकसित हुँदै गएको संवेदना शून्यताको प्रवृत्तिलाई स्वभाविक रूपमा चित्रण गर्नु र मानवतावादी स्वर प्रकट गर्नु ।
- युद्धका परिवेशभित्रै गलत राजनीतिक खेल र प्रशासनिक अकर्मन्यतालाई पहिचान गराउनु ।
- नेपाली जनताको निरीह र सन्त्रस्त जीवनको यथार्थ उद्घाटन गर्नु ।
- बन्दुकभन्दा विचार र जनताको एकता महान हुन्छ र त्यसले विजय प्राप्त गर्दछ भन्ने वास्तविकताको चित्रण गर्नु ।
- स्वैरकल्पनात्मक स्थानको प्रयोगसँगै यथार्थ घटनाको समिश्रण गर्नु ।
- व्यङ्ग्यात्मक र प्रतीकात्मक भाषाको साथै वौद्धिक र स्तरीय भाषाको प्रयोग गर्नु ।

### ३.२.३. तेस्रो चरण (२०६४- हालसम्म)

२०६४ पछिको चरण भनेको महेशविक्रम शाहको कथा-यात्राको तेस्रो चरण मानिन्छ । यस चरणमा आएर कथाकार शाहले आफ्ना कथाहरूको विषयवस्तुमा पुनः परिवर्तन ल्याएका छन् । उनले दोस्रो चरणमा दस वर्षे सशस्त्र द्वन्द्वलाई मुख्य विषयवस्तु बनाएका थिए भने यस चरणमा लोकतन्त्र स्थापना पश्चातको नेपाली परिवेशलाई मुख्य विषयवस्तु बनाएका छन् । यस चरणमा यिनको एउटा कथा सङ्ग्रह **काठमाडौंमा कामरेड** मात्र पर्न आएको छ अर्थात् २०६३ पछि **काठमाडौंमा कामरेड** कथा सङ्ग्रह मात्र प्रकाशन भएको छ । त्यसकारण यस चरणमा **काठमाडौंमा कामरेड** कथा सङ्ग्रहभित्रका कथाहरूका विषयवस्तुलाई मध्यनजर गरिएको छ । नेपालमा दस वर्षे द्वन्द्वको अन्त्य भएर लोकतन्त्र स्थापना भए पश्चातको नेपालको सङ्क्रमणकालीन अवस्थाको चित्रण यस कथा सङ्ग्रहमा भएको छ । देशको सङ्क्रमणकालीन परिवेशले नेपाली जनतालाई पनि सङ्क्रमणमा नै बाँच्न विवश बनाएको यथार्थ उनका कथाहरूमा पाउन सकिन्छ । देशमा लोकतन्त्रको स्थापना भइसकेपछि पनि आन्दोलन, सडक जाम तथा जनताको सास्ती नसकिएको र देशले निकास पाउन नसकेको यथार्थ उनका कथाहरूमा प्रकट भएको छ । **हराएको देश खोज्दै जाँदा, क्यान्टोन्मेन्ट, ऊ एक पात्र लोकतन्त्रको** जस्ता कथाहरू यसका उदाहरण हुन् ।

यस चरणका कथाहरूमा पहिलो चरणमा झैं विषयगत विविधता देखापर्दछ । यो चरणका कथाहरू २०६३ पछिको समयका कथाहरू हुन् भन्ने कुरा प्रष्ट छ । २०६३ पछिको नेपालको राजनीतिमा सङ्क्रमणको अवस्था छ फलस्वरूप त्यसको प्रभाव नेपालको सामाजिक, आर्थिक जस्ता हरेक पक्षमा परिरहेको छ । यस्तो नेपाली परिवेशको यथार्थ चित्रण कथाकार शाहका कथाहरूमा देखापरेता पनि अन्य विषयवस्तुलाई पनि उनले यस चरणमा समेट्ने प्रयास गरेका छन् ।

नेपालमा सत्ताको लुछाचुडी छ । त्यसको फाइदा विदेशी वा छिमेकी राष्ट्रहरूले लिन खोज्दैछ । भाइ फुट्यो गवाँर लुट्यो भनेझैं नेपालका राजनैतिक दललाई फुटाएर आफ्नो स्वार्थ पूरा गर्ने छिमेकी राष्ट्रहरूको प्रवृत्ति र धनको लोभमा आफ्नो देश लुटिएको र सीमा मिचिएको पीडाबोध नगर्ने नेपाली राजनीतिज्ञहरूको व्यवहारलाई उनले **छिमेकीको छाता र छाडा छोराहरू** कथामा विषयस्तुका रूपमा समेटेका छन् ।

गलत राजनीति गर्ने प्रवृत्तिलाई र सफल बन्नको लागि वा धन कमाउनको लागि लागि कुकुर सरह भएर ठूला बडाको अघि झुक्नुपर्ने स्थितिलाई पनि कथाकार आफ्नो

कथाको विषयवस्तु बनाउछन् । **गुलाफसिंह बन्यो विस्फोटसिंह** र **म पनि कुकुर** क्रमशः त्यस्तो भाव बोक्ने कथाहरू हुन् ।

नयाँ-नयाँ पुस्ताहरूमा विकसित हुँदै गएको धारणा, उनीहरूले पाउदै गएको सुविधा र उनीहरूले अपेक्षा गर्ने सुविधा कतिसम्म गह्रौं हुँदै गएको छ भन्ने यथार्थलाई विषयवस्तुको रूप दिएका छन् **मिकी माउस** कथामा जुन कथामा म पात्रको नातिले लिभिङ मेसिनको माग गरेको छ । शाहले धर्मको नाममा हुने विकृतिलाई पनि कथाको विषयवस्तु बनाएका छन् । बाहिर भिक्षु देखिने तर धनदौलत तथा सुख-सुविधा भोग गर्नुपर्दा चाहिँ अन्य सम्पन्न व्यक्तिहरू सरह बन्ने बौद्ध भिक्षुहरूको चित्रण पनि उनका कथाहरूमा पाइन्छ ।

नेपालीहरूको विदेशिनुपर्ने बाध्यात्मक अवस्था र अन्य मुलुकका नागरिकले नेपालीहरूलाई हेर्ने दृष्टिकोणलाई पनि कथाको विषयवस्तु बनाएका छन् । नेताहरूको गैर जिम्मेवारीपन अर्थात् सत्तामा पुगेपछि आफूले जनतालाई दिएको आश्वासन र आफ्नो सिद्धान्तमा समेत परिवर्तन ल्याउछन् भन्ने कुरालाई पनि कथाकारले विषयवस्तु बनाएका छन् । प्रहरी सेवामा कार्यरत कर्मचारीले आफ्नो विवेकले काम गर्न नपाउने, आफूभन्दा माथिका अधिकृत सि.डि.ओ. नेता, मन्त्रीको आदेश पालन गर्नुपर्ने बाध्यात्मक स्थितिलाई पनि आफ्ना कथाहरूमा स्थान दिएका छन् । राजसंस्था ढले पनि, गणतन्त्र आएपनि शितल निवास, वालुवाटार, सिंहदरवार, नागार्जुनका नाममा अझै राजसंस्था बाँचिरहको र जनताहरू भने जता काफल पाक्यो उनै चरी नाच्यो भने झैं सुरक्षाको खोजीमा तिनै विभिन्न नामका राजसंस्थातिर जान खोज्ने प्रवृत्तिलाई पनि कथाको विषयवस्तु बनाएका छन् । त्यसैगरी व्यक्तित्वहरूमा हुने द्वैध चरित्र, स्वार्थी प्रवृत्ति र विदेशी पृष्ठभूमिका विषयवस्तुलाई पनि यस चरणका कथामा विशेष महत्व दिएका छन् ।

राजसंस्थाको अन्त्य र गणतन्त्रको स्थापनापछि पनि नेपाली नेताको छवी र नेपाली जनताको जीवनस्तरमा परिवर्तन नभएको स्थिति, छापामार योद्धाहरूको अनिश्चित भविश्य, बन्द हड्ताल र सडकजाम लगायतका घटनाहरू नै यस चरणका कथाहरूमा मुख्य विषयवस्तु बनेका छन् । **काठमाडौंमा कामरेड, हराएको देश खोज्दै जाँदा**, **छिमेकीको छाता र छाडा छोराहरू, ऊ एक पात्र लोकतन्त्रको** जस्ता कथाहरू यस चरणका प्रतिनिधि कथाहरू हुन् ।

**प्रवृत्तिहरू**

कथाकार महेशविक्रम शाहको कथा-यात्राको तेस्रो चरणका कथागत प्रवृत्तिहरू निम्न बुँदामा प्रस्तुत गरिएको छ :

- सहरी परिवेश (विशेष गरी काठमाडौं) लाई मुख्य परिवेशको रूपमा प्रस्तुत गर्नु ।
- लोकतन्त्रपछिको संक्रमणकालीन स्थितिको चित्रण गर्नु ।
- व्यङ्ग्यमूलक कथा रचना गर्नु (म पनि कुकुर,नारायणहिटीका चमेराहरू) ।
- दोस्रो चरणको तुलनामा विषयवस्तुगत विविधता देखाउनु ।
- नेताहरूको स्वार्थी प्रवृति र असफल पात्रहरूको चित्रण गर्नु ।
- दलाल, नोकरशाह तथा नेताहरूको चाकरी गर्ने नेपालको परम्परागत संस्कृतिलाई उदाङ्गो पार्नु ।

## ३.३. 'अफ्रिकन अमिगो' कथा सङ्ग्रहका कथाहरुको वर्गीकरण

कथाकार महेशविक्रम शाहको **अफ्रिकन अमिगो** कथा सङ्ग्रहमा जम्मा १५ ओटा कथाहरु सङ्गृहीत छन् । यसमा केही विदेशी पृष्ठभूमि र केही स्वदेशी पृष्ठभूमिबाट विषयवस्तु लिई लेखिएका छन् । यी कथाहरुलाई निम्न रुपमा वर्गीकरण गरिएको छ :

### ३.३.१. सामाजिक यथार्थवादी कथा

**अफ्रिकन अमिगो** कथा सङ्ग्रहमा रहेका **अफ्रिकन अमिगो, चिहान, किमधाराको खर्क, पुनरागमन, सरजु लाला, गाउँमा हलचल** कथाहरुले सामाजिक विषयवस्तुलाई समेटी समाजको निम्नवर्गीय यथार्थलाई प्रकट गरेका छन् । समाजका चालचलन, मनस्थिति, आर्थिक, सामाजिक अवस्था, वर्गीय शोषण आदिबाट कुण्ठित बनेका व्यक्तिको सामाजिक जीवन भोगाइलाई उक्त कथाहरुमा समेटिएको छ ।

### ३.३.२. संस्कृतिप्रधान कथा

यस कथा सङ्ग्रहमा **माघी, चोखाउनी, चरकी, गाउँमा हलचल** कथाहरु साँस्कृतिक विषयवस्तुलाई ओगटेर लेखिएका छन् । समाजका विविध वर्ग र विचारहरुले निर्माण गरेको संस्कृति र जीवनमा त्यस संस्कृतिले पारेको प्रभावका बारेमा उक्त कथाहरुले बोलेका छन् । यसर्थः उपर्युक्त कथाहरुलाई संस्कृतिप्रधान कथाअन्तर्गत राख्न सकिन्छ ।

### ३.३.३. मनोवैज्ञानिक कथा

कथाकार शाहले यस कथा सङ्ग्रहमा **चिहान, फागुको रङ्ग** कथाहरुमा मनोवैज्ञानिकता झल्किएको छ । **चिहान**मा चिहान प्राप्त गर्नकै लागि ५/५ जनाको हत्या गर्ने विक्षिप्त मानसिकतामा पुगेको पात्रलाई राखिएको छ भने **फागुको रङ्ग**मा पतिको सामीप्यबाट बञ्चित भएकी महिलाले आफ्नै जेठाजुमाथि यौनभाव राखेको विकृत यौनको मानसिकता देखाइएकाले उक्त दुई कथाहरुलाई मनोवैज्ञानिक कथाअन्तर्गत राख्न सकिन्छ ।

### ३.३.४. समस्याप्रधान कथा

कथा सङ्ग्रहमा देखिएका **चियाइरहेका सपनाहरु, मेरी पाटु, प्रकृति र मान्छे, सरजु लाला, चरकी** कथाहरु व्यक्तिगत तथा सामाजिक समस्याहरुलाई उजागर गर्ने कथाहरु हुन् । प्रेममा असफल, जीवन भोगाइमा असफल बनेका पात्रहरु र जीवनका विभिन्न जटिलताहरुलाई कथाको मुख्य समस्याको रुपमा प्रस्तुत गर्दै त्यसबाट प्रभावित बनेको पात्रको जीवनलाई देखाइएकाले उक्त कथाहरुलाई समस्याप्रधान कथाअन्तर्गत राख्न सकिन्छ ।

### ३.३.५. स्वच्छन्दतावादी कथा

**किमधाराको खर्क, गाउँमा हलचल, प्रकृति र मान्छे, पुनरागमन** यसअन्तर्गत लेखिएका कथा हुन् । भावी सुखद जीवनको कल्पना, प्रकृतिको वर्णन, जीवनप्रतिको मोह, खोक्रो सभ्यताप्रतिको वितृष्णा, आडम्बर र बनावटीपनाको विरोध, काल्पनिकता र भावुकताको प्रचुर प्रयोग भएको हुनाले उक्त कथाहरुलाई स्वच्छन्दतावादी भावधाराअन्तर्गत राख्न सकिन्छ ।

### ३.३.६. प्रगतिवादी कथा

यस कथा सङ्ग्रहमा रहेका **पुनरागमन, यात्राहरु जुन कहिल्यै टुङ्गिदैनन्, प्रकृति र मान्छे, माघी** प्रगतिशील स्वर भएका कथाहरु हुन् । यसमा परम्परागत संस्कृति र त्यसबाट उत्पन्न हुने दुष्परिणामले ग्रस्त जीवन भोगाइलाई प्रस्तुत गर्दै यस प्रकारको जीवनबाट मुक्त हुने सन्देश दिन खोजिएको छ । **पुनरागमन**मा मालिकको आँगनमा नाच्न नमानी त्यस्तो विवश र अपमानग्रस्त जीवनबाट मुक्तिको चाहना देखाएको, **यात्राहरु जुन कहिल्यै टुङ्गिदैनन्**मा दुई छाक टार्नका निम्ति जीवनभरि मालिकका भेडाको गोठालो बनेको जीवनलाई अस्वीकार गरी विद्रोह गरेको प्रसङ्गजस्ता विषयले उक्त कथाहरुलाई प्रगतिवादी कथाअन्तर्गत राख्न सकिन्छ ।

## ३.४. कथाकार महेशविक्रम शाहका 'अफ्रिकन अमिगो'मा देखिएका कथागत प्रवृत्तिहरुः

कथाकार महेशविक्रम शाहको तेस्रो कथा सङ्ग्रह **अफ्रिकन अमिगो** स्वदेशी तथा विदेशी पृष्ठभूमिका घटनाहरुलाई विश्लेषण गरी रचना गरिएका १५ ओटा कथाहरुको सङ्ग्रह हो । यस कथामा कथाकारका विविध कथा प्रवृत्तिहरु देखिएका छन् । मुख्यतयाः सामाजिक यथार्थवादी प्रवृत्तिमा आधारित रही कथा लेख्ने कथाकार शाहद्वारा लिखित **अफ्रिकन अमिगो** कथा सङ्ग्रहमा निम्न लिखित प्रवृत्तिहरु देखिएका छन् :

### ३.४.१. सामाजिकताः

महेशविक्रम शाह सामाजिक कथाकार हुन् । स्वदेशी वा विदेशी समाजका विभिन्न वर्गबाट पात्रहरु चयन गरी सामाजिक घटनालाई आधारभूमि बनाई उनले कथा लेखन गरेका छन् । समाजका घटना, रीतिरिवाज, मनस्थिति, पारिवारिक समस्या, संस्कृति आदिलाई विषयवस्तुका रुपमा आफ्ना कथाहरुमा शाहले समेटेका छन् । **अफ्रिकन अमिगो**, **यात्राहरु जुन कहिल्यै टुङ्गिगदैनन्**, **माघी**, **सरजु लाला** आदि कथाहरु सामाजिक विषयवस्तुमा आधारित रहेका छन् । यसर्थः सामाजिकता यस कथा सङ्ग्रहमा मुख्य प्रवृत्तिका रुपमा देखिएको छ ।

### ३.४.२. यथार्थताः

महेशविक्रम शाह यथार्थवादी कथाकार हुन् । समाजको संस्कृति, द्वन्द्व, अभावग्रस्त जीवन, युद्धको सन्त्रास, अशिक्षा आदिबाट व्यक्तिमा परेको प्रभाव र यसबाट मुक्तिको चाहना उनका कथाहरुमा प्रकट भएको छ । स्वदेशी वा विदेशी पात्रका जीवनको यथार्थलाई समेटी सुधारको चाहना उनले व्यक्त गरेका छन् । **पुनरागमन**, **चोखाउनी**, **मृगतृष्णा**, **गाउँमा हलचल**, **चरकी** आदि कथाहरुमा जीवनका भित्री र बाहिरी समस्याहरु, विसङ्गति, रुढि आदि केलाएर त्यसमा पिल्सिएका पात्रहरुको जीवन भोगाइको यथार्थलाई उक्त कथाहरुमा देखाइएकाले यथार्थता कथाकार शाहको अर्को प्रवृत्तिका रुपमा देखिएको छ ।

### ३.४.३. आञ्चलिकताः

आञ्चलिकता कथाकार शाहको अर्को मुख्य प्रवृत्ति हो । सुदूर ग्रामीण समाजका चालचलन, संस्कार, समस्या, आर्थिक अवस्था, अज्ञान, रुढि, वेशभूषा आदिलाई लिएर आञ्चलिक परिवेशमा उनले विभिन्न कथाहरुको रचना गरेका छन् । **किमधाराको खर्क**,

**चरकी**, **यात्राहरु जुन कहिल्यै टुङ्गिदैनन्** आदि कथाहरुमा समाजको सुदूर भेग एवं ग्रामीण क्षेत्रका बोली, वेशभूषा, चालचलन आदिको जीवन्त चित्रणका साथ निश्चित क्षेत्रको विचार, संस्कृति र संस्कार झल्किने कथाहरु लेखिएकाले आञ्चलिकता पनि यिनको प्रवृत्ति हो भन्न सकिन्छ ।

### ३.४.४. प्रकृति चित्रण:

कथाकार शाह प्रकृतिप्रेमी साहित्यकार हुन् । उनले आफ्ना कथाहरुमा प्रकृतिका सौम्य तथा उग्र दुबै रुपको जीवन्तरुपले वर्णन गरेका छन् । स्वदेशी वा विदेशी परिवेशमा रचिएका कथाहरुमा हिमाल, पहाड, नदी, वन, फूल, समुद्र आदिको चित्रणका साथै बाढी, पहिरो आदिको पनि परिवेश चित्रणका क्रममा वर्णन गरिएको छ । **यात्राहरु जुन कहिल्यै टुङ्गिदैनन्, गाउँमा हलचल, प्रकृति र मान्छे,, मेरी पाटु** आदि कथाहरुमा प्राकृतिक सौन्दर्यको जीवन्तरुपमा चित्रण  गरिएको छ ।

### ३.४.५. विसङ्गति चित्रण:

कथाकार शाहले यस **अफ्रिकन अमिगो** कथा सङ्ग्रहमा सामाजिक विकृति, भ्रष्टाचार, दमन, स्वार्थ, जातीय उत्पीडन, विभेद आदिलाई पनि प्रशस्त स्थान दिएका छन् । समाजका कुरीति एवं शोषणका कारण समस्यामा परेका पात्रहरुलाई टिपी उनीहरुको गरिबी तथा दयनीय अवस्थाको वर्णन गर्दै कष्टपूर्ण जीवन भोगाइको जीवन्तताका साथ चित्रण गरेका छन् । **पुनरागमन**, **सरजु लाला**, **चरकी**, **माघी**, **चोखाउनी** आदि कथाहरुमा सामाजिक विसङ्गति, जातीय उत्पीडन, विभेद आदिको सिकार भएका निरीह जनताको तितो यथार्थलाई प्रस्तुत गर्दै तिनको विसङ्गत जीवनको वर्णन गरेका छन् ।

### ३.४.६. नारी यौनको चित्रण:

कथाकार शाहले यौन (विशेष गरी नारी यौन) सँग सम्बन्धित विषयलाई पनि आफ्ना कथाहरुमा प्रशस्त स्थान दिएका छन् । यौनको मानवीय चाहना, यौन विकृति तथा यौन उत्पीडनजस्ता समस्याहरुलाई उजागर गर्दै सुधारको खाँचो औंल्याएका छन् । व्यक्ति तथा समाजप्रति यौन विकृतिले निम्त्याउने समस्याहरुलाई देखाई त्यसबाट पात्रहरुको जीवनमा परेको कुप्रभावका बारेमा सहज तरिकाले वर्णन गरेका छन् । **चोखाउनी**, **फागुको रङ्ग**, **पुनरागमन**, **अफ्रिकन अमिगो** आदि कथामा नारी यौनको विश्लेषणमूलक चित्रण गरेका छन् ।

### ३.४.७. साँस्कृतिक पक्षको चित्रणः

कथाकार शाहले स्वदेशी तथा विदेशी भावभूमिमा आधारित रही सम्बन्धित क्षेत्रका साँस्कृतिक पक्षको चित्रण आफ्ना कथाहरुमा गरेका छन् । समाजका विविध मान्यता, चालचलन, रीतिरिवाज, भाषा, वेशभूषा, धर्म, संस्कार आदिलाई यस कथा सङ्ग्रहका विभिन्न कथाहरुले समेटेका छन् । **माघी, पुनरागमन, चोखाउनी, मृगतृष्णा** आदि कथाहरुमा साँस्कृतिक विविधताका साथै समाजका विभिन्न रुपहरुको सजीव चित्रण भएको देखिन्छ ।

## ३.५ निष्कर्ष

२०२२ सालमा अछाममा जन्मिएका कथाकार महेशविक्रम शाहले २०३६ सालदेखि हालसम्म पाँचओटा कथा सङ्ग्रह प्रकाशनमा ल्याइसकेका छन् । ती सङ्ग्रह बाहेक अन्य फुटकर कथाहरू प्रकाशनमा ल्याउने कामलाई पनि उनी निरन्तरता दिइरहेका छन् । २०५३ मा पहिलो कथा सङ्ग्रह **सटाहा** प्रकाशनमा ल्याएका कथाकार शाहले **सिपाहीकी स्वास्नी** (२०५९), **अफ्रिकन अमिगो** (२०६०) **छापामारको छोरो** (२०६३) र **काठमाडौंमा कामरेड** (२०६५) गरी हालसम्म पाँचओटा कथा सङ्ग्रह प्रकाशनमा ल्याएका छन् । पूर्ण रूपमा विदेशी पृष्ठभूमिमा आधारित रहेको अर्को कथा सङ्ग्रह पनि प्रकाशोन्मुख रहेको कुरा शाह व्यक्त गर्दछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

२०३६ देखि कथा लेखन प्रारम्भ गरेका कथाकार शाहको कथा यात्रालाई तीन चरणमा विभाजन गरेर हेरिएको छ । जसमा पहिलो चरण २०३६ देखि २०६० सम्म रहेको छ । दोस्रो चरण २०६०-२०६३ सम्म र तेस्रो चरण २०६३ पश्चात रहेको छ । यी तीन चरण छुट्याउने मुख्य आधार विषयवस्तु र परिवेशलाई बनाइएको छ । पहिलो चरणका उनका कथा विशेष गरी नेपालको पश्चिम तराइ र पहाडका ग्रामीण परिवेश, त्यहाँका स्थानीय वासिन्दा, उनीहरूको संस्कृति, गरिबी र दयनीय स्थिति, सामन्ती प्रवृत्ति आदिलाई मुख्य विषयवस्तु बनाइएको छ । यस चरणमा विदेशी पृष्ठभूमि र परिवेशमा आधारित कथाहरू पनि रहेका छन् । यसमा विभिन्न जातजातिका सामाजिक सांस्कृतिक मान्यतालाई मुख्य विषयवस्तुका रूपमा ग्रहण गरिएको छ ।

दोस्रो चरणको कथा सङ्ग्रहमा दस वर्षे सशस्त्र द्वन्द्वको परिवेशलाई उतारेका छन् । त्यस समयमा माओवादी पक्ष र सत्तापक्षको बन्दुकबाट त्रसित, आतङ्कित, तथा पीडित नेपालीहरूको घाउलाई मुख्य विषयवस्तु बनाएका छन् । यस चरणमा जनताको एकताले

निशस्त्र रूपमा नै राजसंस्थाको अन्त्य गर्न सकेको ऐतिहासिक क्षणलाई समेत आफ्नो कथामा उतारेका छन् ।

तेस्रो चरणमा लोकतत्त्रको स्थापनापछिको नेपाल र नेपालीको सङ्क्रमणकालीन अवस्था, मुख्य रूपमा काठमाडौंको परिवेश र नेपालीहरूको आशा निराशामा परिणत भएको स्थितिलाई मुख्य विषयवस्तु बनाएका छन् । दोस्रो चरणको तुलनामा यस चरणमा विषयगत विविधता देखापर्दछन् तर पहिलो चरणमा जस्तो गरी नेपाली ग्रामीण बस्ती र वहुसंख्यक गरिब र आफ्नो संस्कारबाट पीडित व्यक्तिहरूको आवाज यस कथा सङ्ग्रहमा आउन नसकेको देखिन्छ ।

कथाकार महेशविकम शाह आफ्नो कथा यात्राको प्रथम चरणदेखि नै सामाजिक यथार्थवादी कथाकारको रूपमा रहेका छन् । उनका भाषा सरल, सहज, वोधगम्य रहेको छ । उनका कथाका पात्रहरू भने प्रायः गरी विद्रोह गर्न नसक्ने, निरीह र यथास्थितिलाई नै सहन गरिरहने खालका छन् । सामाजिक यथार्थवादी कथाकारको कथामा प्रगतिवादी दृष्टिकोणले विश्लेषण गर्दा त पक्कै परिवर्तन भेटिदैन तर एक स्थापित कलाकार भएको नाताले र समाज परिवर्तन गर्नमा साहित्यकारको महत्त्वपूर्ण भूमिका रहने हुनाले पात्रहरूलाई सचेत र परिवर्तनशील बनाउनु आवश्यक देखिन्छ । कथा पढेर पात्र पात्राप्रति केवल संवेदनाको भाव जगाउनु र तत्कालीन परिवेशको पहिचान गराउनु मात्र नभएर समाज परिवर्तनमा पाठकलाई समेत हौसला प्रदान गर्ने खालको कथाहरू पनि कथाकार महेशविक्रम शाहले रचना गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

## परिच्छेद - चार

### ४. विधातत्वका आधारमा अफ्रिकन अमिगो कथा सङ्ग्रहका कथाहरुको कृतिपरक अध्ययन

कथाकार महेशविक्रम शाहको 'अफ्रिकन अमिगो' कथा सङ्ग्रहमा स्वदेशी तथा विदेशी परिवेशमा आधारित विभिन्न पन्ध्र वटा कथाहरु सङ्ग्रहित छन् । सामाजिक यथार्थलाई झल्काउने यी कथाहरुलाई विधातत्त्वका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.१. 'अफ्रिकन अमिगो' कथाको विश्लेषण

**कथानक**

अफ्रिकाको वेरा सहरको 'स्काला' रेष्टोरेन्टमा त्यहाँ काम गर्ने 'इरिक' भन्ने १२ वर्षीउ केटासित म पात्रको भेट हुन्छ । मात्र केही पैसाको लागि उसले केटीहरुका निम्ति ग्राहक खोजिदिने काम गर्छ । यसै क्रममा म पात्रसित भेट हुँदा उसले निकै आत्मीयता देखाउँछ । सौतेले बाबुसँग बसिरहेको निकै दयनीय अवस्थामा रहेको इरिकप्रति म पात्रको सहानुभूति पैदा हुन्छ । उसले अमिगो (साथी) भनी सम्बोधन गरेपछि त यो सहानुभूति अझै गाढा बन्छ । तरकारी बजार, म पात्रको निबास, रेष्टुरेन्ट आदिमा प्रायः भेटघाट भइरहने हुनाले दुबैबीच घनिष्टता बढ्दै जान्छ । गरिबीको मारमा परेको, १०/१२ वर्षकै उमेरदेखि बरालिएको भए पनि हँसिलो र होनहार इरिकसँग दुई महिनाको अन्तरालमा अन्तिम पटक म पात्रको भेट हुँदा बाबुले छोडेर गएको र आमा पनि पोइल गएकाले ऊ आफ्नो मामासँग कोइलाभट्टीमा मजदुरी गर्न जान लागेको कुरा बताउँछ र कथानक समाप्त हुन्छ ।

**चरित्र**

विदेशी पृष्ठभूमिमा आधारित 'अफ्रिकन अमिगो' कथामा 'ऊ' अर्थात् इरिक आएको छ । इरिक मिजासिलो आत्मीय र परिस्थितिको मारमा परेको अनुकूल एवं विवश चरित्रको हो । कथामा म पात्र पनि प्रमुख भूमिकामा देखा परेको छ तापनि ऊ स्थिर चरित्रका कारण कार्यकलापमा कमजोर देखिएको छ । इरिकप्रति सहानुभूति राख्नुबाहेक अरु खासै क्रियाकलाप म पात्रबाट हुन सकेको छैन । यसबाहेक कार्लोस, वेयरा, आमा, युवतीहरु, मामा आदि गौण पात्र भए पनि कथाको कार्यव्यपारलाई गति प्रदान गरेका छन् । समग्रमा पात्र चयनका दृष्टिले उक्त कथालाई सफल कथा मान्न सकिन्छ ।

**परिवेश**

'अफ्रिकन अमिगो' कथामा सफल परिवेश चित्रण गरिएको यथार्थवादी कथा हो । वर्षौंसम्म गृहयुद्धले थिचिएको हुनाले राजनीतिक अव्यवस्था, आर्थिक विपन्नता र सामाजिक समस्याले सताइएको समय, स्थान र परिस्थितिको चित्रण गर्दै त्यस्तो परिवेशमा समाजले भोग्नुपर्ने दुर्नियतिलाई कथामा समेटिएको छ । किशोरहरु केटी खोज्ने दलाल बन्नु, युवतीहरु अनैतिक क्रियाकलापमा सक्रिय रहनु, लोग्नेस्वास्नी एकअर्कालाई छाडेर अन्तैतिर लाग्नु, केटाकेटीहरु सानै उमेरमा मजदुरी गर्न वाध्य हुनुजस्ता घटनाहरु कथाको भावभूमि बनेका छन् । जीवन्त शैलीमा यस्ता घटनाहरुको चित्रण गरिएकाले कथाको परिवेश सफल बनेको छ ।

**उद्देश्य**

युद्धको सन्त्रासमय स्थितिपछि निरपेक्ष गरिबीको रेखामुनि रहेका व्यक्तिहरुको समस्या देखाउनु यस कथाको मुख्य उद्देश्य रहेको छ । सामाजिक अव्यवस्था र आर्थिक दुरावस्थाले समाजको भित्री जीवन कसरी प्रभावित हुन्छ भन्ने कुरा कथामा देखाइएको छ । बालश्रम शोषण, नारीशोषण, एड्सजस्ता प्राणघातक रोगको प्रकोप, एकातिर वैभवशाली टेटे सहर र अर्कातिर झोपडीका वस्तीहरु आदिको उपस्थितिले अव्यवस्थित समाजमा कसरी गरिबीले चरम रुप लिन्छ र यसको परिणाम स्वरुप मानिसहरु कसरी अमर्यादित क्रियाकलापमा संलग्न हुन्छन् भन्ने कुरा कथाले दिन खोजेको छ । साथै इरिकजस्तो प्रतिभाशाली बालक पनि एक साधारण मजदुरको जीवन बाँच्न कसरी बाध्य हुन्छ भन्ने कुरा कथामार्फत् देखाउनु यसको उद्देश्य हो ।

**भाषा शैली**

यस कथामा सरल भाषाको प्रयोग छ । यधपि कथामा थुप्रै विदेशी भाषाका शब्दहरु आएका छन् तापनि वाक्यगठन सरल भएको हुनाले र संवादात्मक अभिव्यक्ति भएकोले भाषा सरलतातिर झुकेको छ ।

शैली भनेको कथाकारको रचना कौशल हो । सुरुदेखि अन्त्यसम्म कथा सरल रेखामा हिंडेकोले यसमा रैखिक शैलीको प्रयोग भएको छ । संवादात्मक अभिव्यक्तिको प्रयोग भएको हुनाले कथा बोधगम्य पनि बनेको छ ।

**दृष्टिविन्दु**

यस कथामा प्रथम पुरुषात्मक दृष्टिविन्दुको प्रयोग भएको छ । यसलाई आन्तरिक दृष्टिविन्दु पनि भन्ने गरिन्छ । कथामा कथाकार स्वयंको उपस्थिति भएको कथाकार स्वयंले कथाको वर्णन गरेकाले यसको आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु रहेको कुरा स्पष्ट छ ।

## ४.२ 'यात्राहरु जुन कहिल्यै टुङ्गिदैनन्' कथाको विश्लेषण

### कथानक

महावीरे दाइ र म पात्र हिमाली वस्तीबाट बाखाभेडाहरु लिएर तराइको बजारबाट नुन, खाद्यान्न र लत्ताकपडा लिनका निम्ति हिंड्छन् । म पात्र आफ्ना तराइमा बस्ने आमाबुवाकहाँ भेट गर्न आउँदै गरेको र महावीरे दाइ आफ्ना मालिकको काम गरी परिवार पाल्ने धोको लिएर कठिन यात्रामा अघि बढ्छ । हिमालदेखि मध्यपहाडसम्मको बाटो काट्न उनीहरुलाई हम्मेहम्मे पर्छ । हिउँ परेर बाटै नदेखिने, जाडोले मुटु हल्लाउने, विभिन्न खोला, डाँडा र झाडीहरु पार गरी उनीहरु पहाडी प्रदेशमा प्रवेश गर्छन् । कमलबजार आइपुगेपछि म पात्रका मामा (बाखा भेडाहरुका मालिक)सँग भेट भएपछि भेडाहरु गन्न थालिन्छ र गन्ती गर्दा पैंतालीस भेडाहरु हुनपर्नेमा चवालीस मात्र भएको कुरा झिकी महावीरेलाई तथानाम गाली गर्न थाल्छन् । इमान्दार महावीरेलाई आफूले यत्रो इमान्दारिपूर्वक काम गर्दा पनि हेपाइका साथ गाली सुन्नु पर्दा असह्य हुन्छ । आफ्नो छोरा लोडेको नयाँ लुगा लगाउने सपना चिर्दै मर्माहत भएको महावीरे हिमाली डाँडा चढ्दै हराउँछ । पछिल्लो दिन भेडा गन्न थाल्दा पुनः ४५ भेडा नै भेटिन्छन् । मपात्रलाई महावीरे दाइको निर्दोष अनुहारको सम्झना हुन्छ ।

### पात्र/चरित्र

यस कथामा मपात्र, महावीरे दाइ, लोडे र मामा गरी चारजना पात्रहरु रहेका छन् । अप्रत्यक्ष पात्रका रुपमा मुमा, बुवा आदि पात्रहरु आएका छन् । यीबाहेक मानवेतर पात्रका रुपमा बाह्रा (भेडाहरु) पनि राखिएका छन् । यीमध्ये मुख्य पात्रका रुपमा महावीरे रहेको छ । महावीरे निम्नवर्गीय, अनुकुल, गतिशील पुरुष पात्र हो भने मपात्र कथाको प्रस्तोताको भूमिकामा रहेको सह्रदयी पात्र हो ।

महावीरे कर्तव्यनिष्ठ, गरिबीको मारमा परेको इमान्दार तर पलायनवादी पात्र हो । ऊ निरीह छ । आफ्नो बाहुबलले परिवार पाल्नुपर्ने तर जति श्रम गरे पनि खान लाउन नपुग्ने अवस्था भएकाले ऊ भित्रभित्रै खिन्नतामा डुबेको छ । महावीरे सह्रदयी पात्र हो । आफ्ना मालिकको सानो छोरालाई पनि उसले उत्तिकै मायाका साथ बोकेको छ जति आफ्नो छोरा लोडेलाई गर्छ । ऊ बाह्रा (भेडा)लाई पनि उत्तिकै माया गर्छ । भेडाको

बथान, भारी, खानपिन आदिमा ऊ सचेत देखिएको छ । यसर्थ महावीरे इमान्दार, कर्तव्यनिष्ठ एवं अनुकूल पात्र हो भन्न सकिन्छ ।

यसबाहेक मपात्र बालपात्र हो र अनुकूल पात्र हो । उसमा बालसुलभ जिज्ञासा एवं सह्रदयता छ । मामा प्रतिकूल पात्रको स्थितिमा पुगेको, हेपाहा र स्वार्थी पात्र हो । समग्रमा भन्दा पात्रयोजनाका दृष्टिले यो कथा सफल छ किनकि लेखकको उद्देश्यमा सहयोगी भएका छन् ।

**परिवेश**

यो कथा आञ्चलिक परिवेशमा आधारित छ । सुदूरपश्चिमको अछाम र त्यसका वरिपरि बोलिने भाषिकाका शब्दहरु प्रचूर मात्रामा कथाभित्र परेका छन् । हिमाली डाँडा र बाछा भेडाहरुमार्फत् सामान ढुवानी गरी जीविकोपार्जन गरिने अवस्था र लगाउने, ओढ्ने र ओछ्याइने समेत ऊनी कपडा देखाइनुले कथामा विश्वसनीयताको मात्रा बढाएको छ । हिमाली भेकदेखि मलवारा (तराइ)सम्म फैलिएको यस कथामा खोला, जङ्गल, हिउँ, झाडी झ्याङ आदि स्थानगत परिवेशका रुपमा आएका छन् । समग्रमा कथाको परिवेश चित्रण स्वभाविक र विश्वसनीय छ ।

**उद्देश्य**

पहाडी निम्नवर्गीय जीवनको दारुण कथा प्रस्तुत गर्नु कथाको उद्देश्य हो । यी निरीह पात्रहरु संसारको उज्यालोबाट अनभिज्ञ र सधैंभरि एक पेट भर्ने र एक आङ ढाक्ने ध्याउन्नमा जीवन बिताइ दिन्छन् । ठूलाबडा र छट्टुहरु कसरी आफ्नो काम फत्ते गराउँछन् र निर्दोष तथा निरीहहरु कसरी जालमा फँस्छन् भन्ने तथ्य पनि कथाले देखाएको छ । समग्रमा विकट हिमाली भेगका निम्नवर्गीय जीवनको कथाव्यथा वयान गर्नु नै यस कथाको उद्देश्य हो भन्न सकिन्छ ।

**भाषा शैली**

यो कथा आञ्चलिक कथा हो । यसमा आञ्चलिकताको अनुकूल परिवेश छ र भाषा तथा वेशभूष पनि आञ्चलिक नै छ । वाक्यगठनका दृष्टिले कथा सरल भए पनि अछामी उपभाषिकाका शब्दहरुको प्रचुर प्रयोगले सहज बोधगम्य हुन सकेको छैन । अर्कोतर्फ वर्णनात्मक शैलीका कारण शब्दार्थ नबुझे पनि पाठकलाई भावार्थ बुझ्न त्यति गाह्रो देखिँदैन । कथामा केही शब्दहरुको नवीन प्रयोग पनि भेटिएकोले शब्द प्रयोगका दृष्टिले कथा प्रगतिशील देखिन्छ ।

### दृष्टिबिन्दु

यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । लेखक स्वयं कथामा उपस्थित रहेको र स्वयं कथाका वक्ता पनि भएकोले कथा आन्तरिक दृष्टिविन्दुमा आधारित बनेको छ । सुरुदेखि अन्त्यसम्म लेखक स्वयंकै कथा रहेकोले प्रथम पुरुष दृष्टिविन्दु बनेको छ ।

### ४.३. 'माघी' कथाको विश्लेषण

### कथानक

गरिब किसान भिखुवा हरियो खुर्सानी लादिएका मधेशीका गाडाहरुबाट खुर्सानी अन्नसित साट्न खोज्छ । छिमेकीहरुले धानसित खुर्सानी साटिरहेकोमा लोभिएको भिखुवा ठुन्डीकी आमालाई बोलाउँछ । भिखुवालाई खुर्सानीको अचारसँग नजिकै आइरहेको माघीमा जाँड खाने ठूलो रहर पलाउँछ । हरियो खुर्सानीको तरकारी बनेको दिन ऊ चार थाल भात खान्थ्यो, जाँड त कति हो कति ! ऊसँग आधा डालो मात्र धान डेहरीमा बचेको रहेछ । त्यसको आधाको खुर्सानी राख्यो केही दिनपछि माघी सुरु भयो । सम्पन्न छिमेकीहरुका घरमा मासु पाकेको छ । ढिक्री पाकेका छन् । पाहुनाहरु ओइरिएका छन् । भिखुवालाई माघी कहिल्यै नआए हुन्थ्यो भन्ने लाग्न थाल्छ । छोरीज्वाइँ आए के खालान् भनेर ऊ रातभरि निकै छट्पटाउँछ । बिहान भएर हातमुख धोइसकेपछि सालको पातमा बासी भातको डल्लो स्वास्नीले ल्याएको देखेर आफ्नो गरिबीमाथि निकै छट्पटाउँदै यो भात तैंले नै खानू भनी ऊ गाउँतिर धान सापट माग्न  हिंड्यो । उसकी स्वास्नीले छोराछोरीलाई त्यही भातको डल्लो खान दिई । चामल पिसेर कोठा सफा गरी ढिक्री पकाउन थाली । निकै खुशी भएर बसी । साँझपख भिखुवा घर आयो । रित्तो हात फर्केको भिखुवा थाप्लामा हात राखेर आगो ताप्न थाल्यो । उसकी स्वास्नी फिरिया लोग्ने रित्तो फर्केको देखेर रुन थाली । भिखुवाले ५ वर्षकी छोरी ठुन्डीलाई मालिकको घरमा काम गर्न फकाइफुलाई लग्यो । भोलिपल्ट सबै माघीको खानपानमा मस्त थिए । भिखुवा खुर्सानीको अचारसँग जाँड खाँदाखाँदा मत्त भइसकेको थियो । फिरिया पनि मातेकी थिई । छोरा पल्टुले पनि दुई बटुका जाँड खाएर मस्त बनेको थियो । ठुन्डीले अर्काको घरमा के खाइ होली भन्ने कसैले पनि सोचेनन् । टाढाबाट नशाले मातेको स्वरमा गीतहरु गुञ्जिएका सुनिए ।

### चरित्र

ग्रामीण परिवेशमा लेखिएको यस कथामा भिखुवा र फिरिया मुख्य पात्रका रुपमा आएका छन् । अन्य पात्रहरु गौण भूमिकामा देखिन्छन् । भिखुवा गरिब भए पनि अरुसरह

माघी मनाउने रहर मेट्न सामग्री जुटाउन खोज्छ । खुर्सानी राख्नका निम्ति धान नपाएर हैरान भई घर फर्किंदा आफ्नो परिस्थितिका बारेमा विचार गर्छ र छोरीलाई कसैको घरमा काम गर्न लगाएर अलिकति भए पनि आम्दानी बढाउने कल्पना गर्छ । भिखुवा गरिबीको मारमा फँसेको निरीह पात्र हो । उसमा संघर्षशीलता त छ तर धैर्यको अभावमा ऊ धेरै बेर आफ्नो परिस्थितिलाई केलाउन असक्षम देखिएको छ । उसलाई अरुसँग प्रतिस्पर्धा गर्ने चाहना छ तर त्यसलाई पूरा गर्ने गतिलो आधार भेटिएको छैन । यस कारण ऊ परिस्थितिलाई आत्मसात गर्न वाध्य बनेको देखिन्छ । सामाजिक विसङ्गतिमा फँसेको भिखुवा एक कमजोर, असहाय र निरीह पात्रका रुपमा देखा परेको छ ।

**परिवेश**

यस कथामा तराइको गरिब परिवारको यथार्थ झल्किने परिवेशलाई समेटिएको छ । माघीको सन्दर्भ, रात, दिन, साँझ, बिहान आदिलाई कथाको कालगत परिवेशका रुपमा देखिएको छ भने भिखुवाको घर, गाउँ, घरको भित्री भाग आदि स्थानगत परिवेशका रुपमा आएका छन् । गरिब परिवारका व्यथा, वेदना, संस्कृति जोगाउन गरेका क्रियाकलाप आदिलाई कथाले भावभूमिका रुपमा लिएको देखिन्छ । कुलतमा फँसेको भिखुवा माघीको बेलामा रक्सीको स्वाद चाख्नलाई आतुर रहेको र त्यसैका निम्ति ऋण लिनसमेत भौंतारिएको परिस्थिति देखाई ग्रामीण परिवेशको जीवन्त चित्रलाई कथामा उतारिएको छ ।

**उद्देश्य**

ग्रामीण जीवनका निम्न वर्गीय परिवारको पीडा, वाध्यता एवं सामाजिक विसङ्गतिलाई उजागर गर्नु कथाको प्रमुख उद्देश्य बनेको छ । गरिबका लागि चाडपर्व पनि अभिशाप हुन्छन् । आफ्नो संस्कृति बचाउन उनलाई निकै ठूलो समस्या रहन्छ । आफ्ना पीडा र वेदनालाई बिर्सनका निम्ति जाँड खानुपर्ने, लाउन, खानको जोहो गर्न नसकी आफ्ना छोराछोरीलाई अरुको घरमा काम गराउन वाध्य हुनुपर्नेजस्ता कठिन विसङ्गतिलाई कथाले प्रस्तुत गरेको छ ।

**भाषाशैली**

कथामा सरल भाषाशैलीको प्रयोग छ । प्रतिदिनको क्रियाकलापको वर्णन वर्णनात्मक शैलीमा गरिएको छ । सरल रैखिक ढाँचामा कथालाई उनिएको छ भने स-साना वाक्यको प्रयोग भएको हुनाले कथा सम्प्रेषणीय र सुबोध्य बनेको छ ।

## दृष्टिविन्दु

कथा तृतीय पुरुष दृष्टिविन्दुमा आधारित रहेको छ । लेखकले अप्रत्यक्ष रुपमा कथा बाहिर बसी सर्वज्ञ दृष्टिविन्दुबाट तराइको निम्न वर्गीय परिवारको पीडा, वेदना र विसङ्गतिलाई देखाएका छन् ।

## ४.४. 'पुनरागमन' कथाको विश्लेषण

### कथानक

दशैंको टीकाको दिन गाउँका गण्यमान्य इन्द्रजित सिंहको आँगनमा सर्पे वादी आफ्नी भर्खर बिहा गरेकी स्वास्नीसहित नाचगान गर्न आइपुग्छ । गाउँका सबै जना सर्पे वादीको गीत सुन्न आउँछन् । इन्द्रजित सिह उसकी सुन्दर श्रीमती देखेर लट्टु हुन्छ बन्न थाल्छ र सर्पे वादीलाई श्रीमती नचाउन अह्राउँछ । नाचको अभ्यस्त नभैसकेकी सुवा वादी लोग्नेको करकापमा परी नाच्न थाल्छे । नाच चरममा पुगेपछि इन्द्रजितको हातमा सयको नोट देखेर सुवालाई नाच्दै नोट समाउन भन्छ । सुवा नोट लिन जाँदा उसको हात समातेर इन्द्रजित काखमा पल्टाउँछ र नोट चोलीमा घुसारिदिन्छ । अपमानबोधले तिल्मिलाएकी सुवा नाच्न बन्द गर्छे । बलजफतै हात छुडाएर लोग्नेकहाँ गई उभिन्छे । आफ्नो हुकुम नमानेको भन्दै इन्द्रजित अबदेखि मेरो आँगनमा नटेक्नु भन्ने आदेश दिन्छ । घर आएर सुवा आफ्नो लोग्नेलाई धिक्कार्न थाल्छे । स्वास्नीका वचनवाण खप्न नसकेपछि ऊ आफ्नो गुनासो प्रकट गर्छ । आफ्नी स्वास्नी अरुका अगाडि नाचेपछि आफ्नो ह्रदयमा निकै ठूलो आघात पर्ने तर यसबाहेक अरु उपाय नभएकोले नाच्न लगाउन वाध्य भएको कुरा गर्दै पश्चाताप गर्छ । लोग्नेको पीडा र वाध्यता बुझेपछि सुवालाई पनि यथार्थबोध हुन्छ र अब फेरि नाच्ने दृढता व्यक्त गर्छे ।

### पात्र/चरित्र

यस कथामा सर्पे वादी, सुवा वादी र इन्द्रजित सिंह गरी तीन प्रमुख पात्र रहेका छन् । सर्पे र सुवा अनुकूल पात्र हुन् भने इन्द्रजित सिंह प्रतिकूल पात्र हो । अन्य पात्रहरु प्रसङ्गवश आएका गौणपात्र हुन् ।

कथाको प्रमुख पात्र सर्पे वादी निम्नवर्गीय समाजको प्रतिनिधि पात्र हो । ऊ निम्नवर्गीय बिडम्बनाबाट पीडित, उच्च वर्गको दयामायामा बाचेर मात्र जीवन धान्न सकिन्छ भन्ने भ्रम भएको निरीह पात्र हो । यसका विपरीत सुवा विद्रोही स्वभावकी स्त्री

पात्र हो । उसमा आत्मसम्मान र व्यक्तिगत मर्यादाको बोध छ । यति हुँदाहुँदै पनि यी परिस्थितिका अगाडि घुँडा टेक्न वाध्य पात्रका रुपमा देखिएका छन् ।

**परिवेश**

कथामा मुखियाको आँगन, सर्पे वादीको घर र वरिपरिको स्थानलाई परिवेशको रुपमा लिइएको छ । सर्पे वादी दशैंका टीकाको दिन मालिकको घरमा गई नाचगान गरी मालिकलाई खुशी तुल्याएर गाँस, बासको जोहो गर्ने प्रयत्नमा हुन्छ । आफ्नो स्वाभिमानको घाँटी निमोठेर भए पनि ऊ आफ्ना मालिकको मनोरञ्जनका निम्ति श्रीमतीलाई मालिकका काखमा बसाउनेसम्मको अपमानपूर्ण कार्य गर्छ । परिपस्थितिको चित्रण सशक्त भएकाले यो कुरा स्वाभाविक लाग्छ । नाचगानको परिवेशलाई विश्वसनीय बनाउन चोली, घुँघरु, मादल आदिको उपस्थिति देखाइएको छ । यसरी कथानक अनुकूलको परिवेश चित्रण गरिएकाले परिवेश सफल भएको छ ।

**उद्देश्य**

निम्नवर्गीय जीवन भोगाइको चित्रण गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ । सर्पे वादी आर्थिक-सामाजिक उत्पीडनमा परेको व्यक्ति हो । ऊ आफ्नै हातले आफ्नो स्वाभिमानलाई मिल्काएर स्वास्नीलाई नचाई ठूलाबडाको मनोरञ्जन गराउन वाध्य छ । उच्चवर्गीय हेपाहा प्रवृत्तिलाई पनि कथामा समेटिएको छ । वासनामा अन्धो बनेको इन्द्रजित अर्काकी श्रीमतीको मर्यादाको कदर समेत नराखी व्यभिचारको हदसम्म पुग्छ । यी यावत प्रकरणले उच्चवर्गीय र निम्नवर्गीय चरित्रका बीचको द्वन्द्व देखाउनु नै कथाको उद्देश्य हो भन्ने कुरा स्पष्ट हुन्छ ।

**दृष्टिविन्दु**

यस कथामा तृतीय पुरुषात्मक वाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । सर्पे वादी र इन्द्रजित सिंहका बीचको द्वन्द्वलाई कथाकारले कथा बाहिर बसेर कथन गरेको, कथाकार स्वयं कथामा उपस्थित नरहेको हुनाले यसमा वाह्य दृष्टिविन्दुको प्रयोग हुन गएको छ ।

**भाषाशैली**

कथामा सरल भाषाको प्रयोग छ । धेरैजसो वाक्यहरु मिश्र, संयुक्त वा जटिल नभई सरल संरचनामा रहेका छन् । वर्णनात्मक रैखिक शैलीको प्रयोग भएको छ । कथानक बाङ्गोटिङ्गो नहिंडी सरल रेखामा हिंडेको र कथाका घटनाहरु एकपछि अर्कोको क्रममा रहेका हुनाले कथामा रैखिक शैली अपनाइएको स्पष्ट हुन्छ ।

## ४.५. 'सरजु लाला' कथाको विश्लेषण

### कथानक

पातभार बजारका व्यापारी सरजु लाला भारतको गुजरात निवासी हुन् । चुरे भावर प्रदेशबाट बसाइ सर्दै आएकाहरु बस्ने गरेको पाताभार कर्णालीको नजिकै पर्ने राजापुर बजार नजिक छ । थोरै जनसंख्या भएको पाताभारमा विभिन्न ठाउँबाट आएकाहरु बस्दै गर्दा गाउँले ठूलो आकार लिन्छ । त्यस गाउँमा निकै इमान्दारिपूर्वक व्यापार र सहयोग गरिरहेका सरजु लालामा सबैको विश्वास छ । उनी ज्यादा मुनाफा नलिई व्यापार गर्ने हुनाले उनीकहाँ ग्राहकको घुइँचो हुन्छ । यसले यिनको प्रगति पनि निकै हुन्छ । वरिपरिका व्यापारीहरु उनीसँग ईर्ष्या गर्न थाल्छन् । यिनको बारेमा दुष्प्रचार सुरु हुन्छ । ठग्ने, कालो काम गर्ने, व्यभिचार गर्ने आदि अमर्यादित कामामा सरजु लाला लिप्त भएको हल्ला चलाइन्छ । ईर्ष्यामा जलेकाहरुले समूहगत रुपमा लालाविरुद्ध धावा बोल्छन् । लालाले देश छोड्नु पर्छ भन्दै उनीमाथि बेस्सरी कुटपिट गरी देश नछोडे मार्ने धम्कीसमेत दिन्छन् । आफ्नो उपकारको बदलामा यस्तो कुकृत्य भोगेपछि निरास र स्तब्ध भएका लाला आफ्नो मनले नमाने पनि जन्मभूमि भारततर्फ जान थाल्छन् । चिनेजानेकाहरुले यतै बस्न अनुरोध गर्दा उनले आफ्नो अन्तिम वाक्य 'म आज आफ्नो देश छाडेर जाँदैछु' भनी विदा हुन्छन् । यसै देशलाई आफ्नो देश ठानी समाजसेवा गरिबसेका लाला अन्धो भीड र स्वार्थी समाजको सिकार बनी पलायन हुन्छन् ।

### चरित्र

यस कथामा प्रमुख चरित्रको रुपमा सरजु लाला आएका छन् । कथाको प्रस्तुति मपात्रका रुपमा लेखक स्वयंले गरेका छन् । अन्य पात्रहरुमा गाउँलेहरु, व्यापारीहरु, प्रहरी आदि रहेका छन् । प्रमुख भूमिकामा रहेका सरजु लाला गाउँका पुराना व्यापारी हुन् । व्यापारमार्फत् समाजको सेवा गरी सन्तुष्ट बन्ने सरजु लाला गाउँको विकासदेखि लिएर मर्दापर्दासमेत आर्थिक सहायता गरी गाउँको सेवा गर्ने व्यक्ति हुन् । ग्राहकहरु नठगिने र लालाको सङ्गतमा परेपछि इलम, इमान्दारी र कर्तव्यबोध हुने गाउँभरिका प्रेरणा स्रोत बन्न सफल पात्रका रुपमा लालालाई प्रस्तुत गरिएको छ । सबैको सहयोगी, उद्यमी र इमान्दार भएर पनि विदेशी भूमिमा जन्मेको हुनाले ऊ सहानुभूतिको पात्र बन्न सकेन ।

यसरी आफ्नो कर्तव्यमा निष्ठा राख्ने सरजु लाला एक आदर्शपात्रका रुपमा देखिएका छन् ।

**परिवेश**

पश्चिम चुरे प्रदेशको दक्षिणी भाग कथामा स्थानको रुपमा आएको छ । भारतसँग सीमा जोडिएको राजापुर क्षेत्र व्यापारिक केन्द्र भएको र त्यसैसँग जोडिएको सानो गाउँ पाताभारमा पसल गरी बस्ने सरजु लाला सबै गाउँलेका प्रियपात्र बन्नुमा यिनको इमान्दारिता, सेवाभावना प्रमुख कारकको रुपमा रहेको छ । समयसँगै गाउँको स्वरुपमा आएको परिवर्तन र त्यसको वर्णनले पनि कथामा स्वाभाविकता बढाएको छ ।

**उद्देश्य**

कथामा सत् र असत्बीच द्वन्द्व देखाइए असत्ले सत्लाई प्रतिस्थापित गरेको देखाइनुले असत् हावी भएको बेला सत्ले दुःख भोग्छ भन्ने सत्यसलाई देखाउनु यसको प्रमुख उद्देश्य बनेको छ । स्वार्थ प्रेरित मानवीय चाहनाका साथै विदेशी हुनुको पीडा पनि कथाको उल्लेख्य पक्ष हो ।

**दृष्टिविन्दु**

कथामा प्रथम पुरुष (आन्तरिक) दृष्टिविन्दुको प्रयोग छ । कथाको घटनाक्रम लेखकको सामिप्यमा घटेको र लेखकले स्वयं त्यसको वर्णन गरेको हुनाले यसको आन्तरिक दृष्टिविन्दु हुन गएको छ । पाताभारको स्थापना, गाउँको विस्तार, पसल स्थापना, पसलेहरुको विस्तार भई बजार बन्नु र त्यसपछि सरजु लालाको विस्थापनसम्मको सम्पूर्ण घटनाको वर्णन लेखक स्वयंले गरेका हुनाले यसमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग छ भन्ने कुरा स्पष्ट हुन्छ ।

**भाषाशैली**

यस कथाको भाषा सरल छ । प्रायः बोलचालको नजिकको शब्दचयन र सरल वाक्य अधिकतम् प्रयोगले कथा बोधगम्य बनेको छ र रुचिपूर्ण पनि । रैखिक शैलीमा लेखिएको यो कथा आदि, मध्य र अन्त्यको क्रममा संगठित छ ।

## ४.६. 'मेरी पाटु' कथाको विश्लेषण

### कथानक

विद्यालय पढ्दै गरेको मपात्र र बाख्रा चराउने कलिलो उमेरकी पाटुको बालप्रेम एउटा भेटबाट सुरु हुन्छ । स्कूलबाट फर्किंदा बाटोमा देखादेख र त्यसपछि सँगै बाख्रा चराउन वनमा लैजाँदा खेलकुद सँगसँगै दुबैमा प्रेमका आँकुरा फुट्न थाल्छन् । मपात्र प्रेममा बढी सक्रिय भएर विद्यालयबाट भागेर बाख्रा चराउन गएकी पाटुलाई भेट्न जान्छ । नदीको तिर, जङ्गल, खेत आदिमा लुकामारी खेल्दै हार्दिक प्रेममा रमाइरहेको बेला एक दिन अचानक पाटुले मपात्रलाई बोलाएर आफूलाई अर्कै केटासँग बिहे गरिदिन लागेको खबर सुनाउँछे । प्रेम अथवा विवाहको अर्थ पनि राम्ररी नजान्ने यो बालजोडी हतप्रभ दृष्टिले एक अर्कालाई हेर्छन् र कथा समाप्त  हुन्छ ।

### चरित्र

बालचरित्रलाई लिई लेखिएको यस कथामा पाटु र मपात्र प्रमुख चरित्रका रुपमा आएका छन् । आमा, बुवा, केटो आदि सहायक चरित्रका रुपमा देखिन्छन् । मपात्र र पाटुका बीचको अव्यक्त प्रेम आँकुरिँदै गरेका बेला अकस्मात् पाटुको बिहे हुने खबरले यी बालप्रेमीहरु खिन्न र दुःखी बन्छन् । यस खिन्नताले मपात्रलाई बढी संवेदनशील बनाएको र उसले तुरुन्तै यसो हुन नहुने तर्क देखाएकाले मपात्र अलि विद्रोही स्वभावको भन्ने देखिन्छ । पाटुले यी सबै कुरा वाध्यतावश स्वीकार गरेकाले ऊ सरल, निस्छल स्वभावकी बालपात्र हो भन्ने बुझिन्छ ।

### परिवेश

कथाको परिवेश स्कूलदेखि जङ्गलसम्म फैलिएको छ । नदी, घर, गाउँ आदि स्थानगत परिवेशका रुपमा आएका छन् भने कथा छोटो अवधिमै पूरा भएको देखिन्छ । मपात्रको पाटुप्रतिको प्रेम अंकुराएको तर प्रेम परिणाममा नपुग्दै वियोग हुन पुगेको कारणले कथाको समयगत परिवेश छोटो देखिन्छ । परम्परागत संस्कार र असमयमै विवाह गरेको देखाइनु, विद्यालय, गाउँ, बाख्रा चराउने वन आदिको प्रसङ्ग देखाइनुले २०/२५ वर्षभन्दा पहिलेको अवधिको कथा भएको मान्न सकिन्छ ।

### उद्देश्य

बालविवाहको परम्परागत रुपमा चलिआएको विकृत रुपलाई उजागर गर्नु कथाको उद्देश्य रहेको देखिन्छ । मपात्र र पाटुकाबीच प्रेमको सुरुवात हुन थालेका बेला पाटुको

विवाहको ठेगान भइसकेको स्थिति आउनु, विवाहको अर्थ र अवस्था समेत ज्ञात नभएका बालबालिका विवाह बन्धनमा बाँधिनु आदि दुर्भाग्यपूर्ण अवस्था एवं प्रेममा विरहपछिको खिन्नतालाई कथाले उद्देश्यका रुपमा अघि सारेको छ । यस्ता विकृत र विसङ्गतिपूर्ण प्रचलनले व्यक्तिको जीवन निरस र सारहीन हुने कुरा कथाले देखाउन खोजेको छ ।

**भाषाशैली**

कथाको भाषा सरल छ तापनि **सिरौंला, फाँको, अर्नी** जस्ता स्थानीय बोलीका शब्दहरु आएका कारण पाठकले अल्मलिनुपर्ने अवस्था आएको देखिन्छ । पछि गएर प्रासङ्गिक अर्थले कथाको प्रकरण स्पष्ट हुँदै जान्छ । रैखिक शैलीको प्रयोगले कथा बोधगम्य बनेको छ । पाटुसँगको भेट, उसको सान्निध्यले विद्यालयमा बस्न नरुचाउनु, वनमा सँगसँगै खेल्नु, घुम्नु, विछोड हुनुजस्ता संृखलापूर्ण समन्वयका कारण कथानकको ढाँचा रैखिक बनेको देखिन्छ ।

**दृष्टिविन्दु**

यस कथाको संरचना प्रथम पुरुषात्मक दृष्टिविन्दुमा आधारित छ । पाटु र मपात्रबीच बालप्रेम भएको र मपात्रले पाटु र आफूबीच भएको प्रेमप्रकरण र विछोडका बारेमा सोझै आफैले भनेको हुनाले कथाको दृष्टिविन्दु प्रथम पुरुषात्मक हुन गएको छ ।

**४.७. "चिहान" कथाको विश्लेषण**

**कथानक**

योर्कसायर सहरको बीचमा अवस्थित हजारौं वर्ष अघिदेखि निर्मित चर्चको अगाडि थुप्रै चिहानहरु छन् । त्यस पवित्र ठाउँमा आफ्नो चिहान बनोस् भन्ने चाहना राख्ने जेम्सले मासिक रुपमा ट्रस्टलाई पैसा चुक्ता गरिरहेको छ । समयमा जसले पैसा चुक्ता गर्छ उसले मात्र त्यस ठाउँमा चिहान बनाउन पाउँछ । जेम्सको मपात्रसित भेट हुँदा आफ्नो चिहान बनाउने उद्देश्यबारे चर्चा गर्छ । नगरपालिकाको घरको पैसा पनि उसले चुक्ता गर्नुछ । पाँच ओटा सन्तानको पिता र चार वटा पत्नीको पति जेम्स आज एक्लो छ । उसको एक मात्र उद्देश्य चिहान प्राप्त गर्नु नै रहेको छ तर चिहानका लागि पैसा तिर्ने पंक्तिमा ऊभन्दा अघि ४/५ जना छन् । आफूले पैसा तिर्नुभन्दा अघि उनीहरुले तिरिसक्ने र आफू चिहान नपाउने स्थितिको बोध भएपछि ऊ एकएक गरी उनीहरुको हत्या गर्न सुरु गर्छ । पाँचौं व्यक्तिको हत्यापछि प्रहरीद्वारा पक्राउ पर्छ र आफूले चिहानका निम्ति हत्या गरेको खुलासा गर्छ ।

**चरित्र**

कथामा मपात्र र जेम्स गरी दुई मुख्य चरित्र छन् । मपात्र कथाको वक्ताका रुपमा देखा परेको छ । उसको चरित्र स्पष्ट नभए पनि ऊ संवेदनशील चरित्र हो भन्ने कुरा स्पष्ट हुन्छ । कथाको अर्को प्रमुख चरित्र जेम्स मानसिक रुपले विक्षिप्त हुन खोजेको असामान्य चरित्रका रुपमा देखिएको छ । अरुप्रतिको व्यवहार सामान्य भए पनि चिहान प्राप्त गर्ने विषयमा ऊ हदैसम्मको पागलपन देखाउँछ । विपरीत परिस्थितिका कारण पैसा तिर्न नसकेर अरुभन्दा पछि पर्ने देखिएपछि ऊ आफूभन्दा अघि पैसा जम्मा गर्ने व्यक्तिको हत्यासम्म गर्न पुग्छ । उसका चार ओटा स्वास्नी र पाँच सन्तान भएर पनि एक्लो हुनु र भव्य महलमा बास गर्ने व्यक्ति सरकारी घरमा बस्नुपर्ने स्थिति आउनुले ऊ लापरवाह, सन्की, अन्धविश्वासी र गैरजिम्मेवार पात्रका रुपमा देखिएको छ ।

**परिवेश**

योर्कसायर सहरको प्राचीन चर्च र वरिपरिको परिवेश कथामा स्थानका रुपमा आएको छ । मपात्र बस्ने घर र जेम्स बस्ने घर पनि देशगत परिवेशभित्र परेको छ । समयगत हिसाबले हेर्ने हो भने मपात्र र जेम्सका बीच परिचय भएको धेरै समय भएको छैन तर जेम्सको विवाह, पहिलो पत्नीको क्यान्सरले मृत्यु, त्यसपछि तीन ओटा विहे हुनु आदि प्रसङ्गले लामो कालखण्ड ओगटेको कथा भन्न सकिन्छ । जेम्स चर्च अगाडिकै जमिनमा आफ्नो चिहान हुनुपर्छ भन्ने रुढीगत मानसिकताले ग्रस्त बनेको, आफ्नो चिहानका निम्ति मरिहत्ते गर्ने परिस्थिति उत्पन्न भएको छ ।

**उद्देश्य**

यस कथाको उद्देश्य व्यक्तिमा रहेको रुढ प्रवृत्तिको दुष्परिणाम देखाउनु हो । जेम्समा चर्च अगाडिको पवित्र स्थानमा मेरो चिहान हुनुपर्छ भन्ने बलियो रुढीवादिता रहेको र सोको परिणाम स्वरुप उसले जघन्य काण्ड मच्चाएको घटनाले व्यक्ति मानसिकतामा रहेका रुढिग्रस्त भावनाहरु कतिसम्म खतरनाक हुनसक्छन् भन्ने तथ्य देखाएको छ । अर्कोतर्फ जीवनका विसङगति र विपरीत परिस्थितिले जीवन कतिसम्म जटिलतामा फँस्न सक्छ भन्ने कुरा पनि कथाले देखाउन खोजेको छ ।

**दृष्टिविन्दु**

कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग छ । मपात्र कथाको वक्ता बनेको छ । जेम्ससँग भेट भएपछि उसको विगतका बारेमा उसैले खुलासा गरेको छ तापनि मपात्र

मार्फत् नै कथा बाहिर आएको छ । यसर्थ कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.८. 'चियाइरहेका सपनाहरु' कथाको विश्लेषण

**कथानक**

एउटी कुनै युवतीको एकोहोरो प्रेममा फँसेको युवक खाते, टुहोरो, अनाथ आदि थुप्रै नामले चिनिएको छ । युवती तीनतले महलजस्तो घरमा बस्छे । ऊ त्यसै घरको सामुन्ने झुप्रामा बस्छ । कुन भावले हो कुन्नि युवती उसलाई हेर्छे र खुशी हुन्छे । युवकलाई उसले आफूलाई प्रेमभावले हेरिरहेको लाग्छ । एक दिन कतैबाट नयाँ टिसर्ट र जुत्ता चोरेर ल्याउँछ । त्यो नयाँ टिसर्ट र जुत्ता लगाएर युवती कहाँ जाने र उसलाई खुशी पार्ने प्रयत्नमा यसको दिन रात व्यतीत हुन्छ । एक दिन युवती झ्यालबाट सिस्नोघारीको अँध्यारोमा एकोहोरो हेरी मुस्कुराइरहेकी हुन्छे, जहाँ युवकको सानो झुप्रो पनि छ । युवक ज्यादै रोमाञ्चित बन्छ । युवतीले आफूलाई नदेखे पनि आफूतिरै हेरेर मुस्कुराएकोले युवती पक्कै आफूलाई प्रेम गर्छे भन्ने उसलाई पर्छ । ऊ हत्तपत्त नयाँ जुत्ता र टिसर्ट लगाउँछ र झुप्रा बाहिरको अँध्यारोमा विलीन हुन पुग्छ ।

**चरित्र**

यस कथामा प्रमुख चरित्रका रुपमा ऊपात्र आएको छ । ऊपात्रलाई आफ्नो झुप्राको सामुन्ने तीनतले घरमा बस्ने युवती आफूलाई प्रेम गर्छे भन्ने परिरहेको छ । प्रेमको अनुभूतिले ऊ निकै उद्विग्न बन्छ । उसलाई आफ्नो र युवतीको आर्थिक, सामाजिक अन्तर थाहा छ तापनि चारैतिरबाट तिरस्कृत र अपहेलित भएको हुनाले ऊ कसैको आत्मीयताका निम्ति तड्पिएको छ ।

ऊपात्र सुनौलो सपना देख्ने सत्पात्र हो । प्रेममा असफल भएको, जटिल प्रेममा फँसेको परिस्थितिको बोध नभएको, जीवनका विषमताको सिकार भएको पात्र हो । यति हुँदाहुँदै भविष्यको सुखद कल्पना गर्ने उत्साही पात्रका रुपमा ऊपात्रको चरित्रलाई लिन सकिन्छ ।

**परिवेश**

यस कथाको परिवेश साँघुरो छ । एक तीनतले घर, घर सामुन्नेको झुप्रो र सिस्नोघारीको वरिपरि कथा घुमेको छ । ऊपात्रका सम्पूर्ण क्रियाकलाप यसै परिवेशमा

आधारित छन् । समयगत परिवेशका रुपमा साँझ बिहान, दिन, रात आदि आएका छन् भने ऊपात्रको विगतले कथा अघि बढाएको छ । युवतीप्रतिको आकर्षण र आशक्तिले कथामा खुल्दुली पैदा गरेको छ । झिनो कथानक र संक्षिप्त परिवेशमा यो कथा उनिएको देखिन्छ ।

### उद्देश्य

यस कथाको उद्देश्य अव्यक्त र असफल प्रेमको कथा प्रस्तुत गर्नु नै हो । आर्थिक, सामाजिक अवस्थाले कसरी प्रेममा असर गर्छ भन्ने कुरा ऊपात्रको परिस्थितिले देखाएको छ । युवतीको प्रेम पाउनलाई आर्थिक योग्यता नभएका कारण ऊपात्र असफल बनेको छ । उच्च वर्ग र निम्न वर्गको दुरी देखाएर यी दुई वर्गका बीच हुने कार्यव्यापार आन्तरिक द्वन्द्वका कारण असफल बन्ने संकेत कविताले गरेको छ । साथै सामाजिक अन्तरविरोधले व्यक्तिव्यक्ति बीचको सम्बन्धको दुरीलाई पनि बढाउँछ भन्ने कथाको आशय रहेको छ ।

### दृष्टिविन्दु

कथामा वाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । ऊपात्र भव्य महलमा बस्ने युवतीको आकर्षणमा तानिएर प्रेम गर्न पुग्छ । युवतीको विगत र वर्तमानका बारेमा उसलाई केही थाहा छैन तापनि ऊ एकोहोरो प्रेम गर्छ । कथाकारले यस अव्यक्त प्रेमको वर्णन अप्रत्यक्ष रुपले गरेका हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### भाषाशैली

कथामा सरल भाषाको प्रयोग छ । जटिल, मिश्र वा संयुक्त वाक्यको न्यूनतम् प्रयोग भएको, सरल वाक्यको अधिकतम प्रयोग गरिएको आधारमा कथालाई सरल भाषाशैलीको कथा मान्न सकिन्छ । वर्णनात्मक शैलीमा कथाका घटनाक्रमको क्रमिक वर्णन गरिएको हुनाले कथाको शैली रैखिक बन्न गएको छ ।

## ४.९. 'किमधाराको खर्क' कथाको विश्लेषण

### कथानक

मपात्र बाल्यावस्थादेखि नै गोठमा आफ्नी आमासँग बसिरहेको छ । चराहरुलाई पासो थापेर मार्ने र साँझमा चराको झोलसँग भात खाने ठूलो रहर हुनाले ऊ चरालाई पासो थाप्ने गर्छ । एक दिन दुई ओटा चरा मारेर ल्याउँदा आमा पहिले त चरा मारेकोमा रिसाउँछिन् तर पछि छोरालाई सम्झाउँदै खर्कमा एक दाना पनि चामल नभएको हुनाले

कोदोको रोटी खाई गुजारा गर्नु परेको बताउँछिन् । छोराले भातका निम्ति अति नै गरेपछि साँझपख गाईवस्तु गोठमा थुनी ओरालो झर्दै गाउँ पुग्छिन् । बेंसीमा हजुरबा हजुरआमा बस्नु भएको र आमाछोरा गोठ छाडेर त्यसरी आएकोमा निकै गुनासो गर्न थाल्छन् । मपात्रले दुई ओटा चरा मारेको देखाउँदै त्यसकै झोलसँग भात खान मन लाएको कुरा गर्दा निकै रिसाउँदै आमालाई गाली गर्न थाल्छन् । जङ्गलको ठाउँमा गाईवस्तु एक्लै छाडेर छोरालाई भात खुवाउन ल्याइस् भन्दै आमालाई हकारेपछि आमा पुनः त्यहींबाट सुँक्कसुँक्क गर्दै गोठमा जानलाई उकालो चढ्छिन् । मपात्र रुँदै आमालाई पुकार्न थालेपछि कथानक समाप्त हुन्छ ।

## चरित्र

यस कथामा मपात्र, आमा, हजुरबा र हजुरआमा गरी जम्मा चार जना पात्रहरु रहेका छन् । यीमध्ये मपात्र मुख्य चरित्रका रुपमा आएको छ भने आमा सहायक र हजुरबा, हजुरआमा गौणपात्रका रुपमा देखिएका छन् ।

गरिबी र अशिक्षाको भारले थिचिएको मपात्र विवश बालपात्र हो । उसमा बालसुलभ विभिन्न रहरहरु छन् । तीमध्ये मासुको झोलसँग भात खाने निकै ठूलो रहर छ । यसकै पूर्तिका निम्ति उसले पासा थापेर चरा मार्ने काम गर्छ । तर चरा मारे पनि घरमा कोदोबाहेक चामलको एक गेडा पनि नभएकाले उसको रहर पूरा हुँदैन । बच्चाको जिद्दीका अगाडि केही नचलेपछि आमा बेंसीको घरमा उसलाई ल्याइ पुऱ्याउँछिन् । यहाँ पनि उसको रहर पूरा हुन सक्दैन । यसरी बालसुलभ जिद्दी, सपना र रहरहरु, वाध्यता र विवशता मपात्रको चरित्रका विशेषता बनेका छन् ।

## परिवेश

किमधाराको गोठदेखि बेंसीसम्मको क्षेत्र कथाको स्थानको रुपमा आएको छ । लेकदेखि बेंसीसम्म फैलिएको परिवेशमा डाँडा, खोला, जङ्गल आदि क्षेत्रहरु रहेका छन् । मपात्रकी जिया (आमा) र मपात्र गोठमा बस्ने र गोठ गाउँदेखि टाढा एकान्त ठाउँमा जङ्गलको बीचमा रहेको अवस्था देखाइएको छ । यसैगरी कालगत परिवेशका रुपमा दिन, रात, साँझ, बिहान, वर्षा ऋतु आदि आएका छन् । पहाडी जीवन, अभावग्रस्त अवस्थाका कारण दीनहीन बनेका आमाछोराको परिस्थितिले कथालाई गतिशील बनाएको छ ।

## उद्देश्य

पहाडी जीवनको समस्याग्रस्त जीवनशैलीको उद्घाटन गर्नु कथाको उद्देश्य बनेको छ । लेकदेखि बेंसीसम्म ओहोरदोहोर गर्दै जीवनयापन गर्नुपर्ने, अभाव, अशिक्षा र विसङ्गत

जीवनभोगाइ, ग्रामीण लेकाली जीवनको पीडा आदिलाई कथाले देखाउन खोजेको छ । बालमनका स्वभाविक रहरहरु एवं आमाको वात्सल्य पनि कथाको उद्देश्यका अङ्ग बनेका छन् । कष्टकर जीवनदेखि निकास पाउनलाई छटपटाउँदा झन् कष्टमा भासिंदै जानुपर्ने वाध्यात्मक अवस्थालाई कथाले प्रस्तुत गरेको छ ।

**दृष्टिविन्दु**

कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । मपात्रका रुपमा कथामा स्वयं कथाकार रहेको र मपात्रले नै कथाको वर्णन गरेको हुनाले यसका आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु रहेको स्पष्ट हुन्छ ।

**भाषाशैली**

आञ्चलिक परिवेशमा लेखिएको यस कथामा सुदूरपश्चिमेली भाषिकाको अछामी उपभाषिकाबाट थुप्रै शब्दहरु र कतैकतै वाक्यहरु पनि परेका छन् । यसले गर्दा कथाको बोधगम्यतामा केही असर परेजस्तो देखिए पनि प्रासङ्गिक र प्रकरणगत हिसाबले कथाको कार्यव्यापार स्पष्ट भएको हुँदा कथाको भाषा सरल नै रहेको छ भन्न सकिन्छ । कथा सोझो रेखामा एकपछि अर्को घटनाको श्रृंखलामा उनिएको हुँदा रैखिक शैलीको प्रयोग हुन गएको छ ।

## ४.१०. 'मृगतृष्णा' कथाको विश्लेषण

**कथानक**

मोजाम्बिकको राजधानी **मापुतो**मा मपात्र अफिसको कामकाजको सिलसिलामा छ महिना बस्छन् । त्यहाँ घरको कामकाजका निम्ति एक जना महिला कामदार नियुक्त गर्छन् । टेरेजा नामकी त्यो महिला कामकाजमा अत्यन्तै दक्ष र फूर्तिली थिइ । मपात्र उसको कार्यबाट पूर्ण सन्तुष्ट रहन्छन् । मपात्रलाई उसले आफू अविवाहित रहेको कुरा बताएकी हुन्छे । एक दिन अफिसबाट छिट्टै फर्किनु पर्दा एउटा बच्चालाई दूध चुसाइरहेको अवस्थामा मपात्रले फेला पार्छन् । अचम्म मानी सोध्दा पहिले जेभियर नामक युवकले प्रेमको नाटक गरी गर्भवती बनाएर छाडी भागेको र दोस्रो पटक टोङ्गानो भन्ने युवकले पनि गर्भवती बनाइसकेपछि विवाहको वाचा तोडी भागेको कुरा टेरेजा मपात्रलाई सुनाउँछे । केही समयपछि मपात्र उसको घर जाँदा आफ्ना दुई बच्चा पाल्नलाई टेरेजाले विभिन्न पुरुषहरुसित रात बिताउने गरेको कुरा मपात्र थाहा पाउँछन् । समय बित्दै जाँदा

मपात्रको टेरेजाप्रति सहानुभूति बढ्दै जान्छ । एक दिन टेरेजाले मपात्रसमक्ष आफ्ना बच्चाको बाबु बनिदिने प्रस्ताव गर्छे । मपात्र किंकर्तव्यविमूढ बनेको अवस्थामा कथा समाप्त हुन्छ ।

**चरित्र**

यस कथामा मपात्र, टेरेजा, उसका दुई छोराहरु, उसका दुई प्रेमीहरु जेभियर र टोङ्गानो गरी जम्मा ६ जना पात्रको प्रयोग भएको छ । कार्यका दृष्टिले कथाको आदिदेखि अन्त्यसम्म सक्रिय रहेकी टेरेजा केन्द्रीय पात्र हो । प्रवृत्तिका आधारमा टेरेजालाई गर्भवती बनाई भागेका जेभियर र टोङ्गानो प्रतिकूल प्रवृत्तिका पात्र हुन् । मपात्र अनुकूल र बद्ध पात्र हो । प्रमुख पात्र टेरेजा परिस्थितिको परिवन्दमा परी निरीह अवस्थामा पुगेकी असहाय पात्रका रुपमा कथामा रेहकी देखिन्छे ।

**परिवेश**

विदेशी भूमि र विदेशी पात्रको प्रयोग भएको यस कथामा मोजाम्बिकको एउटा घरलाई परिवेशको आधार बनाइएको छ । परिवेशका रुपमा मपात्रको घर, बगैंचा, आँगन र टेरेजाको निवास मुख्य रुपमा आएका छन् । अवधिको हिसाबले ६ महिना मपात्रसित बस्दाको मुख्य परिवेश र विगतका जेभियर र टोङ्गानोको प्रसङ्गको परिवेश मिलाएर हेर्दा लामो कालखण्ड ओगटेको कथा भन्न सकिन्छ । मपात्रसित मुख्य पात्र टोङ्गानोको साँझ बिहानको भेटघाट, कुराकानी, बसाइ आदिले भावभूमिको काम गरेको र कथालाई विकसित हुन सहयोग गरेको छ ।

**उद्देश्य**

विदेशी भूमिमा घटेको करुण कहानी प्रस्तुत गरी त्यहाँको निम्न वर्गीय जीवनको यथार्थ देखाउनु कथाको उद्देश्य बनेको छ । महिलालाई गर्भवती बनाएर भागेका पुरुषहरुको स्वार्थी र संवेदनाहीन कार्य एवं त्यसपछि जीवनयापनका निम्ति महिलाले भोग्नुपर्ने समस्यालाई कथाले उजागर गरेको छ । जीवन धान्नका निम्ति परिस्थितिसँग गरिने सम्झौता, नारी जीवनका जटिलता, समस्या र मानवीय सदासयता पनि यस कथाको अर्को पक्ष बनेको छ ।

**भाषाशैली**

कथाको सरल, सहज र प्रभावपूर्ण भाषा रहेको छ । वाक्यहरु सरल संरचनामा रहेका छन् । विदेशी भाषाका शब्दहरु यत्रतत्र आएका देखिए पनि तिनले भाषालाई

प्रभावपूर्ण बनाउन सहयोग गरेका छन् । कथामा वृत्तकारीय शैलीको प्रयोग भएको देखिन्छ । यसको कथा सरल रेखामा नहिंडी अघि र पछि गर्दै बढेका हुनाले कथाको शैली वृत्तकारीय भएको मान्न सकिन्छ ।

### दृष्टिविन्दु

कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग छ । मपात्रका रुपमा स्वयं कथाकार रहेको र मपात्रले कथाको वर्णन गरेकाले आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु बन्न गएको देखिन्छ ।

## ४.११. 'चोखाउनी' कथाको विश्लेषण

### कथानक

झिङ्रान थारु राति पिसाब फेर्न आउँदा उसकी जेठी श्रीमती कुम्लीको ढोका बाहिर पुरुषका चप्पलहरु देखेर कुम्ली र दैतान माइलाको अनैतिक सम्बन्धको बारेमा थाहा पाउँछ । दैतान माइलाका चप्पल चिन्ने झिङ्रान थारुले दैतानले मेरी स्वास्नी बिगाऱ्यो भन्दै हल्ला गर्न थाल्छ । बिहान गाउँभरिका सबै जना बडघरको घरमा बसेको पञ्चायतमा सामेल हुन्छन् । छलफलपछि दैतान र कुम्ली दुबैले आफ्नो अनैतिक सम्बन्ध रहेको सकार गर्छन् । लोग्नेस्वास्नी दुबै छुट्टिन नचाहेको हुँदा सामाजिक परम्पराअनुसार योनी सुद्धीकरणको प्रक्रियामा जाने निर्णय हुन्छ । परम्पराअनुसार सुँगुर काटिन्छ, रक्सी र भतेरसहित सारा गाउँलेलाई दैतान माइलाले भोज खुवाइसकेपछि कुम्ली र दैतान माइलालाई राखेर अबदेखि कसैसित पनि अनैतिक सम्बन्ध नराख्ने वाचा गराइन्छ र योनी सुद्धीकरण भइसकेपछि झिङ्रान थारु स्वास्नीलाई अपनाउँछ र कथा समापन हुन्छ ।

### चरित्र

चोखाउनी कथामा झिङ्रान थारु, कुम्ली थरुनी, कुकुलाल, बुधराम, दैतान माइला, पल्टुजस्ता पात्र रहेका छन् । यस कथामा प्रमुख पात्रको रुपमा झिङ्रान थारु रहेको छ भने कुम्ली थरुनी र दैतान माइलाको कार्य पनि प्रमुख रुपमा आएको छ । अन्य पात्रहरु सहायक भूमिकामा छन् । झिङ्रान, दैतान र कुम्ली गतिशील स्वभाव भएका मञ्चीय र बद्ध पात्र हुन् । अन्य पात्रहरु प्रसङ्गवश आएका सहायक वा गौणपात्रहरु रहेका छन् । समाजमा परम्परा बनिसकेको चोखाउनी प्रथा यिनै पात्रहरुको सहभागितामा सम्पन्न भएको छ । निम्न वर्गीय समाजका रुढीग्रस्त पात्रहरुलाई लिएर कथा रचना भएको देखिन्छ ।

**परिवेश**

कथामा थारु संस्कृतिअनुसार चोखाउनी प्रथालाई विषयवस्तु बनाई ग्रामीण परिवेशलाई उतारिएको छ । झिङ्रान थारुको घर, बडघरको घर, गाउँ आदि स्थानिक परिवेशका रुपमा आएका छन् । पुसको रात, जाडो याम, साँझ, बिहान आदि कालगत परिवेश बनेका छन् भने स्वास्नीले परपुरुषसित सम्भोग गरिसकेपछि योनी सुद्धीकरण गरी पुनः अपनाउने प्रथा र सो घटनाक्रम घट्दा उत्पन्न हुन गएको विशिष्ट परिस्थिति कथाको भावभूमि बनेको छ । थारु बोलीका शब्द र वाक्यहरुले कथामा स्वाभाविकता थपेका छन् । आञ्चलिक घटनाक्रममा बुनिएको यस कथाले थारु समाजमा चलेको विकृत प्रथा चोखाउनीको चिरफार गरेको छ ।

**उद्देश्य**

यस कथाको उद्देश्य थारु संस्कृतिमा चलेको विकृत प्रथा चोखाउनीलाई एक कुसंस्कारका रुपमा प्रस्तुत गर्नु नै हो । निम्न वर्गीय अशिक्षित समाजका विसङ्गति प्रस्तुत गर्नु र सुधारको संकेत गर्नु यसको उद्देश्य बनेको छ । साथै कथाले बहुविवाह जस्तो असामाजिक प्रथालाई पनि निषेध गर्नुपर्ने संकेत गर्दै मानवका व्यक्तिगत चाहना वा शारीरिक आवश्यकताको पूर्ति हुनुपर्ने कुरा पनि कथामार्फत् अघि सारेको छ ।

**भाषाशैली**

कथामा आञ्चलिक परिवेशको प्रस्तुति भएको हुनाले थारु भाषाका थुप्रै शब्द र वाक्यहरु आएका छन् । कथाको संरचना शैली रैखिक नै छ भने प्रस्तुतिको शैली संवादात्मक र कतैकतै वर्णनात्मक रहेको देखिन्छ । आञ्चलिक पृष्ठभूमि भएको हुनाले भाषा वेश आदिले कथामा स्वाभाविकता र संप्रेषणीयता उत्पन्न गरेको देखिन्छ ।

**दृष्टिविन्दु**

'चोखाउनी' तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको कथा हो । झिङ्रान थारु, कुम्ली थरुनी र दैतान माइलाको त्रिकोणीय संघर्षलाई विषय बनाई अप्रत्यक्ष रुपले कथाको वर्णन गरिएको हुनाले अर्थात् कथाकार कथा बाहिर बसेको देखिएको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

## ४.१२. 'चरकी' कथाको विश्लेषण

### कथानक

लखन महतोलाई छोरी ठूली भएकोमा निकै चिन्ता हुन थालेको छ । थुप्रै मान्छेहरु आउँछन् कुम्रीलाई हेर्न तर दाइजोको अत्यधिक मागका कारण कुरा मिल्न सकेको छैन । अब कुम्री गाउँगाउँ फिर्दै हिड्न थालेपछि थरिथरिका कुरा सुन्न थालिन्छन् । यसरी परिवारको बदनाम हुने देखेर लखन महतो केटो खोज्न वरहथवा गाउँतर्फ लाग्छ । वरहथवा पुग्नुभन्दा पहिले नै आफ्नी छोरीका निम्ति केटो खोज्न गएको जग्गुसित उसको भेट हुन्छ । गाउँमा २५ हजारभन्दा तल दाइजोको माग नभएको कुरा थाहा पाएपछि त्यहीबाट फिर्ता हुन्छ । साँझ लोग्नेस्वास्नी आफ्नो विवशतामाथि आँसु झार्छन् । दाइजोको माग पूरा गर्न आफ्नो जीविकाको एक मात्र आधार चरकी गाई बेच्नुपर्ने अवस्था आएकोले लखन र उसकी स्वास्नी निकै व्यथित बन्छन् । चरकीलाई बेचेरै भए पनि कुम्रीको विहे गर्ने निधो गरी रात बिताउँछन् । बिहान हुँदा कुम्रीलाई उठाउन उसकी आमा जाँदा कुम्रीले विष खाएर आत्महत्या गरिसकेकी हुन्छे । यसरी कारुणिक अवस्थामा गएर कथानक समाप्त हुन्छ ।

### चरित्र

कथामा लखन, मङ्ग्री, कुम्री, जग्गु आदि पात्रहरु रहेका छन् । केन्द्रीय भूमिकामा रहेको लखन कुम्रीको पिता र मङ्रीको पति हो । ऊ अनुकूल र संघर्षशील पुरुष पात्र हो । कुम्री लखनकी छोरी बद्ध र निराशावादी मनस्थिति भएकी स्त्री पात्र हो । चरकी गाई मानवेतर पात्र हो तापनि कथानक उसको वरिपरि घुमेको हुनाले केन्द्रीय चरित्रका रुपमा उसको भूमिका रहेको देखिन्छ । पात्र चयनका दृष्टिले कथानकअनुसार उपयुक्त पात्रको छनोट यस कथामा भएको छ ।

### परिवेश

नेपालको पूर्वी तराइको ग्रामीण परिवेशलाई कथाले भावभूमि बनाएको छ । लखनको झुप्रो, ग्रामीण वातावरण, चौर आदि स्थानको रुपमा आएका छन् । जाडो याम, रात, दिन, बिहान, साँझ, माघ, फागुन आदि कालगत परिवेशका रुपमा देखिएका छन् । दाइजो प्रथाको विकराल रुपले लखनको परिवारलाई त्रासद स्थितिमा ल्याइ पुऱ्याएको, कुम्रीलाई जीवनसाथीको चाहना र यौन तृप्तिको अभिलासाले कुतकुत्याएको, वरपरका सबैका आँखा दुधालु चरकी गाईमाथि गडेको परिस्थितिमा कथाको घटनाक्रम अघि बढेको छ ।

**उद्देश्य**

दाइजो प्रथाको विकराल रुपको वर्णन गरी त्यसबाट प्रभावित हुने परिवारको कष्टकर जीवनको यथार्थ वर्णन गर्नु कथाको उद्देश्य रहेको देखिन्छ । दाइजोको अत्यधिक परिमाणमा माग हुनु र आमाबुवाले पूर्ति गर्नै नसक्दा आफ्नो भविष्य नै नदेखेर निराश बनी आत्महत्यासमेत गर्नुपर्ने स्थिति आउनु ज्यादै करुण र त्रासद अवस्था हो । लखनको परिवार ज्यादै न्यून आर्थिक अवस्थाको भए पनि छोरीको बिहे गर्नका निम्ति उसले २५ हजारको हाराहारीमा खर्च गर्नुपर्ने र सोको अभावमा छोरीको जीवन, परिवारको इज्जत र स्वाभिमान पनि खतरामा पर्ने ज्यादै विकट परिस्थिति उसका अगाडि रहेको छ । यसै कारण छोरीले आत्महत्यासमेत गर्नुपरेको स्थिति देखाई तराइको आर्थिक अवस्थामा पिल्सिएको परिवारको वेदनापूर्ण यथार्थलाई कथाकारले उद्घाटन गरेका छन् ।

**भाषाशैली**

आञ्चलिक परिवेशमा आधारित यस कथामा प्रवाहपूर्ण सरल र सहज भाषाको प्रयोग गरिएको छ । कथानक एकपछि अर्को घटनाक्रम मिलेको रैखिक शैलीमा रहेको छ । ठाउँठाउँमा संवादात्मक अधिव्यक्ति भएकाले कथा सरल र संप्रेषणीय भएको छ ।

**दृष्टिविन्दु**

कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । छोरीको बिहे गर्नलाई दाइजोको जोहो गर्न असमर्थ परिवारको विवश स्थितिको चिरफार गरिएको यस कथामा लेखकले वर्णनात्मक शैलीमा कथा बाहिर बसेर वर्णन गरेका छन् । कथाकारले अप्रत्यक्ष रुपले कथा प्रस्तुत गरेकोले यस कथामा तृतीय पुरुष दृष्टिविन्दु रहेको कुरा स्पष्ट छ ।

## ४.१३. 'गाउँमा हलचल' कथाको विश्लेषण

### कथानक

नेपालको पश्चिम पहाडी बस्तीमा अकस्मात् बेलुकीपख सेनाको ब्यारेक बस्छ । विकासको पूर्वाधारले छुन नसकेको त्यस गाउँमा ब्यारेक बसेपछि व्यापार र विकास सुरु हुने आशा सबैमा पलाउँछ । पसलेहरुदेखि लिएर गोठालाहरुसमेत आ-आफनो बिक्री बढ्ने कुराले उत्साहित बन्छन् । सबैभन्दा बढी मानसिक हलचल गाउँका तरुनीहरुमा आएको छ । सुन्ती, टेकी, घिरौंली र भर्खरै यौवनमा प्रवेश गरेका अन्य युवतीहरु पनि सयौं सैनिक जवानको उपस्थितिले चञ्चल र रोमाञ्चित बनेका छन् । भोलि बिहानैदेखि के-के गर्ने भन्ने सबैले आ-आफ्नो योजना बनाउँदै रात बिताउँछन् । बिहान हुन नपाउँदै सैनिकहरु ब्यारेक छोडी हिंडिसकेको हल्ला हावाझैं फैलिन्छ । सबैका आशा र योजनाहरु समाप्त हुन्छन् ।

### चरित्र

'गाउँमा हलचल धेरै पात्रहरुको प्रयोग भएको ग्रामीण परिवेशलाई समेटेर लेखिएको कथा हो । यसमा डाँडाघरे माइला, जिम्मावाल बाजे, पुजारी, दीनानाथ, टोपली, सुन्तली, घिरौंली, ठेकीजस्ता थुप्रै पात्रहरु समावेश गरिएका छन् । स्त्री, पुरुष दुबै पात्रहरुको प्रयोग भएको यस कथामा सबै अनुकूल प्रवृत्तिका पात्र छन् । मुख्य पात्रका रुपमा टेकी, घिरौंली, सुन्तली र रुमा आएका छन् भने अन्य पात्रहरु प्रसङ्गवश आएका छन् । टेकी, सुन्तली आदि युवतीहरु गाउँमा सैन्य ब्यारेक बसेपछि एक प्रकारको सुखद परिस्थितिको कल्पनामा मातेर एकअर्कालाई छेड हान्दै हिंडेका छन् । विकासको कुनै पूर्वाधारले छुन नसकेको गाउँमा कथानक घटेको र प्रायः सबै पात्रहरु मध्यम वर्गीय अशिक्षित समाजबाट लिइएका छन् ।

### परिवेश

कथामा पहाडी अविकसित रुम गाउँ र त्यसै डाँडामा अवस्थित सेनाको ब्यारेक, धारा र आसपासको क्षेत्रलाई परिवेशको रुपमा चित्रण गरिएको छ । अशिक्षा र आर्थिक दुरावस्थाले आक्रान्त भएको रुम गाउँमा सेनाको ब्यारेक आउँदा पलाएको आशा ब्यारेक हट्दा निराशामा परिणत भएको छ । अवधिको हिसाबले एक दिन र एक रातमा कथा समेटिएको छ ।

**उद्देश्य**

विकासले छुन नसकेको पहाडी गाउँको आर्थिक, सामाजिक दुरावस्थाको यथार्थ चित्रण गर्नु कथाको उद्देश्य रहेको छ । अशिक्षा, अभाव र समस्यामा पिल्सिएको समाजमा उन्नतिको सानो सम्भावनाले पनि कतिसम्म आशा र सपनाहरु उत्पन्न गराउँछ भन्ने यथार्थ कथाले देखाएको छ । सेनाको ब्यारेक बस्दा समाजका हरेक तप्काले उन्नतिको सपना देख्नु विकासप्रतिको चाहनाको द्योतक बनेको छ । कथाले स-साना उद्देश्य पनि पूरा गर्न नसकेको समाजका जटिलतालाई कठोर यथार्थका रुपमा अघि सारेको छ ।

**भाषाशैली**

यस कथाको ढाँचा रैखिक र सरल संरचना रहेको छ । घटनाक्रम सुरुदेखि अन्त्यको क्रममा विकसित भएका छन् भने संवादात्मक अभिव्यक्ति र सरल भाषाको प्रयोगले कथा सरल, सहज र कौतुहलपूर्ण बनेको छ ।

**दृष्टिविन्दु**

कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । अभावग्रस्त जीवनमा खुशीको आशाले देखाएको सपना र स्वप्नभङ्ग पछिको निराशालाई समेटेर गरिएको कथाको वर्णन कथाकारले कथा बाहिर बसेर गरेका छन् । रुम गाउँ र त्यस गाउँका बासिन्दाको जीवन कहानीलाई लेखकले परोक्षरुपले वर्णन गरेका हुनाले तृतीय पुरुष दृष्टिविन्दु हुन गएको छ ।

**४.१४. 'फागुको रङ्ग' कथाको विश्लेषण**

**कथानक**

फागुको बेला रङ्ग खेल्दाखेल्दै रामकली र छोट्कु प्रणयसूत्रमा बाँधिन्छन् । दुई वर्षपछि छोट्कु आफ्नी कान्छी भाउजुलाई भगाएर बेपत्ता हुन पुग्छ । जेठाजु र रामकली लामो समयसम्म एउटै घरमा बस्छन् । दुबैको मनमा एकअर्काप्रति सुषुप्त प्रेम पैदा हुन्छ । रामकली पुरुषको सहारा बिना आफू बाँच्न नसक्ने भएपछि जेठाजुसँगै प्रणयप्रस्ताव राख्ने निधोमा पुग्छे तर एक दिन जेठाजुलाई छिमेकीकी विधवा बुहारीको अङ्गालोमा बाँधिएको देखेपछि आफूभित्र उठेको प्रेमको टुसालाई मार्न वाध्य हुन्छे ।

**चरित्र**

यस कथामा रामकली, छोट्कु, बड्कु, नथुनी, पिङ्की आदि पात्रहरु रहेका छन् । कार्यका आधारमा रामकली र बड्कु कथाका प्रमुख पात्र हुन् भने अन्य पात्रहरु प्रसङ्गवश

आएका हुन् । छोट्की र बड्कु अनुकूल प्रवृत्ति, गतिशील स्वभाव र ग्रामीण परिवेशका पात्र हुन् । छोट्कुले आफ्नी भाउजुलाई भगाएर लगेपछि रामकलीको जीवन कष्टकर बन्न पुग्छ र एक्लो जीवन बिताउन असम्भव देखेपछि ऊ आफ्ना जेठाजु बड्कुप्रति नै आकर्षित भएको अवस्थामा जेठाजुको अर्कैसँगको प्रणयसम्बन्धको बारेमा थाहा पाउँदा रामकलीको ह्रदय टुट्न पुग्छ । यसरी रामकली परिस्थितिको जञ्जालमा फँसेकी निरीह पात्रका रुपमा देखा पर्छे ।

## परिवेश

कथामा पश्चिम नेपालको तराइका आदिबासी थारु समुदायको रितिस्थिति, वेशभूषा र वरिपरिको परिवेशको वर्णन गरिएको छ । रामकलीको घर, आँगन र वरिपरिको वातावरण कथाको स्थान बनेको छ । अवधिको हिसाबले कथानक झिनो भए पनि लामो अवधिमा विस्तार भएको कथा बनेको छ । रामकली र छोट्कुले विवाह गर्नु, छोट्कुको आफ्नी कान्छी भाउजुसँग प्रेमसम्बन्ध विकसित हुनु, छोट्कु भाउजुलाई लिएर भाग्नु, रामकली जेठाजुप्रति आशक्त हुनु आदि प्रसङ्गले कथानकले गति पाएको छ ।

## उद्देश्य

पश्चिम तराइका निम्न वर्गीय थारु समुदायको विसङ्गत जीवनचर्याको वर्णन गर्नु कथाको उद्देश्य देखिन्छ । व्यक्तिका अतृप्त चाहनाहरु कसरी उसमाथि हाबी हुन्छन् र चाहनातर्फ कसरी अग्रसर गराउँछन् भन्ने तथ्य कथाले देखाएको छ । साथै समाजले अनियन्त्रित यौनको सेवन गर्न थालेपछि व्यक्तिगत र सामाजिक जीवनमा के-कस्तो असर पर्छ र कस्ता समस्याहरु उत्पन्न हुन्छन् भन्ने कुरालाई कथाले रामकली, बड्कु आदि पात्रका माध्यमले प्रस्तुत गरेको छ ।

## भाषाशैली

रैखिक ढाँचा र वर्णनात्मक शैलीमा रचना गरिएको कथा स-साना वाक्यहरुको प्रयोगले सुबोध्य बनेको छ । स्थानीय भाषिकाका शब्दहरुको प्रयोगले कथाको संप्रेषणीयता बढाएका छन् । कथामा देखिएको भाउजु र देवरको अनैतिक र अस्वाभाविक प्रेमले पाठकलाई विस्मयमा पुऱ्याउने कार्य गरेको छ । साथै रामकलीको आफ्नै जेठाजुप्रतिको आशक्तिले अनौठो अनुभूति दिलाउँछ । कथामा सरल, सुबोध्य र भावपूर्ण भाषाशैलीको प्रयोग भएको छ ।

**दृष्टिविन्दु**

कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग छ । बड्कुकी कान्छी श्रीमती उसकै भाइसित भागेको र भाइकी श्रीमती रामकली बड्कुतिर लहसिएको अनौठो संयोगपूर्ण कथाको वर्णन लेखकले कथा बाहिर बसेर गरेका हुनाले यसमा तृतीय पुरुष दृष्टिविन्दु प्रयोग भएको छ ।

## ४.१५. "मान्छे र प्रकृति" कथाको विश्लेषण

**कथानक**

बाजेले आफ्ना नातीलाई काखमा राखेर सक्कली मान्छेको कथा सुनाउँदै गर्छन् । उनी पिंजडामा राखेको चाबीले चल्ने नक्कली खरायो देखेर दङ पर्छन् । प्रकृतिलाई प्रेम गर्ने आस्थावान्, विचारवान् भावना भएको मान्छेको कथा भन्न थाल्छन् । आज सबैतर्फ नक्कलीपना र प्रदर्शनको वातावरण रहेको कुरा बताउँछन् । प्रकृतिले मानवका निम्ति ज्ञान, विज्ञान, दर्शन, वनस्पति, औषधि आदि सम्पूर्ण कुरा प्रदान गरेको तर मानवले उसलाई क्षति मात्र पुऱ्याएको कुरा सुनाउँछन् । सुरुमा मान्छे ज्यादै इमान्दार भएको तर पछि गएर कृत्रिमतामा फँस्न गएको र आज विभिन्न वैज्ञानिक आविष्कार गरी आफूलाई प्रकृतिभन्दा बलियो ठान्न थालेको कथा भन्दै त्यो अरु कोही नभएर तेरो आफ्नै बाबु हो भनी सुनाउँदै गर्दा छोरो आएर बाबुको काखमा रहेको रोवर्टलाई उठाएर जान्छ ।

**चरित्र**

यस कथामा बाजे, नाति र छोरा गरी तीन पात्रको प्रयोग भएको छ । बाजे र नाती प्रमुख चरित्रका रुपमा आएका छन् भने छोरा सहायक भूमिकामा रहेको छ । प्रवृत्तिको दृष्टिले बाजे र नाति अनुकूल र छोरा प्रतिकूल प्रवृत्तिको रहेको छ । आजको भौतिक र कृत्रिम सभ्यताले प्राकृतिक सौन्दर्य र स्वरुपलाई नष्ट गरेकोमा प्रकृति रक्षाका निम्ति सक्रियताको सन्देश दिने कथामा बाजे प्रकृतिको पक्षमा भएको र छोरा प्रकृतिको विपक्षमा भएको देखिन्छ ।

**परिवेश**

कथामा ग्रामीण र सहरी वातावरणलाई परिवेशको रुपमा प्रस्तुत गरिएको छ । प्राकृतिक जीवन स्वच्छ, सरल र निर्मल हुन्छ भने सहरिया जीवन कृत्रिम, खल्लो, निरस र उराठलाग्दो हुन्छ भन्ने देखाइएको छ । विज्ञान र प्रविधिको नवीनतासँगै सहरीकरणमा

तीव्रता छाएको र यसले मान्छे र प्रकृतिको अस्तित्वमाथि नै गम्भीर संकट निम्त्याएको जल्दोबल्दो विषयलाई कथाले मुख्य परिवेशको रुपमा चित्रण गरेको छ ।

**उद्देश्य**

कथाले आजको भौतिक अन्धताले मानवीय जीवन यान्त्रिक र निरस बनेको र वास्तविक जीवन प्राकृतिक वातावरणमा मात्र भोग्न सकिने भएकाले मान्छेले प्रकृति संरक्षणका निम्ति जागरुक बन्नुपर्ने सन्देश दिएको छ । प्रकृतिबाटै मान्छेले ज्ञान, सीप र क्षमता हासिल गरेको र अहिले ती सबै कुरा बिर्संदै गएका कारण प्राकृतिक मूल्यमा ह्रास आएको बताउँदै जीवनलाई विभिन्न जटिलताबाट मुक्त गराउन प्रकृतिको शरणमा जानुपर्छ भन्ने बताउनु कथाको उद्देश्य रहेको छ ।

**भाषाशैली**

कथाको भाषाशैली सरल छ । यस कथाका अधिकांश वाक्यहरु सरल संरचनामा आधारित छन् । संवादात्मक अभिव्यक्तिद्वारा कथालाई रोचक र कौतुहलपूर्ण बनाइएको छ । प्रतिकात्मक शब्द र वाक्य चयन गरिएको कथामा रैखिक शैलीको प्रयोग गरिएको देखिन्छ ।

**दृष्टिविन्दु**

कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग छ । बाजे, नाती र छोराको कथा भएको र उक्त कथा लेखकले कथा बाहिर बसी वर्णन गरेको हुनाले उपर्युक्त कथामा तृतीय पुरुष वा वाह्य दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

**४.२ 'अफ्रिकन अमिगो' कथा संङ्ग्रहका कथाहरुलाई निम्न ढाँचाका आधारमा पनि अध्ययन गरिएको छ :**

कथाकार महेशविक्रम शाहको **अफ्रिकन अमिगो** कथा सङ्ग्रहमा जम्मा १५ ओटा कथाहरु सङग्रहित गरिएका छन् । यसमा विदेशी पृष्ठभूमि र गरिबीको मारमा परी कठिन जीवन भोगमाइमा बाँचेका पात्रहरुका कथाहरु रहेका छन् । यसैगरी केही आञ्चलिक परिवेशमा रहेका छन् भने केही यथार्थ स्रोतबाट निर्मित भएका छन् । यी सबै कथाहरुमा सरलता, सजीवता, समसामयिकता, संवेदनशीलता, मौलिकता र विषयगत विविधता पाइन्छ । यसमा सङ्ग्रहित अधिकांश कथाहरुको कथानक सरल संरचना र रैखिक ढाँचामा निर्माण भएकाले सबै पाठकले सहजै बुझ्ने स्थिति देखिन्छ । सम्पूर्ण कथाहरुको आङ्गिक संरचना आदि, मध्य र अन्त्यको संरचनामा भएकाले कथानकले पूर्णता पाएको देखिन्छ ।

विगत र वर्तमानको तितो यथार्थलाई प्रमुख विषयक्षेत्र बनाएर लेखिएका कथाहरु वस्तुविधानगत ढाँचाका आधारमा हेर्दा बहुसङ्ख्यक कथाहरु विषमावस्थाबाट विषमावस्थामै विकसित भएका छन् । कथाकारले आञ्चलिक कथा लेखेर थारु समुदाय एवं ग्रामीण वस्तीको यथार्थलाई बाहिर ल्याएका छन् । स्रोतको आधारमा कथानकलाई हेर्दा अधिकांश कथाहरुको स्रोत समाज र सामाजिक घटना, चालचलन, रीतिरिवाज आदि नै रहेको देखिन्छ । विदेशी पृष्ठभूमिका कथाहरुमा विदेशी पात्रहरुको जीवनशैली, संस्कृति र जीवन भोगाइको यथार्थ झल्किएको छ । यस कथा सङ्ग्रहका कथाहरुलाई तालिकाबद्ध रुपमा निम्नानुसार देखाइएको छ ।

| क्र.सं. | कथाको नाम | स्रोतका आधारमा कथानकको विश्लेषण | | | | ढाँचाको आधारमा कथानकको विश्लेषण | | संरचनाको आधारमा कथानकको विश्लेषण | | वस्तुविधानगत ढाँचाको आध | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इतिहास | यथार्थ | रागभाग | स्वैरकल्पना | रैखिक | बृत्तकारीय | सरल | जटिल | साम्मावस्था विषमावस्था साम्यावस्था | विषमावस्था विषमावस्था |
| १ | अफ्रिकन अमिगो | - | + | - | - | + | - | + | - | + | - |
| २ | यात्राहरु जुन कहिल्यै टुङ्गिदैनन् | - | + | - | - | - | - | - | + | - | - |
| ३ | माघी | - | + | - | - | - | + | - | + | - | - |
| ४ | चियाइरहेका सपनाहरु | | + | - | - | + | - | + | - | - | - |
| ५ | चिहान | - | + | - | - | + | - | + | - | - | - |
| ६ | मेरी पाटु | - | + | - | - | + | - | + | - | - | - |
| ७ | किमधारको खर्क | - | + | - | - | + | - | + | - | - | - |
| ८ | पुनरागमन | - | + | - | - | + | - | + | - | - | - |
| ९ | सरजु लाला | - | + | - | - | + | - | + | - | - | - |
| १० | मृग तृष्णा | - | + | - | - | - | + | - | + | + | - |
| ११ | प्रकृति र मान्छे | - | - | - | + | - | + | | + | - | - |
| १२ | फागुको रङ्ग | - | + | - | - | + | - | + | - | - | + |
| १३ | गाउँमा हलचल | - | + | - | - | + | - | + | - | + | - |
| १४ | चोखाउनी | - | + | - | - | + | - | + | - | - | - |
| १५ | चरकी | - | + | - | - | - | + | - | + | - | + |

# परिच्छेद - पाँच

## ५. नेपाली कथा साहित्यमा कथाकार महेशविक्रम शाहको योगदानको मूल्याङ्कन

### ५.१. योगदान र निष्कर्ष

कथाकार महेशविक्रम शाह नेपाली कथा साहित्यको समसामयिक यथार्थवादी धारामा कलम चलाउने एक सशक्त र प्रतिभाशाली कथाकार हुन् । उनले वि.सं. २०३६ सालदेखि महेन्द्रनगरबाट प्रकाशित हुने साप्ताहिक पत्रिका **वार्ता**मा **आमा** शीर्षकको कथा प्रकाशित गरी कथा लेखन आरम्भ गरेका हुन् । वि.सं. २०३८ सालमा धनगढी कैलालीबाट प्रकाशित हुने **परिचर्चा** साप्ताहिक पत्रिकामा **चिया पसल्नी** र **सार्कीकी छोरी** नामक कथा प्रकाशित गरी कथा लेखनलाई अगाडि बढाएका शाहले विभिन्न साहित्यिक कार्यक्रममा सरिक भई थुप्रै प्रथम र द्वितीय पुरस्कार पनि प्राप्त गरेका देखिन्छन् । लेखनका क्रममा उनले **सासु-बुहारीको झगडा** नामक एकाङ्कीसमेत रचना गरी मञ्चनसमेत गरेका थिए । अभिनय गर्न रुचाउने शाहले सत्यवादी हरिश्चन्द्र नामक नाटकमा प्रमुख पात्रका रुपमा अभिनय पनि गरेका देखिन्छन् ।

नेपाली कथा साहित्यका एक सशक्त प्रतिभाशाली कथाकार हुन् महेशविक्रम शाह । अनुभव र अनुभूतिको सरल, सूक्ष्म र सुन्दर अभिव्यक्तिलाई कथा ठान्ने कथाकार शाहले आफूले जीवनमा भोगेका अनुभव र अनुभूतिलाई सरल, सहज र सरस ढङ्गबाट कथामा उतारेर सबै पाठकको मन जित्न सफल बनेका हुन् । नेपालमा २०५२ सालदेखि चलेको माओवादी जनयुद्ध एवं सशस्त्र द्वन्द्वले गर्दा नेपाल र नेपालीले भोगेका दु:खपीडा र त्यतिबेलाको त्रासदीपूर्ण अवस्थालाई यथार्थरुपमा चित्रण गरी देशको वर्तमान सङ्क्रमणकालको यथार्थलाई पनि आफ्ना कथाहरुमा समेटेका छन् । उनले कथा साहित्यमा युद्ध र सङ्क्रमणकालीन कथा लेखेर कथा लेखनमा नयाँ मोड र नयाँ प्रवृत्तिको सफल प्रयोग गरेका छन् ।

समसामयिक यथार्थवादी धारामा विगत तीन दशकदेखि लगातार रुपमा कलम चलाइरहेका शाह परिमाणात्मक एवं गुणात्मक दुबै दृष्टिले महत्वपूर्ण योगदान पुऱ्याउने आख्यानकार हुन् । **छापामारको छोरो** कथा सङ्ग्रहले पाएको सम्मानित मदन पुरस्कारले यिनको कथाकारिताको उच्च मूल्याङ्कन गरेको पाइन्छ । देशमा होस् वा विदेशमा द्वन्द्व र युद्धलाई नजिकैबाट देखे र भोगेका कथाकार शाह द्वन्द्व र युद्धका कथा लेखेर नेपाली कथा साहित्यलाई एउटा नयाँ मोड दिन सफल भएका छन् । नेपालमा चलेको एक दशकभन्दा

लामो सशस्त्र द्वन्द्वका कारणले नेपाल र नेपालीले भोगेका दुःख र पीडा एवं त्रासदीपूर्ण अवस्थालाई चित्रण गरेको छ । त्यस्तै बालबालिकाको श्रमशोषण, देशको ऐन कानुन मिचेर व्यक्तिगत रुपमा भ्रष्टाचार गर्ने कर्मचारीहरुको नियति, पारिवारिक व्यक्तित्वको छाप पनि उनमा रहेको देखिन्छ । यसैगरी प्रेमी-प्रेमिकाबीच उत्पन्न मानसिक तनावजस्ता विभिन्न विकृति र विसङ्गतिलाई सहिष्णुतापूर्ण व्यवहारको अपेक्षा गर्दै मुलभूत रुपमा उठान गरेका छन् । **अफ्रिकन अमिगो** कथा सङ्ग्रहका कथाहरुमा विदेश जाँदा वा स्वेदशमा बस्दा युद्धको प्रभाव, गरिबी, अन्याय, अत्याचार, विकृति र विसङ्गतिलाई कथाको मुख्य विषयवस्तुका रुपमा लिएका छन् । नेपालमा चलेको एक दशक लामो युद्ध र युद्धका कारण उत्पन्न भएको गरिबी, अन्याय, अत्याचारसित विद्रोही मनस्थिति लिई लेखक बाँचेका देखिन्छन् ।

महेशविक्रम शाह नेपाल प्रहरीको एक सक्रिय सदस्यको नाताले आफ्नो सामाजिक जिम्मेवारीको निर्वाह गरिरहेका छन् । यसैको उदाहरणस्वरुप वैजनाथ क्षेत्र विकास संस्था अछाममा सामाजिक सेवासम्बन्धी कार्य, टीकापुर भूतपूर्व विद्यार्थी समाजअन्तर्गत टीकापुर क्षेत्रमा थुप्रै सेवामूलक कार्यहरु, विभिन्न साहित्यिक पत्रिका, स्मारिका, वार्षिक मुखपत्र, वैजनाथ क्षेत्र पत्रिका एवं गुरुकुल पत्रिकाको सम्पादनसमेत उनले गरेका छन् । यी यावत् क्षेत्रमा संलग्नता र कार्यले गर्दा उनी नेपाली साहित्यका एक कुशल र क्षमतावान् साहित्यकारको रुपमा चिनिन्छन् । यसरी हेर्दा कथाकार शाहले नेपाली कथासाहित्यमा विशेष स्थान ओगटेको कुरा प्रष्ट हुन्छ । कथाकार शाहलाई विभिन्न संघसंस्था र क्षेत्रबाट सम्मानित गरिएको छ । शाहले मदन पुरस्कार (२०६३), मैनाली कथा पुरस्कार (२०६१), लोकेन्द्र साहित्य पुरस्कार (२०६१), प्रवल गोरखा दक्षिणबहु चौंथो, वीरेन्द्र-ऐश्वर्य स्मृति पदक, रजत महोत्सव पदक, प्रहरी सेवा पदक, प्रदेश सेवा पदक, संयुक्त राष्ट्र संघ सेवा पदक, मोजाम्बिक संयुक्त राष्ट्रसंघ सेवा पदक पूर्वी टिमोर, पानीपोखरी युवा क्लबद्वारा साहित्यिक सम्मान, सुदूरपश्चिमाञ्चल साहित्य समाजबाट साहित्यिक सम्मान, प्रहरी प्रधान कार्यालयबाट सम्मानपत्र एवं टीकापुर क्षेत्रका सम्पूर्ण शैक्षिक संस्था तथा फूलबारी एफ.एम. परिवारबाट नेपाली कथा साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै रथारोहणसहित नागरिक अभिनन्दनसमेत गरिएको पाइन्छ ।

उनले हालसम्म ५ ओटा कथा सङ्ग्रहमा जम्मा ८४ ओटा कथाहरु प्रकाशित गरिसकेका छन् । उनले नेपाली कथा साहित्यको क्षेत्रमा आफ्नो निजी पहिचान स्थापित गरिसकेका छन् । आफूले जीवनमा भोगेका अनुभव र अनुभूतिलाई सरल, सहज र सरस ढङ्गबाट आफ्ना कथामा उतारेर सबै पाठकको मन जित्न सफल बनेका छन् । जीवनको सामाजिक भोगाइलाई मुख्यरुपमा उद्घाटित गर्ने कथाकार शाहले स्वदेश वा विदेशको

पृष्ठभूमिमा द्वन्द्वको त्रासदीपूर्ण अवस्था, बालबालिकाको श्रम शोषण, यौन शोषण, पारिवारिक मनोमालिन्य, मानसिक तनाव, परम्परागत रुढि, राजनीतिक र प्रशासकीय अकर्मण्यता, सामाजिक विकृति र विसङ्गति आदिलाई कथाको प्रमुख विषयवस्तुका रुपमा लिएका छन् । पेशाले राष्ट्रसेवक भए पनि यिनको कथासाधना प्रशंसनीय एवं अनुकरणीय देखिन्छ । संक्रमणकालीन कथालाई नेपाली कथा साहित्यसँग जोडेर उनले नवीन प्रवृत्तिको थालनी गरेको मान्न सकिन्छ ।

## ५.२. परिच्छेदगत निष्कर्ष

महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र **अफ्रिकन अमिगो** कथा सङ्ग्रहको कृतिपरक अध्ययन शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्रमा पाँच ओटा परिच्छेद रहेका छन् । जसअन्तर्गत पहिलो परिचछेदमा शोधकार्यको परिचय, शोध शीर्षक, शोध प्रयोजन, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा शोधकार्यको औचित्य र उपयोगिता, प्राक्कल्पना, शोधकार्यको सीमा, सामग्री सङ्कलन विधि, शोध विधि, शोधपत्रको रुपरेखाजस्ता उपशीर्षक राखी तयार गरिएको छ ।

दोस्रो परिच्छेदमा महेशविक्रम शाहको जीवनी र व्यक्तित्वको अध्ययन गरिएको छ । सुदूरपश्चिमका एक प्रतिभाशाली युवा आख्यानकार महेशविक्रम शाहको जन्म वि.सं. २०२२ साल भाद्र १५ गते अछाममा भएको हो । महेशविक्रम शाहका पुर्खाको सम्बन्धमा खोजबिन उनीभन्दा दुई पुस्तापूर्वका स्वर्गीय चन्द्रबहादुर शाह र श्रीमती मन शाहका सुरतबहादुर शाह र कमलबहादुर शाह गरी दुई छोरा भएका छन् । सुरतबहादुर शाहबाट जन्मेका चार सन्तानमध्ये जेठा शोधनायक महेशविक्रम शाह हुन् । यिनको प्रारम्भिक अध्ययन अछामको कालीमाटीमा अवस्थित श्री सूर्यचन्द्र माध्यमिक विद्यालयमा भएको र त्यसपछि कैलालीको टीकापुरस्थित वीरेन्द्र विद्यामन्दिरबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी काठमाडौंमा यिनको उच्च अध्ययन सम्पन्न भएको देखिन्छ । यस परिच्छेदमा पारिवारिक अवस्था, सन्तान, साहित्य लेखनको प्रेरणा, स्वभाव, रुचि, भ्रमण, जीवनदर्शन, मानसम्मान, आन्तरिक तथा वाह्य व्यक्तित्व आदिको अध्ययन गरिएको छ । शाहले २०२६ सालमा महेन्द्रनगरबाट प्रकाशित **साप्ताहिक वार्ता** पत्रिकाबाट साहित्यिक यात्रा प्रारम्भ गरी **सटाहा, सिपाहीकी स्वास्नी, अफ्रिकन अमिगो, छामामारको छोरो र काठमाडौंमा कामरेड** गरी जम्मा ५ ओटा कथा सङ्ग्रह प्रकाशित गरिसकेका छन् । उनले **छापामारको छोरो** कथा सङ्ग्रहको लागि २०६४ सालको मदन पुरस्कार प्राप्त गरेका छन् । पेशाका दृष्टिले नेपाल प्रहरीमा उपरीक्षक पदमा कार्यरत शाहको साहित्यिक जीवन र व्यक्तित्वको यस परिच्छेदमा अध्ययन गरिएको छ । यस कार्यले आगामी अध्येतालाई कथाकार महेशविक्रम शाहको

साहित्यिक जीवन, लेखक बाँचेको युग, त्यस युगको भौतिक, सामाजिक पर्यावरण, लेखकको अनुभूति आदिलाई बुझ्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

तेस्रो परिच्छेदमा शाहका कथाहरुको चरणगत विश्लेषण गरी उनका कथा प्रवृत्तिहरुको परिचयात्मक विश्लेषण प्रस्तुत गरिएको छ । महेशविक्रम शाहको कथायात्रा तथा यिनको **अफ्रिकन अमिगो** कथा सङ्ग्रहका कथाहरुको वर्गीकरण एवं विश्लेषण गरिएको छ । शाहको कथायात्रालाई चरणगतरुपमा वर्गीकरण गरी यिनको लेखनधारा एवं प्रवृत्तिका बारेमा विश्लेषण गरिएको छ । कथाकार शाहका कथाहरुमा देखिएको स्वदेशी तथा विदेशी परिवेश, विषयवस्तु, घटना आदिको परिचयका साथै उनका कथा सङ्ग्रहहरुका विभिन्न कथाहरुमा देखिएको पश्चिमी पहाडी बस्ती, तराइ बस्तीहरु, सुदूरपश्चिमका केही क्षेत्रहरुलाई त्यहाँका विभिन्न जातजाति, व्यक्तिहरु, उनीहरुको गरिबी, संघर्षशील जीवन, अशिक्षित बोली आदिलाई कथाकारले आफ्ना कथामा प्रशस्त ठाउँ दिएको कुरालाई समेटिएको छ ।

चौंथो परिच्छेदमा विधातत्त्वका आधारमा **अफ्रिकन अमिगो** कथा सङ्ग्रहका कथाहरुको कृतिपरक अध्ययन गरिएको छ । कथाकार शाहले विदेशी भूमिमा गरिबी, सामाजिक विसङ्गति, युद्ध आदिका कारणले सन्त्रासपूर्ण जीवनयापन गरिरहेका पात्रहरु एवं स्वदेशी भूमिका उच्च, निम्न, शोषक र शोषित पात्रहरुका बिच द्वन्द्व सिर्जना गरी कथाको गतिलाई अगाडि बढाएको देखिन्छ । कथाका अधिकांश उच्च वर्गीय पात्रहरु प्रतिकूल प्रवृत्ति र गतिहीन स्वभाव भएका छन् भने निम्न वर्गीय पात्रहरु गतिशील स्वभाव र अनुकूल प्रवृत्तिको आधिक्य रहेको छ । यस कथा सङ्ग्रहका पात्रहरुको लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता, स्थान र आर्थिक अवस्था आदि सबै आधारमा विविधखाले पात्रको प्रयोग भएकाले यिनका कथाहरु विविधतापूर्ण बन्न पुगेका छन् । नेपालको गाउँ, सहर, पहाड, तराइ आदि ठाउँको जीवनशैली, कला, चेतना, आर्थिक स्थिति, सामाजिक मनोवृत्ति आदिलाई उजागर गर्दै कथाकार शाहले समाजमा विद्यमान शोषण, दमन र अत्याचारको साथै सशस्त्र द्वन्द्वको प्रत्यक्ष, अप्रत्यक्ष मारलाई उजागर गरेका छन् । आन्तरिक एवं वाह्य दुबै परिवेशको प्रयोग गरेका शाहले आफ्नो यस सङ्ग्रहमा सबै पाठकले बुझ्नसक्ने भाषाशैलीको प्रयोग गरेका छन् । नेपालीमा बहुप्रचलित तत्सम, तद्भव र आगन्तुक शब्दको सटिक प्रयोगले विषयवस्तुमा सशक्तता उत्पन्न भएको छ । उद्देश्य विधानका दृष्टिबाट हेर्दा शाहका कथाहरु समाजमा विद्यमान शोषण, दमन र अत्याचारको साथै रुढि एवं परम्परित कुरीतिहरुबाट प्रभावित बनेका सामाजिक जीवनका व्यथालाई उजागर गर्न सक्षम बनेका छन् । **अफ्रिकन अमिगो** कथा सङ्ग्रहमा

सङ्ग्रहित १५ ओटै कथामा गरिबी, पछौटेपन र अशिक्षाले जीवनलाई प्रभावित गरिरहेको तथ्य कुनै न कुनै रुपमा प्रकट भएको  देखिन्छ ।

पाँचौं परिच्छेदमा शोधपत्रको उपसंहार राखिएको छ । कथाकार महेशविक्रम शाहलाई समग्र दृष्टिकोणबाट हेर्दा राष्ट्रसेवकको पेशा लिएर पनि नेपाली कथा साहित्यमा त्यत्तिकै सक्रिय भएका एक सशक्त साहित्यकारका रुपमा प्रस्तुत गर्न सकिन्छ । वर्तमान विसङ्गतिपूर्ण समाजमा सामाजिक विसङ्गतिबाट समाजले मुक्त हुन चाहेको युद्धको पीडा, गरिबीको मार एवं परम्परागत रुढिवादी चिन्तनले जीवनलाई कष्टकर बनाएको परिप्रेक्ष्यमा कथाकार शाहले जीवनका यी समस्याभित्र पसी तिनको कलात्मक उद्घाटन गरिदिनाले जीवनप्रतिको यथार्थ दृष्टिकोणको निर्माण हुन सहयोग पुगेको देखिन्छ । यिनको कथाकारिताले नेपाली कथाको इतिहासलाई अझ फराकिलो र व्यापक बनाउनमा ठुलो योगदान पुऱ्याएको छ ।

कथाकार शाहको कथा लेखनशैली मन छुने छ भने प्रस्तुतीकरण मौलिक छ । कथालाई वर्णनात्मक, प्रतिकात्मक, संवादात्मक एवं नाटकीय शैलीमा विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरी प्रस्तुत गरिएकाले थप सुमधुरता उत्पन्न गरेको छ । विभिन्न उखान टुक्काको प्रयोग, भाषाको प्रयोगमा सचेतता, पात्रहरुको उचित रखाइ र उचित स्थानमा उचित पात्रको प्रस्तुतीकरणले कथालाई सशक्त बनाएको देखिन्छ ।

### ५.३. शोधपत्रको समग्र निष्कर्ष

कथाकार शाहले आफ्नो यस **अफ्रिकन अमिगो** कथामा सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक विकृति र विसङ्गतिहरु, मनमा उत्पन्न भएका चाहनाले सिर्जना गरेको अन्तर्द्वन्द्व, नारीका विवशताहरुको मनोविश्लेषण, गरिबी र यसले उत्पन्न गरेको दुरावस्था मार्फत् समाजलाई यथार्थपरक आँखाले हेर्दै जीवनका मर्मलाई कलात्मक ढङ्गले अभिव्यक्त गरेका छन् । समाजमा विद्यमान रहेका रुढिवादी कुप्रथा र कुसंस्कृतिले ल्याएका समस्याहरुको समाजमा परेको प्रभावका विरुद्धमा सचेत र सजग गराउँदै समाजलाई यस्ता तत्वहरुको विरुद्धमा लाग्न सजग गराएका छन् । उच्च वर्गका व्यक्तिहरुको विकृत चारित्रिक स्वभावको उद्घाटन गर्दै उनीहरुका कारणबाट समाजले भोगेका समस्यालाई शाहका कथामा यथार्थ रुपमा चित्रण गरिएको छ । परम्परागत रुढि, अन्धविश्वास, विकृति र विसङ्गतिबाट आक्रान्त भएको समाजलाई यसबाट मुक्त राख्न सजग गर्दै समसामयिक विकृति र देशभित्र र बाहिरका मानवजातिले बाँच्ने र कर्तव्य निर्वाह गर्ने क्रममा गरेका

संघर्षहरु यिनका कथामा सजीव भएर आएका हुन्छन् । सजीव परिवेश र जिउँदाजाग्दा संवादहरुबाट पाठकलाई प्रभाव छोड्न सक्ने विशिष्ट कलाकारिता उनमा छ भन्न सकिन्छ ।

नेपाली साहित्यको क्षेत्रमा आफ्नो नाम सफलतापूर्वक अङ्कित गर्न सक्षम महेशविक्रम शाह आफ्ना रचनामार्फत् नेपाली कथामा जीवनका मूल्यहरुको कलात्मक सम्प्रेषण गरी आफूलाई एक सफल साहित्य स्रष्टाका रुपमा स्थापित गरेका छन् । सामाजिक यथार्थ, मानवीय जीवन दर्शन, नारी अधिकार, बालशिक्षा तथा मनोरञ्जन आदि विषयलाई सौन्दर्यतत्वले भरिपूर्ण बनाई कुतुहलमय ढङ्गले पाठकसामु प्रस्तुत गरेका छन् । शाहका कथाभित्र निहीत संरचनागत, विषयवस्तुगत एवं भाषिक बुनोटको कलाबाट नेपाली साहित्यमा यिनको सिर्जनाकर्म निकै महत्वपूर्ण बन्न गएको छ । यिनी जीवनका अन्य क्षेत्रमा त्यत्तिकै संलग्न रहेर पनि आफ्ना सिर्जनात्मक कार्यद्वारा साहित्य सेवामा निरन्तर लागिरहने एक सशक्त प्रतिभा हुन् । आधुनिक नेपाली कथा विधामा **अफ्रिकन अमिगो** कथा सङ्ग्रहका माध्यमबाट आफ्नो अलग पहिचार प्रस्तुत गर्न महेशविक्रा शाह सफल  छन् ।

## ५.४. शोध सारः

महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र अफ्रिकन अमिगो कथा सङ्ग्रहको कृतिपरक अध्ययन शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रमा कथाकार शाहका जीवनका विविध पक्षहरु केलाउँदै यिनको नेपाली कथा साहित्यमा रहेको योगदानबारे चर्चा एवं यिनको **अफ्रिकन अमिगो** कथा सङ्ग्रहको कृतिपरक अध्ययन प्रस्तुत गरिएको छ । सुदूरपशिचमजस्तो पिछडिएको क्षेत्रमा जन्मेर नेपालका वरिष्ठ कथाकारहरुको पंक्तिसम्मको साहित्यिक यात्रा सम्पन्न गर्दा कथाकार शाहको निकै श्रम र सिर्जनाकर्मप्रतिको उत्कट चाहनाले काम गरेको छ । **साहित्यको फूल सापकोटा** भन्ने कविता **हिमाली सौगात** पत्रिकामा प्रकाशित गरी साहित्ययात्रा आरम्भ गर्ने शाहले कहिल्यै पछाडि फर्केर हेरेनन्, निरन्तरको कथासाधनाको परिणाम स्वरुप नेपालकै सर्वाधिक प्रतिष्ठित मदन पुरस्कार प्राप्त गरिसकेपछि पनि अनवरत रुपले साहित्यायात्रा जारी राखेका छन् । यसबाट भावी पाठकले उनका नयाँ र रोचक सिर्जनाहरु प्राप्त गर्दै जाने बलियो सम्भावना छँदैछ ।

वि.सं. २०२२ भदौ १५ गते अछाम जिल्लाको कालीमाटीस्थित वैधनाथ गाविसमा पिता सुरतबहादुर शाह एवं माता विमला शाहका जेठो सन्तानका रुपमा जन्मिएका महेशविक्रम शाह नेपाली कथामा सशक्त हस्ताक्षरका रुपमा सुपरिचित छन् । सुखद रुपमा

वाल्यकाल बिताउँदै स्थानीय विद्यालयबाट प्राथमिक शिक्षा प्राप्त गरेका शाहले विद्यार्थी जीवनबाट नै विभिन्न अग्रज साहित्यकारबाट प्रेरित भई साहित्य यात्रा आरम्भ गरेका हुन् । यिनको व्यक्तित्व निर्माणमा समाजका जीवन भोगाइमा आउने विविध घटना, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, लेखक आफू बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक-सांस्कृतिक रुचि आदिले मुख्य भूमिका खेलेका छन् । पेशाको हिसाबले नेपाल प्रहरीमार्फत् राष्ट्रसेवाको पेशा लिएका भावुक, कर्तव्यपरायण, गहुँगोरो वर्ण, मझौलो कदका आकर्षक व्यक्तित्वका धनी शाहले समाजसेवामा पनि उत्तिकै जिम्मेवारी निर्वाह गरेका छन् ।

आफ्ना रचनामार्फत् जीवनका मूल्यहरुको कलात्मक सम्प्रेषण गरी प्रतिस्पर्धात्मक साहित्यिक युगमा आफूलाई सशक्त साहित्यिक स्रष्टाका रुपमा स्थापित गरेका महेशविक्रम शाहले नेपाली कथाका सफल कथाकारको श्रेणीमा आफूलाई सफलतापूर्वक उभ्याएका छन् । सामाजिक यथार्थ, मानवीय जीवन दर्शन, नारी अधिकार, बाल शिक्षा, मनोरञ्जन, युद्धको सन्त्रास, मनोवैज्ञानिकताजस्ता विषयलाई सौन्दर्य तत्वले ओतप्रोत तुल्याई कुतुहलमय ढङ्गले पाठकसमक्ष उनले प्रस्तुत गरेका छन् । कथाकार शाहको कथा लेखनशैली मन छुने खालको छ भने प्रस्तुतीकरण मौलिक छ । कथालाई वर्णनात्मक, प्रतिकात्मक, संवादात्मक एवम् नाटकीय शैलीमा विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरी प्रस्तुत गरिएको छ । विभिन्न उखान टुक्काको प्रयोग, भाषाको प्रयोगमा सचेतता, पात्रहरुको उचित रखाइ र उचित स्थानमा भएको उचित प्रस्तुतीकरणले उनका कथाहरु थप सुमधुर बनेका छन् ।

कथाकार शाहका कथाहरुले देशको द्वन्द्वग्रस्त अवस्था, सामाजिक, धार्मिक, आर्थिक, राजनीतिक विसङ्गति र विकृतिहरु, मनमा चुलिएका चाहनाले उत्पन्न गरेको अन्तर्द्वन्द्व, नारीका विवशताहरुको मनोविश्लेषण, गरिबी र यसले निम्त्याएको दुरावस्था मार्फत् समाजलाई यथार्थपरक आँखाले हेर्ने शाहका कथाले जीवनका मर्मलाई कलात्मक ढङ्गले अभिव्यक्त गर्दछन् । देशभित्र र बाहिरका मानव जातिले बाँच्ने र कर्तव्य निर्वाह गर्ने क्रममा गरेका सङ्घर्षहरु उनका कथामा सजीव भएर आएका छन् । सजीव परिवेश र जिउँदा जाग्दा संवादहरुबाट पाठकलाई प्रभाव छोड्न सक्ने अनौठो कलाकारिता उनमा रहेको छ । समय र संस्कृतिको पदचिह्नलाई समातेर बाँचेका शाहका कथाहरु समाजका जीवन्त शब्दचित्र हुन् ।

**अफ्रिकन अमिगो** कथा सङ्ग्रहको पहिलो कथा 'अफ्रिकन अमिगो' कथाकारले विदेशी भूमिमा भोगेको यर्थाथवादी कथा हो । युद्धको सन्त्रासमय वातावरणमा बाँचेको

इरिकसँगको भेटघाट, उसको पारिवारिक अवस्था र जीवन भोगाइलाई कथाको मुख्य आधार बनाइएको छ । कथाको समस्या अन्त्यसम्म जस्ताको तस्तै रहे पनि इरिकले रेष्टुरेन्टको काम छाडी मजदुरी गर्न लागेकाले कथा साम्यावस्थामा विकसित भएको देखिन्छ ।

दोस्रो कथा 'यात्राहरु जुन कहिल्यै टुङ्गिदैनन्'मा महाविऱ्या दाइको जीवनलाई यथार्थ ढङ्गले उतारिएको छ । हिमाली भेगमा जाडोको कारण कृषि उब्जाउ कम हुने र रोजगारीको अवसर पनि कमै मात्र उपलब्ध हुने हुँदा त्यहाँका निम्न वर्गीय परिवारको आम्दानीको स्रोत भरिया र मजदुरीमा आधारित रहेको र त्यसैमाथि मालिकको खप्की र विभिन्न षड्यन्त्रहरुको सिकार बन्नुपर्ने तितो वास्तविकता यस कथामा देखाइएको छ । यसैगरी तेस्रो कथा 'माघी' पश्चिम कैलाली क्षेत्रका अत्यन्त पिछडिएको थारु जातिको संस्कृतिलाई आधार मानी रचना गरिएको छ । भिखुवा र फिरिया त्यस भेगका आर्थिक कमजोरीले थलिएका प्रतिनिधि पात्र हुन् । थारुहरुको प्रमुख पर्व माघी उत्साह र उमङ्गका साथ मनाउने रहर हुनु तर आर्थिक अभावका कारण अरुले माघी मनाएको टुलुटुलु हेरिरहनु तिनीहरुको जीवन भोगाइको वास्तविकता बन्न पुगेको छ ।

चौंथो कथा 'चियाइरहेका सपनाहरु' एउटा आमाबाबुको पहिचान नखुलेको ठिटोको करुण जीवन एवम् मानसिक उथलपुथललाई प्रस्तुत गर्ने यथार्थवादी कथा हो । किशोरावस्थामा पुगेपछि उसभित्र प्रेमको अङ्कुर पलाएको र प्रेम समर्पण गर्नका निम्ति नजिकैको भव्य महलमा बस्ने केटीलाई मुग्ध आँखाले हेर्दै गर्दा केटीले पनि आफूतिर हेरेको भन्ठानेपछि उसभित्र अनेक सपनाहरु पैदा हुन थाल्छन् तर ती सपनाले साकार रुप भने ग्रहण गर्न पाउँदैनन् । यस्तै यस कथा सङ्ग्रहको पाँचौं कथा 'चिहान'मा विदेशी पृष्ठभूमि र विदेशी चरित्रको प्रयोग गरिएको छ । पवित्र चर्चका अगाडि आफ्नो समाधि बनाउनका निम्ति मरिहत्ते गर्ने विदेशीहरुमध्ये जेम्स पनि एक हो । ऊ जुनसुकै मूल्यमा पनि पवित्र चर्चका अगाडि आफ्नो समाधि बनाउन चाहन्छ । यस कार्यमा वाधा बन्ने पाँच जना व्यक्तिको हत्यासमेत गर्न पुगेको जेम्सलाई मानसिक विक्षिप्ततामा पुगेको पात्रका रुपमा उभ्याइएको छ । यसैगरी छैठौं कथा 'मेरी पाटु'मा म पात्रले आफ्नो बालसखा पाटुसँग बिताएको बाल्यकालका सुखद क्षणको संस्मरण प्रस्तुत गरिएको छ । म पात्र स्कूले विद्यार्थी हुँदा आफ्नो मन मिल्ने साथी पाटुसँग घर-आँगन, गोठ, वन-जङ्गल चहार्दै बाल्यकालीन अवस्था पार गरी युवावस्थामा पुग्दै गर्दा अचानक पाटुको धनाढ्य केटासँग विवाह भइ भित्रभित्रै पाटुलाई प्रेम गर्न थालेको म पात्र मर्माहत बन्न पुगेको कथालाई समेटिएको छ ।

यस कथा सङ्ग्रहको सातौं कथा 'किमधाराको खर्क' कथाकार शाहको आफ्नै बाल्यकालीन दु:खद दिनचर्यालाई समावेश गरी लेखिएको कथा हो । म पात्रले बाल्यकालमा बिताएका दु:खद क्षणहरु निकै कारुणिक रहेका छन् । एक मुठी चामलको भात खाने सपना देख्नु र त्यो पनि पूरा नहुनु म पात्रको जीवनको निकै त्रासद अवस्था हो । यस्तै आठौं कथा 'पुनरागमन' सामाजिक वर्गीय भेदभावलाई आधार मानेर तयार गरिएको यथार्थवादी कथा हो । सर्पे वादीकी श्रीमती सुवा वादीमाथि इन्द्रजितको कामुक दृष्टि पर्नु र सुवा वादीलाई यसबाट मुक्त हुने कुनै उपाय नसुझ्नु कथाको निकै ठूलो जटिलता हो । यसबाट वर्गीय शोषणको पञ्जाबाट उम्किन निम्न वर्गीय व्यक्तिलाई कति गाह्रो छ भन्ने यथार्थ झल्किएको छ । यस कथा सङ्ग्रहको नवौं कथा 'सरजु लाला'मा भारतीय नागरिक सरजु लाला नेपाल र नेपालीप्रतिको गहिरो माया बोक्ने आदर्श पात्रको प्रयोग गरिएको छ । पसलेको रुपमा देखिएको सरजु लालाले सम्पूर्ण गाउँलेहरुको भलाइका निम्ति काम गरिरहेको र उसको व्यवहार पनि सबैप्रति सम्मानपूर्ण एवं मिलनसार रहेको हुँदाहुँदै केही विकृत मानसिकताका व्यक्तिहरुको भनाइमा लागेर गाउँलेहरुले नै उसमाथि आक्रमण गर्नु र सरजु लाला पलायन हुनु कथाको मुख्य घटना बनेको छ । यसले मानवीयता एवं सह्रदयतालाई आत्मसात गर्न नसक्नुलाई नेपाली गाउँलेहरुको कमजोरीका रुपमा चित्रण गरिएको छ ।

दशौं कथा 'मृगतृष्णा'मा नारीका पीडादायी अवस्थाको कारुणिक र मार्मिक चित्र कोरिएको छ । विदेशी पात्र टेरेजाले म पात्र समक्ष प्रेम प्रस्ताव राख्नु र म पात्रले उक्त प्रस्तावलाई अस्वीकार गर्नुजस्ता घटनाले कथालाई कौतुहलपूर्ण बनाएका छन् । यसैगरी कथा सङ्ग्रहभित्रकै एघारौं कथा 'प्रकृति र मान्छे' कथामा प्राकृतिक जीवनशैली त्यागी कृत्रिम जीवनशैलीलाई अपनाउने व्यक्तिहरुलाई बलियो व्यङ्ग्य हानिएको छ । 'फागुको रङ्ग' कथामा तराइको थारु संस्कृतिमा त्यस समुदायका युवायुवतीहरुमा हरेक वर्ष फागुले ल्याउने वैवाहिक उथलपुथलको चित्र समेटिएको छ । समाजको कुरीतिका रुपमा रहेको देवर-भाउजू विवाह र त्यसबाट उत्पन्न हुने अप्राकृतिक सम्बन्धलाई समस्याका रुपमा देखाइएको छ । कथा सङ्ग्रहको तेह्रौं कथा 'गाउँमा हलचल'मा विकासको पूर्वाधारले छुन नसकेको नेपालको पश्चिम पहाडी ग्रामीण बस्तीमा आफ्नो भविष्यको सुनौला सपना देख्ने गाउँलेहरुको गतिविधिलाई कथाको आधार बनाइएको छ । सेनाको ब्यारेक गाउँमा बसेपछि आ-आफ्नो व्यापार फस्टाउने सपना देख्दै सुखद भविष्यको आश गरेका गाउँलेहरु पछिल्लै दिन सेनाको ब्यारेक उठीकसेपछि निराश बन्न थालेको अवस्थालाई कथामा देखाइएको छ ।

यस कथा सङ्ग्रहको चौधौं कथा 'चरकी' गरिबीको मारमा परी जीवन बिताइरहेका तराइको निम्न वर्गीय जीवन भोगाइलाई देखाउने यथार्थवादी कथा हो । छोरीको बिहेका निम्ति दाइजोको जोहो गर्न नसकेका आमाबाबु र दाइजोको अभावमा सोचेको जीवनसाथी भेट्न नसकेकी युवतीको अन्तर्व्यथालाई कथाले कारुणिक प्रस्तुति दिएको छ । निम्नवर्गीय जीवनको शून्यता, पीडा र समस्याहरुलाई यथार्थपरक ढङ्गले यस कथामा अभिव्यक्ति दिइएको छ । यस्तै कथा सङ्ग्रहको अन्तिम कथा 'चोखाउनी'मा पश्चिम नेपालको थारु संस्कृति र त्यहाँ विद्यमान रहेको चोखाउनी प्रथालाई विकृतिका रुपमा कथामा समावेश गरिएको छ । श्रीमतीसित परपुरुषको सम्पर्क थाहा भएपछि चोखाउनीका रुपमा उससित पैसा असुल गरी गाउँभरिलाई भोज खुवाई चोखाउनी वा शुद्धिकरण गरी पुनः अपनाउने प्रथालाई सामाजिक विकृतिका रुपमा देखाइएको छ ।

कथाकार महेशविक्रम शाहको **अफ्रिकन अमिगो** कथा सङ्ग्रहका १५ ओटा कथाहरु सबैजसो आदि, मध्य र अन्त्यको आङ्गिक संरचनाबाट पूर्ण रहेका छन् । केही कथाहरुको सन्दर्भक्रम टुटेर व्यक्तिक्रमिक बने पनि बहुसंख्यक कथाहरु रैखिक ढाँचामा विकसित भएका छन् । कथानकको स्रोतको आधारमा सबभन्दा बढी कथाहरु यथार्थ स्रोतबाट निर्मित भएका छन् भने केही सीमित कथाहरुमा स्वैरकल्पनालाई पनि भित्र्याएको पाइन्छ । **अफ्रिकन अमिगो**को कथाहरुको आयामलाई हेर्दा लघुत्तर, मध्यम र केही अल्ली लामा रहेका छन् ।

पात्रचयन र चरित्र चित्रणका दृष्टिबाट हेर्दा उनका अधिकांश कथाहरुमा थोरै पात्रहरु रहेका भए पनि केही कथाहरुमा पात्रहरुको उल्लेखनीय संख्या पनि रहेको छ । मूल रुपमा उच्च र निम्न, शोषक र शोषित तथा शासक र शासित पात्रहरुको बीचमा द्वन्द्व सिर्जना गरी कथालाई अगाडि बढाइएको पाइन्छ । अधिकांश उच्च वर्गीय पात्रहरु प्रतिकूल प्रवृत्ति र गतिहीन स्वभावका छन् भने निम्न वर्गीय पात्रहरु अनुकूल प्रवृत्ति र गतिशील स्वभावका पाइन्छन् । चरित्र चित्रणमा लिङ्ग, कार्य प्रवृत्ति, स्वभाव, जीवन चेतना र आर्थिक अवस्थाको आधारमा सबै खाले चरित्रहरुको प्रयोग भएको छ । कार्यपीठिकाको दृष्टिले विश्लेषण गर्दा पूर्वस्मृतिको रुपमा युद्धग्रस्त देश मोजाम्बिक, हाइटी आदि देश आए पनि अधिकांश कथाहरुको कार्यपीठिका नेपालकै गाउँ, शहर र पहाड रहेका छन् । कथामा आन्तरिक र वाह्य दुबै खाले परिवेशको प्रयोग भएको पाइन्छ । भाषाशैलीका आधारमा शाहका कथा सरल, सहज र सरस छन् । सबै पाठकले बुझ्न सक्ने भाषाशैलीको प्रयोग कथाहरुमा भएको पाइन्छ । उद्देश्यविधानको दृष्टिले हेर्दा शाहका कथाहरु समाजमा विद्यमान शोषण, दमन र अत्याचारको साथै सशस्त्र द्वन्द्वको प्रत्यक्ष अप्रत्यक्ष मारलाई

बुलन्द पार्नु उनका कथाको मुख्य विषयवस्तु रहेको पाइन्छ । स्वदेशमा होस् वा विदेशमा सर्वत्र विद्यान युद्धले पारेको प्रभाव र त्यसले ल्याएको समस्यालाई मुख्य विषयवस्तु बनाएका छन् । कथाकार महेशविक्रम शाहलाई सबै दृष्टिकोणबाट अध्ययन गर्दा पेशाले उनी राष्ट्रसेवक भए पनि यिनको साधनालाई हेर्दा प्रसिद्ध साहित्यकार गोविन्दबहादुर मल्ल गोठालेले भनेझैं 'एक युग हाँक्ने कथाकार हुन्' भन्ने कुरा चरितार्थ हुन आएको छ । कथा विधामा मात्र अहोरात्र खटेका कथाकार शाह समकालीन नेपाली कथा साहित्यका सशक्त प्रतिभा हुन् । नेपाली कथा साहित्यको इतिहासलाई अझ फराकिलो र व्यापक बनाउनमा उनका कथाहरुले धेरै ठूलो योगदान पुऱ्याएको पाइन्छ । नेपाली कथा साहित्यको इतिहासमा नयाँ मोड दिने युद्धकथा र सङ्क्रमणकालीन कथा लेखेर उनी निकै चर्चामा आएका छन् । यी सबै कुराले कथाकार शाह पछिल्लो समयका सशक्त कथाकार बन्न पुगेका छन् ।

नेपाली साहित्यको क्षेत्रमा आफ्नो नाम सफलतापूर्वक अङ्कित गर्न सक्षम महेशविक्रम शाह आफ्ना रचनामार्फत् नेपाली कथामा जीवनका मूल्यहरुको कलात्मक सम्प्रेषण गरी आफूलाई एक सफल साहित्य स्रष्टाका रुपमा स्थापित गरेका छन् । सामाजिक यथार्थ, मानवीय जीवन दर्शन, नारी अधिकार, बालशिक्षा तथा मनोरञ्जन आदि विषयलाई सौन्दर्यतत्वले भरिपूर्ण बनाई कुतुहलमय ढङ्गले पाठकसामु प्रस्तुत गरेका छन् । शाहका कथाभित्र निहीत संरचनागत, विषयवस्तुगत एवं भाषिक बुनोटको कलाबाट नेपाली साहित्यमा यिनको सिर्जनाकर्म निकै महत्वपूर्ण बन्न गएको छ । यिनी जीवनका अन्य क्षेत्रमा त्यत्तिकै संलग्न रहेर पनि आफ्ना सिर्जनात्मक कार्यद्वारा साहित्य सेवामा निरन्तर लागिरहने एक सशक्त प्रतिभा हुन् । आधुनिक नेपाली कथा विधामा **अफ्रिकन अमिगो** कथा सङ्ग्रहका माध्यमबाट आफ्नो अलग पहिचार प्रस्तुत गर्न महेशविक्रा शाह सफल छन् ।

# सन्दर्भग्रन्थ सूची

## नेपाली पुस्तक सूची


१. कुँवर, उत्तम (२०५१) **स्रष्टा र साहित्य,** ललितपुर, साझा प्रकाशन ।

२. चापागाईं, नरेन्द्र (२०३३), **उपन्यासशिल्प र विश्लेषण**, विराटनगर, जानुका प्रकाशन ।

३. श्रेष्ठ, ईश्वरकुमार (२०५८), **पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना**, ललितपुर, साझा प्रकाशन ।

४. शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना, सिद्धान्त र प्रयोग**, काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान ।

५. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुईंटेल (२०६३), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** दोस्रो संस्करण, भोटाहिटी काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

६. --------------- (२०६२), **शोधविधि**, तेस्रो संस्करण, ललितपुर, साझा प्रकाशन ।

७. शाह, महेशविक्रम (२०६०), **अफ्रिकन अमिगो,** कमलादी, काठमाडौं, बगर फाउण्डेसन ।

८. --------------- (२०६५), **काठमाडौंमा कामरेड**, काठमाडौं, समग्र प्रकाशन प्रा.लि. ।

९. --------------- (२०६६), **छापामारको छोरो**, छैठौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

१०.---------------- (२०५३), **सटाहा**, अनुराग प्रकाशन ।

११. ----------------- (२०५९) **सिपाहीकी स्वास्नी,** काठमाडौं, बगर फाउण्डेशन ।


## शोधग्रन्थ सूची


१२. आचार्य, युवती (२०६७) **छपामारको छोरो कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

१३. पराजुली, थानेश्वर (२०६३) **छापामारको छोरो कथा सङ्ग्रहमा द्वन्द्व पक्षको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस ।

१४. पौडेल, नवराज (२०६५), **छापामारको छोरो कथा सङ्ग्रहको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्नराज्य लक्ष्मी क्याम्पस, काठामाडौं ।

१५. भण्डारी, नारायणदत्त (२०६५) **छापामारको छोरो कथा सङ्ग्रहमा भाषिक विचलन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस ।

१६. शाह, हरिजंग (२०६७), **महेशविक्रम शाहको कथाकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. केन्द्रीय नेपाली विभाग ।

**पत्रपत्रिका सूची**

१७. अनमोलमणि (२०६४), **फ्युजन कथाकार सौगात,** (१२:२५८ पृष्ठ ख) ।

१८. आले, कुमार (२०६४) **छापामारको छोरो लेख्ने प्रहरी**, **कान्तिपुर दैनिक**, (१५:२६६) पृष्ठ १६ ।

१९. गैरे, सागर (२०६१), **महेशविक्रमको अफ्रिकन अमिगो**, नेपालगञ्ज, **नेपाल एक्सप्रेस**, १५ फागुन, २०६१ ।

२०. गौतम, लक्ष्मणप्रसाद (२०५९), **नेपाली कथामा उत्तरचेतना, समकालीन साहित्य**, काठमाडौं, वर्षः १२, पूर्णाङ्क : ४१, नेपाल प्रज्ञा प्रतिष्ठान ।

२१. नयाँघरे, युवराज (२०५९), **सिपाहीकी स्वास्नीमा समयको विष्फोट**, **जनभावना साप्ताहिक**, (२१:६) पृष्ठ ७-८ ।

२२. पाण्डे, नयनराज, **महेशले ल्याए काठमाडौंमा कामरेड, अन्नपूर्ण पोष्ट,** वर्ष ७, अङ्क (२३०) ।

२३. भट्टराई, देवेन्द्र (२०६१), **सिपाहीका कथाहरु, कोसेली** (१३:५१), पृष्ठ ख ।

२४. मल्ल, गोविन्दबहादुर गोठाले (२०६३), **अर्को जन्ममा पनि लेखक नै बन्न पाइयोस्, शारदा** (१:१) ।

# परिशिष्ट

१. महेशविक्रम शाहको **अफ्रिकन अमिगो** कथा सङ्ग्रहको भावी शोधको सम्भावनाका शीर्षकहरु:

- महेशविक्रम शाहको **अफ्रिकन अमिगो कथाको समाज शास्त्रीय अध्ययन**
- **अफ्रिकन अमिगो** कथा सङ्ग्रहमा आञ्चलिकता
- **अफ्रिकन अमिगो** कथा सङ्ग्रहको भाषाशैलीको अध्ययन